# सामुदायिक माध्यमिक विद्यालय कार्यसम्पादन परीक्षण २०७५/७६

## समष्टिगत प्रतिवेदन, २०७७

*(A Wholistic Report on Performance Audit of Community Secondary Schools, 2020)*




नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शैक्षिक गुणस्तर परीक्षण केन्द्र**
सानोठिमी, भक्तपुर

# सामुदायिक माध्यमिक विद्यालय कार्यसम्पादन परीक्षण, २०७५/०७६

## समष्टिगत प्रतिवेदन, २०७७

***(A Wholistic Report on Performance Audit of Community Secondary Schools, 2020)***





नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**शैक्षिक गुणस्तर परीक्षण केन्द्र**

सानोठिमी, भक्तपुर

फोन नं : ०१-६६३२११६, ०१-६६३४३६२

फ्याक्स : ०१-६६३२११६

वेबसाइटः www.ero.gov.np, इमेलः eronasa@gmail.com

# सामुदायिक माध्यमिक विद्यालय कार्यसम्पादन परीक्षण, २०७५/०७६ को समष्टिगत प्रतिवेदन, २०७७

*(A Wholistic Report on Performance Audit of Community Secondary Schools, 2020)*

**प्रकाशक :**

## शैक्षिक गुणस्तर परीक्षण केन्द्र, सानोठिमी, भक्तपुर

## (Education Review Office, Sanothimi Bhaktapur)

**(सामुदायिक माध्यमिक विद्यालयहरूको कार्यसम्पादन परीक्षण २०७५/०७६ को यो प्राविधिक प्रतिवेदन परामर्शदाता संस्था शैक्षिक प्रवर्द्धन तथा अनुसन्धान केन्द्रको परामर्श सेवामा तयार गरिएको हो।)**

**© प्रकाशकमा**

**फोन नं.:** ०१-६६३१२८८, ०१-६६३६५१८

**फ्याक्सः** ०१-६६३१२८०

**वेवसाइटः** www.ero.gov.np

**इमेलः** eronasa@gmail.com

# प्राक्कथन

राष्ट्रको शैक्षिक गुणस्तर अभिवृद्धिको अभियानलाई मूर्त रूप दिन यसलाई कार्य रूपमा उतार्ने निकायहरूको कार्य सम्पादन परीक्षण गर्ने कार्य एक चुनौतीपूर्ण, जटिल र निरन्तर प्रक्रिया हो । शिक्षाको क्षेत्रमा काम गर्ने निकायहरूको उपलब्धिलाई सुधार गर्नका लागि तत् तत् निकायहरूले आफ्नो कार्य सम्पादन स्तर कस्तो रहेको छ, सो बारे जानकार भई आगामी गन्तव्यको खोजी गर्न आवश्यक छ । यस कार्यमा सहयोग पुऱ्याउनका लागि नेपाल सरकारले वि.सं. २०६६ मा शिक्षा मन्त्रालयअन्तर्गत शैक्षिक गुणस्तर परीक्षण केन्द्रको अस्थायी संरचना स्वीकृत गरी कार्य आरम्भ गरिएकोमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गतका निकायहरूको पुनर्संरचना हुने क्रममा वि.सं. २०७५ मा स्वीकृत दरबन्दीसहित विभागीयस्तरको केन्द्रीय निकायको रूपमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रको पुनर्संरचना गरिएको छ ।

स्थापना कालबाट नै यस केन्द्रले विद्यार्थी सिकाइ उपलब्धिको वास्तविक अवस्थाको पहिचान तथा शैक्षिक निकायहरूको कार्य सम्पादन परीक्षण गर्ने जस्ता क्रियाकलापहरू सञ्चालन गर्दै आएको छ । यसका लागि केन्द्रले प्रचलित ऐन, नियम, विधि र प्रक्रियाअनुसार खुला प्रतिस्पधाको आधारमा योग्यतम व्यक्ति, संस्था वा कम्पनीहरूमार्फत विशिष्ट तथा स्तरीय शैक्षिक सूचकहरूको प्रयोग गरी सम्बन्धित निकाय तथा विद्यालयहरूको कार्य सम्पादन परीक्षण तथा उपलब्धि परीक्षण गर्ने गराउने गरेको छ । शिक्षा क्षेत्रको अनुभव भएका शिक्षक/कर्मचारी/विज्ञ/विशेषज्ञ तथा सरोकारवालाहरुबाट सुझाव सङ्कलन गर्ने र सोको आधारमा आवश्यक परिमार्जन गरी सूचकहरूको विकास र परिमार्जन गरिन्छ । यसरी विकास गरिएका सूचकका आधारमा सम्बन्धित परीक्षक निर्धारित कार्य क्षेत्रमा खटिई बहुस्रोतयुक्त प्रमाणका आधारमा कार्यसम्पादनस्तरको परीक्षण हुने गरेको छ । प्रस्तुत प्रतिवेदन आर्थिक वर्ष २०७५/२०७६ मा १३ जिल्ला (**अछाम, दार्चुला, हुम्ला, रोल्पा, रुपन्देही, गोरखा, मुस्ताङ, रामेछाप, ललितपुर, पर्सा, धनुषा, उदयपुर र ओखलढुङ्गा**) का ९९६ ओटा सामुदायिक माध्यमिक विद्यालयहरूको कार्य सम्पादन परीक्षणबाट प्राप्त सूचना तथा तथ्याङ्कका आधारमा तयार गरिएको छ ।

यो प्रतिवेदनमा सम्बन्धित जिल्लाका विद्यालयहरूको कार्य सम्पादनस्तरको सूचकगत औसत अवस्था प्रस्तुत गरिएको छ । जिल्ला भित्रका प्रत्येक विद्यालयहरूको कार्य सम्पादन स्तरको स्थानीय तहगत तुलनात्मक अवस्थासमेत प्रस्तुत गरिएको छ । ती सूचकहरूले देखाएको प्रवृत्तिको प्रस्तुतिबाट जिल्ला र सम्बन्धित स्थानीय तहलाई विद्यालयहरूको समग्र कार्य सम्पादन स्तरको बारेमा अनुमान गर्न सहज भई शैक्षिक क्षेत्रको सुधार र अरू प्रगतिका लागि दूरदृष्टि तय गरी अगामी योजना निर्माण र कार्यान्वयन गर्दा कुन कुन पक्षहरूमा बढी केन्द्रित हुनुपर्ला भनी दिशा निर्देश गर्न सक्नेछ भन्ने आशा गरिएको छ ।

अन्तमा, यस परीक्षणमा सहभागी हुने विद्यालय तथा अभिभावकहरूलगायत कार्य क्षेत्रमा नै खटेर यथार्थ सूचना ल्याउन, सूचनाको सही विश्लेषण गर्न र प्रतिवेदनलाई यो रूपमा ल्याउन विभिन्न क्षेत्रबाट योगदान पुऱ्याउनु हुने सम्पूर्ण महानुभावहरू धन्यवादका पात्र हुनुहुन्छ । आगामी दिनमा परीक्षण प्रक्रिया र प्रतिवेदनमा सुधारका लागि सृजनात्मक पृष्ठपोषण प्राप्त हुने अपेक्षा गर्दछु ।

**इमनारायण श्रेष्ठ**
महानिर्देशक
शैक्षिक गुणस्तर परीक्षण केन्द्र

# विषय सूची


सारांश (Summary) ..... १
विधि ..... १
प्रमुख नतिजाहरू ..... २
सुझावहरू ..... ४

**खण्ड १ : परिचय** ..... ७
१.१ पृष्ठभूमि ..... ७
१.२ कार्यसम्पादन परीक्षणको उद्देश्य ..... ८
१.३ विगतका अभ्यास ..... ९
१.४ कार्यसम्पादन परीक्षण प्रतिवेदनको ढाँचा ..... ११

**खण्ड २ : कार्यसम्पादन परीक्षणको सैद्धान्तिक आधार र प्रक्रिया** ..... १३
२. कार्यसम्पादन परीक्षणको सैद्धान्तिक आधार ..... १३
२.१ विद्यालय कार्यसम्पादन परीक्षणको सैद्धान्तिक अवधारणा ..... १३
२.१.१ मितव्ययिता ..... १३
२. १.२ कार्यकुशलता ..... १३
२.१.३ प्रभावकारिता ..... १४
२.१.४ विद्यालय कार्यसम्पादन परीक्षणका क्षेत्र तथा उपक्षेत्र तथा प्रक्रिया ..... १६
२. १.५ विद्यालय कार्यसम्पादन परीक्षणका क्षेत्र तथा उपक्षेत्रका आधारमा स्तर निर्धारण ..... १८
२.१.६ विद्यालय कार्यसम्पादन परीक्षणका विधि र प्रक्रिया ..... २१
२. १.७ परीक्षण पूर्वको चरण (Pre- Audit Phase) ..... २२
२.१.८ परीक्षण चरण (Auditing Phase) ..... २३
२.१.९ परीक्षण पश्चात्को चरण (Post Auditing Phase): ..... २३

**खण्ड ३ : विद्यालय कार्यसम्पादन परीक्षण नतिजाको विश्लेषण** ..... २४
३.१ परिचय ..... २४
३.२ कार्यसम्पादन परीक्षणको समग्र औसत नतिजा ..... २४
३.३ विद्यालयको समग्र स्तर ..... २६
३.४ विद्यालयको लगानी क्षेत्र समग्र स्तर ..... २८
३.५ विद्यालयहरूको प्रक्रिया क्षेत्रमा समग्र स्तरः ..... २८
३.६ विद्यालयहरूको उपलब्धि क्षेत्रमा समग्र स्तर ..... २९
३.७ विद्यालयहरूको सेवा प्रदान गरिएका विद्यार्थी सङ्ख्याका आधारमा स्तर ..... ३०
३.८ जिल्लागत विद्यालयहरूको समग्रको तुलना ..... ३१
३.९ जिल्लागत रूपमा पालिकाहरूको समग्र कार्यसम्पादन प्राप्ताङ्कको क्रम ..... ३२
३.१० कर्णाली प्रदेशका छनोट भएका जिल्लाभित्र रहेका स्थानीय तहको विद्यालयको स्तर र उपलब्धिको क्रम . ३३

३.११ प्रदेश ५ का छनोट भएका जिल्लाभित्र रहेका स्थानीय तहको स्तर र उपलब्धिको क्रम ........................ ३४
३.१२ गण्डकी प्रदेशका छनोट भएका जिल्लाभित्र रहेका स्थानीय तहको स्तर र उपलब्धिको क्रम................... ३६
३.१३ वागमती प्रदेशका छनोट भएका जिल्लाभित्र रहेका स्थानीय तहका विद्यालयको स्तर र उपलब्धिको क्रम . ३७
३.१४ प्रदेश २ का छनोट भएका जिल्लाभित्र रहेका स्थानीय तहको स्तर र उपलब्धिको क्रम ......................... ३८
३.१५ प्रदेश १ का छनोट भएका जिल्लाभित्र रहेका स्थानीय तहविद्यालयको स्तर र उपलब्धिको क्रम ............ ३९

**खण्ड ४ : विद्यालय कार्यसम्पादन परीक्षण नतिजा (Findings), उपादेयता (Implications), प्रतिविम्बन (Reflection)** र सुझावहरू ........................................ ४१
४.१ नतिजा, उपादेयता, प्रतिविम्बन र सुझावहरू ........................................ ४१
४.२ प्रमुख नतिजाहरू (Findings)........................................ ४१
४.३ विद्यालय कार्यसम्पादन परीक्षणको उपादेयता (Implications) ........................................ ४३
४.४ विश्लेषणबाट प्रतिविम्बन (Reflection)........................................ ४७
४.५ सुझावहरू ........................................ ४८

A Summary of the Wholistic Report on Performance Audit of Community Secondary Schools of Nepal, 2020 ........................................ ५१
सन्दर्भ सामग्री ........................................ ५८

## तालिकाहरू

तालिका १.३ क : २०७५/७६ सम्म कार्यसम्पादन परीक्षण सम्पन्न भएका विद्यालय र निकायहरूको सङ्ख्या........................................ १०
तालिका १.३ ख : २०७५/०७६ मा कार्यसम्पादन परीक्षण गरिएका सामुदायिक माध्यमिक विद्यालयहरूको सङ्ख्यात्मक विवरण ........................................ ११
तालिका नं. २.१.४ : विद्यालय कार्यसम्पादन परीक्षणका क्षेत्र, उपक्षेत्र र प्रक्रिया ........................................ १६
तालिका नं. २.१.५ क : विद्यालय कार्यसम्पादन परीक्षणका क्षेत्र तथा उपक्षेत्रका आधारमा स्तर निर्धारण .......... १९
तालिका नं. २.१.५ ख : सेवा प्रदान गरिएका विद्यार्थी सङ्ख्याका आधारमा विद्यालयको स्तर निर्धारण गर्ने आधार २१
तालिका नं. २.१.५ ग : कार्यसम्पादन परीक्षणमा समावेश भएका विद्यालयको अङ्क गणना गर्ने तरिका .......... २१
तालिका नं. २.१.५ घ : विद्यालयको स्तर निर्धारणको आधार ........................................ २१
तालिका नं ३.२ : कार्यसम्पादन परीक्षणको क्षेत्र र उपक्षेत्रगत नतिजा विवरण ........................................ २५
तालिका ३.३ : सङ्ख्याको आधारमा विद्यालयहरूको समग्र अवस्था........................................ २६
तालिका ३.४ : विद्यालयहरूको कार्यसम्पादन परीक्षणमा लगानी क्षेत्रको समग्र नतिजा ...................... २८
तालिका ३.५ : विद्यालय कार्यसम्पादन परीक्षणमा प्रक्रिया क्षेत्रको समग्र अवस्थाः ........................... २९
तालिका ३.६ : विद्यालयहरूको कार्यसम्पादन परीक्षणमा उपलब्धि क्षेत्रको समग्र अवस्थाः ................ २९
तालिका ३.७: विद्यालयले सेवा प्रदान गरेको विद्यार्थी सङ्ख्याको आधारमा कार्यसम्पादन परीक्षणको अवस्थाः ........................................ ३०

तालिका ३.८ : जिल्लागत कार्यसम्पादन परीक्षण नतिजा ........................................................ ३१
तालिका ३.९ : सुदूर पश्चिम प्रदेशको छनोट भएका जिल्लाभित्र रहेका स्थानीय तहको विद्यालयको स्तर र उपलब्धिको क्रम ........................................................................... ३२
तालिका ३.१० : हुम्ला जिल्लाका स्थानीय तहहरूको विद्यालयको कार्यसम्पादन स्तरको क्रम .............. ३४
तालिका ३.११ : रूपन्देही र रोल्पा जिल्लाका स्थानीय तहहरूअन्तर्गतको विद्यालयको कार्यसम्पादन परीक्षण नतिजाको स्तर र क्रमः ......................................................................... ३४
तालिका ३.१२ : गोरखा र मुस्ताङ जिल्लाका स्थानीय तहहरूअन्तर्गतका विद्यालयको कार्यसम्पादन स्तर. ३६
तालिका ३.१३ : वागमती प्रदेशका दुई जिल्लाका स्थानीय तहका विद्यालयको कार्यसम्पादन नतिजा ...... ३७
तालिका ३.१४ : प्रदेश २ का दुई जिल्लाअन्तर्गत स्थानीय तहका विद्यालयको कार्यसम्पादन स्तर........... ३८
तालिका ३.१५ : प्रदेश १ का दुई जिल्लाको स्थानीय तहका विद्यालयको कार्यसम्पादन स्तर ................. ४०

## बृक्षरेखा

बृक्षरेखा नं. २. १.३ : विद्यालय कार्यसम्पादन परीक्षणको सैद्धान्तिक आधार ............................................. १५
वृक्षरेखा नं. २.१.६ : कार्यसम्पादन विधि र प्रक्रिया ........................................................................... २२

## चित्रहरू

चित्र ३.३ क : कार्यसम्पादन स्तरको तुलनात्मक प्रस्तुति (९९६ विद्यालय)................................................. २६
चित्र ३ .३ ख : लगानी, प्रक्रिया र उपलब्धिका आधारमा तुलनात्मक अवस्था ........................................... २७

# अनुसूचीहरू


अनुसूचीहरू : प्रदेश, जिल्ला, स्थानीय तह र विद्यालयगत कार्यसम्पादन नतिजा विवरण ................................ ५९

अनुसूची एक : सुदूर पश्चिम प्रदेश ................................ ५९
१ दार्चुला जिल्ला ................................ ५९
२ अछाम जिल्ला ................................ ६०

अनुसूची दुई : कर्णाली प्रदेश ................................ ६३
१ हुम्ला जिल्ला ................................ ६३

अनुसूची तीन : ५ नं. प्रदेश ................................ ६४
१ रोल्पा जिल्ला ................................ ६४
२ रूपन्देही जिल्ला ................................ ६५

अनुसूची चार : गण्डकी प्रदेश................................ ६९
१ गोरखा जिल्ला ................................ ६९
२ मुस्ताङ जिल्ला ................................ ७१

अनुसूची पाँच : वागमती प्रदेश ................................ ७२
१ रामेछाप जिल्ला ................................ ७२
२ ललितपुर जिल्ला ................................ ७४

अनुसूची छ : २ नं प्रदेश ................................ ७६
१ पर्सा जिल्ला ................................ ७६

अनुसूची सात : १ नं प्रदेश ................................ ८०
१ उदयपुर जिल्ला ................................ ८०
२ ओखलढुङ्गा जिल्ला ................................ ८२

# सारांश (Summary)

## परिचय

प्रचलित कानून तथा नीतिगत व्यवस्था, निर्धारित मानक र मापदण्डका आधारमा गुणस्तरीयता तथा जवाफदेहीता परीक्षण गर्ने कार्यसम्पादन परीक्षणको मूल मान्यता हो । नेपालमा शिक्षा ऐनमा गरिएको व्यवस्थाअनुसार स्वतन्त्र प्रकृतिको निकायको रूपमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रले विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण र शैक्षिक संस्थाहरूको कार्यसम्पादन परीक्षण, यी दुई काम गर्दै आएको छ । त्यसका अतिरिक्त ती विषय क्षेत्रमा अध्ययन अनुसन्धान पनि गर्ने गरेको छ । प्रमुख रूपमा परीक्षण र अनुसन्धानका नतिजालाई सुधारका लागि सार्वजनिक गर्ने र नीतिगत तहमा सुझाव पेश गर्ने काम यसले गर्दै आएको छ । केन्द्रले मितव्ययिता, कार्यकुशलता, प्रभावकारिता, पारदर्शिता, सहभागिता, निष्पक्षता र सन्तुष्टि जस्ता सिद्धान्त र मान्यतालाई प्रमुख आधार बनाएर परीक्षण गर्ने गरेको छ । शैक्षिक निकायको कार्यसम्पादन परीक्षणका उद्देश्यहरू निम्नानुसार निर्धारण गरिएको छ :

- तोकिएका शैक्षिक संस्थाहरूले निर्दिष्ट नीति तथा कार्यक्रमहरू, प्रचलित ऐन तथा नियमबमोजिम कार्यान्वयन गरे नगरेको सम्बन्धमा लेखाजोखा गर्ने ।
- शिक्षाको पहुँच, समता र गुणस्तर अभिवृद्धिका लागि शैक्षिक संस्थाहरूको कार्य प्रणालीको परीक्षण गरी कार्यसम्पादन स्तर प्रस्तुत गर्ने ।
- कार्यसम्पादन सुधारको क्षेत्रहरू पहिचान गर्ने ।
- विद्यालय तथा निकायहरूको कार्यसम्पादन सुधारका निमित्त नीतिगत पृष्ठपोषणका लागि प्रमाणमा आधारित सूचना तथा तथ्यहरू उपलब्ध गराउने ।
- उत्कृष्ट सेवाका लागि संस्थागत जवाफदेहिता सुनिश्चित गर्न सहयोग गर्ने ।

## विधि

उल्लेख गरिएअनुसारका सैद्धान्तिक पक्ष र कार्यसम्पादन परीक्षणका उद्देश्यका आधारमा शैक्षिक निकायहरूको कार्यसम्पादन परीक्षण ढाँचा तयार गरिएको छ । जसमा शैक्षिक निकायहरूको कार्यसम्पादन परीक्षणको विधि र प्रक्रिया निर्धारण गरिएको छ । त्यही ढाँचालाई आधार मानी विद्यालयहरूको कार्यसम्पादनका क्षेत्र, उपक्षेत्र र विषयक्षेत्र पहिचान गरिएको र तीनै विषयक्षेत्रका आधारमा परीक्षणका साधान विकास गरिएको छ । विद्यालयले स्वःमूल्याङ्कन गर्ने र सोका आधारमा गुणस्तर परीक्षण केन्द्रबाट बाह्य परीक्षण गर्ने मान्यताअनुसार परीक्षणको साधन उपलब्ध गराइएको छ । त्यसरी तयार गरिएका साधनमा मूल रूपमा लगानी, प्रक्रिया, उपलब्धि र विद्यार्थी सङ्ख्यालाई गरी प्रमुख चार विषयक्षेत्र निर्धारण गरिएको छ । लगानी अन्तर्गत विद्यालयको भौतिक पूर्वाधार, शिक्षक र समुदायको सहभागितासम्बन्धी सूचकहरू छन् । प्रक्रियामा कक्षा शिक्षण, विद्यार्थी मूल्याङ्कन, शिक्षकको पेसागत विकास, नेतृत्व र व्यवस्थापन र सह तथा अतिरिक्त क्रियाकलापसम्बन्धी सूचकहरू छन् । उपलब्धि सम्बद्ध सूचकहरूमा विद्यार्थीको विद्यालयमा नियमितता, विद्यालय छाड्ने र कक्षा दोहोर्‍याउने दर, विद्यार्थीको औसत सिकाइ उपलब्धि, सेवाग्राही सन्तुष्टि र शिक्षकको पेशागत सन्तुष्टि सम्बद्ध सूचकहरू छन् ।

लगानी तर्फ ८१ पूर्णाङ्कका २७ ओटा सूचक छन् । यस्तै प्रक्रियातर्फ १३८ पूर्णाङ्कका ४६ ओटा सूचक र उपलब्धितर्फका ४५ पूर्णाङ्कका १५ ओटा गरी कुल २६४ पूर्णाङ्कका ८८ ओटा सूचक समावेश छन् । प्रस्तुत २६४ पूर्णाङ्कलाई ९५ प्रतिशत र विद्यार्थी सङ्ख्याको एउटा सूचक कायम गरी ५ प्रतिशत गरेर १०० मा विद्यालयको कार्यसम्पादन परीक्षणको अङ्कन गर्ने व्यवस्था गरिएको छ । भारका दृष्टिले लगानी २५%, प्रक्रिया ३०% र उपलब्धिका लागि ४०% कायम गरिएको छ ।

यस परीक्षणको क्रममा सातओटै प्रदेशको प्रतिनिधित्व हुने गरी १३ जिल्लाको छनोट गरिएको थियो । परीक्षणपूर्व परीक्षकको अभिमुखीकरण तालिम गरी परीक्षणको लागि खटाइएको थियो । परीक्षकले विद्यालयको परीक्षण सम्पन्न गरिसकेपछि तयार भएको एकप्रति प्रतिवेदन विद्यालयमा, अर्कोप्रति सम्बन्धित स्थानीय पालिकामा र एकप्रति केन्द्रमा राख्ने व्यवस्था मिलाइएको थियो । त्यसरी प्राप्त परीक्षण भएका १३ जिल्लाका ९९६ सामुदायिक माध्यमिक विद्यालयहरूको कार्यसम्पादन परीक्षणको प्रतिवेदनका आधारमा यो प्रतिवेदन तयार गरिएको छ ।

## प्रमुख नतिजाहरू

- **कार्यसम्पादनको औसत प्राप्ताङ्क:** कार्यसम्पादनको औसत प्राप्ताङ्क आधारमा विश्लेषण गर्दा लगानी र प्रक्रियामा क्रमशः ५६ प्रतिशत र ५६.३ प्रतिशत पाइयो भने उपलब्धिमा ६०.४ प्रतिशत पाइएको छ । उपक्षेत्रगतरूपमा हेर्दा शिक्षकसम्बन्धी उपक्षेत्रमा सबैभन्दा बढी औसत प्रतिशत (६९.५) अङ्क देखिन्छ, जसअनुसार शिक्षकको योग्यता,शिक्षक विद्यार्थी अनुपात, लैङ्गिक पक्ष आदि पर्दछ । सबैभन्दा कमजोर उपक्षेत्रमा शिक्षकको पेशागत विकास देखिन्छ (३८.६%) । क्षेत्रगत उपक्षेत्रको अवस्था तुलना गर्दा लगानी अन्तर्गत गरिएको लगानी उत्कृष्ट देखिन्छ भने भौतिक व्यवस्थापन र समुदायिक सहभागिताको अवस्था झण्डै झण्डै उस्तै छ (क्रमशः: ५१.७ र ५०.६) । त्यसैगरी प्रक्रिया अन्तर्गत नेतृत्व र मूल्याङ्कनको अवस्था राम्रो देखिन्छ (६३.७) । उपलब्धिका उपक्षेत्रगत नतिजा भने आश्चर्यचकित पार्ने खालको छ । तथ्य-तथ्यङ्कका आधारमा विश्लेषण गरिएको विद्यार्थीको उपलब्त्रि (विभिन्न कक्षा र विषयको औसत अङ्क) निकै कम (५४.४) हुँदाहुँदै सेवाग्राही र शिक्षकको पेशागत सन्तुष्टि निकै राम्रो देखिएको छ (क्रमशः: ६७.४ र ६८.१) ।
- **विद्यालयहरूको समग्र नतिजा:** परीक्षण गरीएका एक हजार विद्यालयमध्ये विश्लेषण गर्न ग्राहय ९९६ विद्यालयहरूको परीक्षणबाट प्राप्त समग्र नतिजाअनुसार ४० प्रतिशतभन्दा कम नतिजा प्राप्त गर्ने विद्यालय कमजोर विद्यालय हो । सोहीअनुसार ४० देखि ७० सामान्य, ७० देखि ९० मध्यम र ९०–१०० प्रतिशत प्राप्त गर्ने विद्यालय उत्तम हो । जसअनुसार जम्मा २ ओटा अर्थात् ०.२% मात्र उत्तम श्रेणीमा देखिएका छन् । सबैभन्दा बढी ८२९ (८३.२%) सामान्य, १४१ (१४.२%) मध्यम र २४(२.४%) न्यून श्रेणीमा भएको पाइयो ।
- **लगानी क्षेत्रको समग्र नतिजा:** विद्यालयमा गरिएको लगानीका आधारमा कार्यसम्पादनको नतिजा सबैभन्दा बढी सामान्य ७५० (७५%), त्यसपछि मध्यम १६६ विद्यालय (१६%), न्यून ८० (८%) र उत्तममा जम्मा ३ (०.३%) विद्यालय रहेको पाइयो ।
- **प्रक्रिया क्षेत्रको समग्र नतिजा:** समग्र प्रक्रियाका आधारमा कार्यसम्पादनको नतिजाअनुसार अधिकांश विद्यालयहरू (६४.५%) सामान्य श्रेणीमा परेका छन् । ९९६ विद्यालयमध्ये जम्मा १३ ओटा विद्यालय (१.३ %) मात्र उत्तम पाइएको छ । मध्यम २०५ ओटा (२०.६%) र न्यून १३६ (१३.७%) रहेका पाइएको छ ।
- **उपलब्धि क्षेत्रको समग्र नतिजा:** कार्यसम्पादन परीक्षणका जानकारी विश्लेषण गरिएका ९९६ विद्यालयको

उपलब्धिको नतिजाअनुसार उपलब्धि उत्तम भएका जम्मा ७ (०.७%), मध्यम भएका जम्मा २४० (२४.१%), सामान्य भएका ६९४ (६९.७% ) र न्यून भएका जम्मा ५५ (५.५%) विद्यालयहरू भएको पाइयो ।

- **विद्यालयले सेवा प्रदान गरेका विद्यार्थी सङ्ख्याको आधारमा समग्र नतिजा:** सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्याका आधारमा तोकिएको न्यूनतम सङ्ख्याको २५ % भन्दा कम, २५ देखि ५०% भन्दा कम, ५० देखि ७५ % भन्दा कम, ७५ देखि ९०% भन्दा कम र ९० देखि १००% सम्म विद्यार्थी भएका विद्यालयहरू क्रमशः १०.६, ३०.८, १७.६ र ४१ प्रतिशत देखिएको छ । ५९% विद्यालयहरू शिक्षाको नीति, कार्यक्रम र विद्यालय सञ्चालनका लागि तोकिएको मानकअनुसारका विद्यार्थीहरू नभएको पाइएको छ ।
- **जिल्लागत तुलनाको प्राप्ति :** कार्यसम्पादन परीक्षण गरिएका १३ जिल्लाका ९९६ मध्ये सामुदायिक माध्यमिक विद्यालयहरूको परीक्षण नतिजाअनुसार ८३% विद्यालयहरूको कार्यसम्पादनको अवस्था सामान्य पाइयो । उत्तम विद्यालय जम्मा दुई ओटा पाइयो । कार्यसम्पादनमा न्यून नतिजा भएका विद्यालय सबैभन्दा बढी प्रतिशत (१४.३) धनुषा जिल्लामा देखिएको छ भने कम प्रतिशत (१.४) ओखलढुङ्गामा रहेको पाइयो । मध्यम खालका विद्यालयहरू २०.३ प्रतिशत पाइयो । जसमा सबैभन्दा बढी रूपन्देहीमा र कम प्रतिशत (७) रोल्पामा देखिएको छ । १३ जिल्लामध्ये ६ जिल्ला (दार्चुला, मुस्ताङ, रामेछाप, रूपन्देही, ललितपुर र हुम्ला) मा न्यून कार्यसम्पादनको नतिजा भएका विद्यालय देखिएनन् । ललितपुर जिल्लामा उत्तम र न्यून कार्यसम्पादन भएका विद्यालय देखिएन । मध्यम र सामान्य दुवै ५०%, ५०% प्रतिशत भएको पाइएको छ ।
- **जिल्ला अन्तर्गतका स्थानीय तहको तुलना (सुदूरपश्चिमाञ्चल):** कार्यसम्पादन परीक्षणमा संलग्न सुदूरपश्चिम प्रदेशअन्तर्गतका दुई जिल्लाका स्थानीय तहको कार्यसम्पादन परीक्षणको नतिजाअनुसार अछाम र दार्चुला दुवै जिल्लाका स्थानीय तहको कार्यसम्पादन परीक्षण सामान्य पाइयो (दुवैको नतिजा ४०–७० प्रतिशत) । अछाम जिल्लाअन्तर्गत साँफेबगर नगरपालिकाको सबैभन्दा बढी ( औसत ६४.६%) पाइयो भने ढकारी गाउँपालिकाको सबै भन्दाकम ( ४७.६% ) पाइएको छ । यसरी औसत अङ्कमा १७% ले भिन्नता देखिएको छ । त्यसैगरी दार्चुला जिल्लामा महाकाली नगरपालिकाको सबैभन्दा बढी (६८.९%) र अपिहिमाल गाउँपालिकाको सबैभन्दा कम (औसत ५४%) छ । यस जिल्लामा रहेका स्थानीय तहको पालिकागत भिन्नता १५ प्रतिशत (अङ्क) छ ।
- कर्णाली प्रदेशका अन्तर्गत जिल्लाभित्र रहेका स्थानीय तहहरूको तुलनात्मक अवस्था: कर्णाली प्रदेशको हुम्ला जिल्लाको मात्र कार्यसम्पादन परीक्षण गरिएको थियो । त्यस जिल्लाका ७ वटा स्थानीय तहका विद्यालयहरूको औसत प्राप्ताङ्क प्रतिशतअनुसार सिमीकोट गाउँपालिकाको औसत कार्यसम्पादन प्रतिशत सबैभन्दा राम्रो (६७% ) देखिन्छ भने सबैभन्दा कमजोर सर्केगाड गाउँपालिका (५२%) देखिन्छ । सबै स्थानीय तहको विद्यालयहरूको कार्यसम्पादन परीक्षणको नतिजाको औसत प्राप्तङ्क प्रतिशत सामान्य देखिएको छ ।
- प्रदेश ५ का जिल्ला अन्तर्गतका स्थानीय तहको तुलनात्मक अवस्था: यस प्रदेशअन्तर्गत रूपन्देही र रोल्पा जिल्लाको कार्यसम्पादन परीक्षण गरिएको थियो । जसअनुसार रूपन्देही जिल्लाका १६ ओटा स्थानीय सरकारमध्ये बुटवल महा नगरपालिकाको कार्यसम्पादन स्तर सबैभन्दा राम्रो देखिएको छ । रूपन्देही जिल्लामा सबैभन्दा कमजोर स्थानीय तहमा सिद्धार्थनगर नगरपालिका देखिन्छ (औसत ५४.९%) । त्यसैगरी रोल्पाका १० स्थानीय तहमा सुनछहरी स्थानीय तहको सबैभन्दा राम्रो (औसत उपलब्धि नतिजा ६५%) छ भने गंगादेव गाउँपालिकाको सबैभन्दा कम (४६.८%) देखिन्छ । रूपन्देही जिल्लामा औसत उपलब्धिको भिन्नता १५ अङ्क को छ भने रोल्पामा १८ अङ्कको भिन्नता देखिन्छ ।
- गण्डकी प्रदेशका जिल्लाभित्रका स्थानीय तहको स्तरको तुलना: गण्डकी प्रदेशका गोरखा जिल्लाका ११ र मुस्ताङ

जिल्लाका ४ स्थानीय तहका सबै माध्यमिक विद्यालयहरूको कार्यसम्पादन परीक्षण गरिएकोमा गोरखाको अजिरकोट गाउँपालिकाको औसत प्राप्ताङ्क प्रतिशत सबैभन्दा राम्रो (६४.१%) देखियो भने सबैभन्दा कमजोर चुमनुब्री गाउँपालिकाको (४८%) देखियो । त्यसैगरी मुस्ताङका थप स्थानीय तहमा बाह्रागुङ गाउँपालिका सबैभन्दा बढी (६६%) र सबैभन्दा कम घरपझोङ गाउँपालिकाको (६३%) पाइएको छ । स्थनीय तहगत भिन्नता क्रमशः १६ र ४ अङ्कको छ । मुस्ताङका पालिकाको भिन्नता स्वाभाविक प्रकृतिको देखिन्छ ।

- वागमती प्रदेश: वागमती प्रदेशका ललितपुर र रामेछाप दुई जिल्लाका स्थानीय तहको परीक्षण गरिएकोमा ललितपुर जिल्लाका स्थानीय तहमा ७२.२% देखि ६२.८% सम्म औसत कार्यसम्पादन स्तर देखिन्छ । यस जिल्लामा ललितपुर महानगरपालिकाको सबैभन्दा राम्रो नतिजा छ र मध्यम स्तरको नतिजा छ । रामेछाप जिल्लामा भने कुनै पालिकाको पनि मध्यम नतिजा देखिएको छैन । त्यस जिल्लाका सबै विद्यालयको नतिजा सामान्य छ । औसत प्राप्ताङ्क ५२.३ देखी ६६.४ सम्म देखिन्छ । करिब १४ प्रतिशतको औसत अङ्कमा भिन्नता देखिएको छ । प्रदेशगत रूपमा हेर्दा वागमती प्रदेशमा औसत प्राप्ताङ्क प्रतिशतमा २० अङ्कको भिन्नता देखिन्छ ।
- प्रदेश २ का जिल्लाभित्रका स्थानीय तहको अवस्था: यस प्रदेश अन्तर्गत कार्यसम्पादन परीक्षण गरिएका दुई जिल्लाका स्थानीय तहभित्रका सामुदायिक माध्यमिक विद्यालयहरूको औसत नतिजाअनुसार धनुषा जिल्लामा जम्मा १८ ओटा स्थानीय तह छन्: ती १८ ओटामा १६ ओटा स्थानीय तहको औसत नतिजा सामान्य छ । दुई ओटाको नतिजा भने न्यून देखिएको छ । सो जिल्लाका स्थानीय तहमा ६७ देखि ३३.८ प्रतिशतसम्म औसत प्राप्ताङ्क प्रतिशत छ । करिब ३३ अङ्कले औसत उपलब्धि प्रतिशतमा भिन्नता हुनुलाई सामान्य अवस्था भन्न सकिँदैन । यस प्रकारको ठूलो अन्तर अरू जिल्लामा देखिएको छैन । पर्सा जिल्लाका १४ स्थानीय तहमा ६७ देखि ५० सम्म औसत प्राप्ताङ्क प्रतिशत देखिएको छ । औसत प्राप्ताङ्क १७ अङ्कले भिन्नता छ । धनुषाको तुलनामा यो निकै कम हो ।
- प्रदेश १ का जिल्लाभित्रका स्थानीय तहको स्तरको तुलना: यस प्रदेशमा उदयपुर र ओखलढुङ्गाका दुई जिल्लाअन्तर्गत स्थानीय तहहरूका सामदायिक माध्यमिक विद्यालयहरूको कार्यसम्पादन परीक्षण गरिएको थियो । जसअनुसार उदयपुरमा ५१ देखि ६२.३ र ओखलढुङ्गामा ५१.४ देखि ६२.२ को औसत प्राप्ताङ्क प्रतिशतको भिन्नता देखिएको छ ।

**सुझावहरू**

- कार्यसम्पादन परीक्षणको समग्र औसत नतिजा ७०% भन्दा कम भएकाले माध्यमिक विद्यालय समग्र गुणस्तर अभिवृद्धिका लागि विशेष ध्यान दिने । सावर्जनिक शिक्षा सुधार दशक जस्ता नेपाल सरकारका नीति तथा कार्यक्रमलाई कार्यसम्पादन परीक्षणका नतिजासँग आबद्ध गरी कार्यान्वयन गर्ने ।
- विद्यालयहरूको पूर्वाधार र भौतिक संरचना, शिक्षक कक्षा शिक्षण, पेसागत विकास जस्ता प्रक्रियागत पक्ष अत्यन्तै कमजोर देखिएको छ । त्यसैगरी विद्यालयहरूको आन्तरिक सक्षमता (नियमितता, विद्यालय छाड्ने र दोहोर्‍याउने दर आदि) मा पनि अवस्था कमजोर छ । शिक्षा क्षेत्रमा तिनै तहका सरकारको लागनी कम्तीमा २०% पुर्‍याउने स्पष्ट कानूनी व्यवस्था गर्ने र यी विषय क्षेत्रमा सङ्घीय सरकारले साङ्केतिक नीति विकास गरी प्रदेश र स्थानीय सरकारलाई सहजीकरण गर्ने ।
- विद्यालयहरूमा सामुदायिक सहभागिता कमजोर देखिएको छ । समुदायद्वारा नै स्थापना र विकास गरिएका विद्यालयहरूको यस्तो अवस्था आउनाको स्थान विशेषका कारणहरू पहिचान गरी सम्बोधन गर्ने पद्धतिको विकास गर्ने । यस विषयमा स्थानीय सरकारको विशेष निगरानी हुन जरूरी देखिन्छ ।

- कार्यसम्पादन परीक्षणको एउटा निकै महत्त्वपूर्ण नतिजा शिक्षकहरूको पेशागत विकासको अवस्था सर्वाधिक कमजोर देखिनु हो । यसका लागि तिनै तहका सरकारले विशेष योजना विकास गरी शिक्षक क्षमता विकासका कार्यक्रमलाई घनीभूत रूपमा कार्यान्वयनमा लग्नुपर्ने देखिन्छ ।
- विद्यार्थीको आन्तरिक सक्षमता र सिकाइ उपलब्धि कमजोर हुँदाहुँदै सेवाग्राही र शिक्षकको सन्तुष्टिमा राम्रो देखिएको विषयमा द्विविधा देखिन्छ । आगमी शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट हुने विद्यालयहरूको कार्यसम्पादन परीक्षणमा यस विषयमा विशेष ध्यान दिई वास्तविकताको सम्परीक्षण गर्ने ।
- परीक्षण गरिएका विद्यालयहरूमध्ये अधिकांश सामुदायिक माध्यमिक विद्यालयहरू सामान्य गतिले चलेका छन् भन्ने जानकारी दिन्छ । भन्नाले ०.२५ मात्र उत्तम श्रेणीमा देखिएका, सबैभन्दा ८३.२५ सामान्य, १४.२५ मध्यम र २.४५ न्यून श्रेणीमा परेका छन् । एउटै नीति, विद्यालयमा सरकारको लगानीको आधार तथा मानक एकै, एकै प्रकारका शिक्षक, एउटै मापदण्डका आधारमा सञ्चालित विद्यालयहरूबीचमा यस प्रकारको भिन्नता देखिनु शैक्षिक क्षेत्रको प्रयासको अस्वाभाविक नतिजा हो । यस विषयमा थपअध्ययन र विश्लेषण गरी उपयुक्त उपाय अवलम्बन गर्नुपर्ने देखिन्छ ।
- विद्यालयहरूमा गरिने लगानीका सम्बन्धमा गरिएको विश्लेषणले केही विद्यालयहरूले लगानी राम्रो हुँदा पनि नतिजा राम्रो दिन नसकेको विषयलाई स्थानीय तहले विशेष चनाखो भै अवस्थालाई सम्बोधन गर्नुपर्ने देखिन्छ ।
- निर्धारित नीति, कार्यक्रम तथा मापदण्डका आधारमा विकास गरिएका प्रक्रियागत सूचकमा कार्यसम्पादन स्तर कमजोर देखिनुले शिक्षा ऐन, नियम तथा पाठ्यक्रम र नीतिगत व्यवस्थाको कमजोर कार्यान्यवन अवस्थाको सङ्केत गर्दछ । यस विषयलाई तिनै तहका सरकारले विशेष ध्यान दिनुपर्ने देखिन्छ । अवस्थाको विश्लेषण गरी सङ्घीय सरकारले आवश्यक पक्षहररूमा परिमार्जन तथा सुधार गर्नुपर्ने देखिन्छ । कार्यान्वयनमा भएका समस्यालाई स्थानीय तहले र विद्यालयले विशेष जोड दिनुपर्ने देखिन्छ । प्रदेश सरकारले यसको कार्यान्वयनको पक्षको निगरानी गर्न जरूरी देखिन्छ ।
- जिल्लागत तुलनाको नतिजाले जिल्लाभित्रका विद्यालयहरूको नतिजमा उल्लेखनीय भिन्नता देखिन्छ । तथापि ललितपुर जिल्लाका विद्यालयहरूमा त्यसखालको असामान्य भिन्नता देखिएको छैन । प्रदेश सरकारले ललितपुर जिल्लाबाट सिक्न सकिने विषयवस्तुहरू पहिचान गरी स्थानीय तह र विद्यालयहरूलाई सहजीकरण गर्नुपर्ने देखिन्छ ।
- एकै जिल्लाका स्थानीय तहबीचको भिन्नता उल्लेख्य छ । त्यस प्रकारको भिन्नता हुनाको कारण पहिचान गरी असमानताको दूरी कम गर्न एक अर्कोबाट सिक्ने वातावरण विकास गर्न प्रदेश तहबाट सहजीकरण गर्नुपर्ने देखिन्छ ।
- स्थानीय तहहरूअन्तर्गतका विद्यालयहरूको प्राप्ताङ्कको आधारमा श्रेणीकरण गरी अनुसूचीमा प्रस्तुत गरिएको छ । अनुसूचीमा प्रस्तुत नतिजालाई प्रत्येक स्थानीय तहले प्रबोधीकरण गर्नुपर्ने हुन्छ । नतिजाका आधारमा कमजोरी पहिचान गरी कसको भूमिकामा के कस्तो कमजोरी भएको हो । पहिचान गरी सोअनुसार सम्बोधन गर्न कार्य योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने हुन्छ ।
- प्रत्येक विद्यालयले कार्यसम्पादन नतिजालाई विद्यालयका सरोकारवलाबीचमा छलफल गर्ने र सुधारका उपायहरू पहिचान गर्नुपर्ने हुन्छ । कार्यसम्पादन परीक्षणका बेला विद्यालयलाई उपलब्ध गराइएको एक प्रति परीक्षण प्रतिवेदनलाई आधार मानी सुधारका विषय पहिचान गर्न उपयुक्त देखिन्छ ।
- प्रत्येक स्थानीय तहले अन्तर्गतका सबै विद्यालयहरूको कार्यसम्पादन परीक्षण गरी विद्यालयहरूको स्तर निर्धारण गरी सार्वजनिक गर्ने । जसले गर्दा सुधारका लागि सार्वजनिक दवावसमेत सिर्जना हुन्छ ।
- प्रदेश सरकारले प्रत्येक स्थानीय तहलाई अन्तर्गतका सबै विद्यालयहरूको कार्यसम्पादन परीक्षण गरी विद्यालयहरूको स्तर निर्धारण गरी सार्वजनिक गर्न सहजीकरण गर्ने ।
- कार्यसम्पादन परीक्षण सकिएपछि प्रत्येक विद्यालयमा त्यसका नतिजाको सार्वजनिकीकरण गर्नुपूर्व विद्यालयका

सरोकारवला र निगरानी गर्ने निकायको समेत अनिवार्य उपस्थितिमा प्रबोधीकरण कार्यशालाको आयोजना गर्ने ।

- शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट गरिने यस प्रकारको विद्यालयहरूको कार्यसम्पादन परीक्षण गर्दा जुन स्थानीय तहको परीक्षण गरिएको हो, सो तहमा काम सम्पन्न भएपछि सम्बन्धित स्थानीय तहको शिक्षा शाखाको समन्वयमा जनप्रतिनिधिहरूसमेतको संलग्नतामा त्यस तहअन्तर्गतका विद्यालयहरूको कार्यसम्पादन परीक्षणका आधारमा श्रेणीसमेत निर्धारण गरी परीक्षणका नतिजालाई सावर्जनिक गर्ने बाध्यात्मक व्यवस्था गर्नुपर्ने ।
- विद्यालयमा शिक्षक स्टाफ, विद्यालय व्यवस्थापन समिति र अन्य सरोकारवालाबीचमा कार्यसम्पादन परीक्षणका नतिजाका आधारमा सुधारका लागि नियमित छलफल र अन्तरक्रिया गर्ने संस्कारको विकास गर्ने ।
- शैक्षिक गुणस्तर परीक्षण केन्द्रले प्रदेश र स्थानीय स्तरमा समेत योग्य परीक्षक समूह तयार गर्ने विशेष नीति विकास गरी कार्यान्वयनमा लग्नुपर्छ ।
- निजी विद्यालयहरूको समेत कार्यसम्पादन परीक्षण नियमित रूपमा गर्ने गराउने नितीगत व्यवस्था हुनुपर्ने ।
- कार्यसम्पादन परीक्षणका नतिजा विश्लेषण गर्ने क्रममा परीक्षण कर्ताहरूबीचमा परीक्षणका साधन प्रयोगमा भिन्नता अनुभूति भएको छ । त्यसैगरी परीक्षणका साधनमा भएको विवेकीय गुणात्मक पक्षका सूचाकाङ्कमा अनपेक्षित प्राप्ताङ्क देखिएबाट परीक्षण कर्ताको संवेदनशीलता र ध्यानमा केन्द्रीकरणको समस्या देखिएको छ । यसका लागि गुणस्तर परीक्षण केन्द्रबाट परीक्षण पूर्व सञ्चालन गरिने प्रबोधीकरण कार्यशालामा परीक्षणका लागि तयार गरिएको खाका, प्रारूपलाई आधार बनाईकार्यशालामा विशेष जोड दिनुपर्ने ।

# खण्ड १ : परिचय

## १.१ पृष्ठभूमि

शिक्षाका महत्त्वपूर्ण योजना तथा कार्यक्रममार्फत् शिक्षाको विकास तथा उन्नयनका लागि सम्पादित कार्यहरूको स्वतन्त्र रूपमा परीक्षण गरी शैक्षिक गुणस्तर र जवाफदेही अभिवृद्धिमा सहयोग पुर्‍याउने उद्देश्यले शैक्षिक गुणस्तर परीक्षण केन्द्रको स्थापना भएको हो (शैक्षिक गुणस्तर परीक्षण केन्द्र, २०७३, २०६९ शैक्षिक गुणस्तर परीक्षण केन्द्र, २०७४ ) । शिक्षा ऐन २०२८ को आठौँ संशोधनमार्फत् यस केन्द्रलाई कानुनी आधार तयार भएको हो । विक्रम संम्वत् २०६६ देखि नै शिक्षा मन्त्रालयको एउटा निकायको रूपमा यो केन्द्र क्रियाशील हुँदै आएको छ । नेपालको संविधान, प्रचलित ऐन तथा नियमहरू, अन्तर्राष्ट्रिय समुदायसँग गरेका सम्झौता तथा प्रतिबद्धताहरू, आवधिक योजना तथा कार्यक्रमहरूले तयार गरेका मानक र मापदण्डका आधारमा गुणस्तरीयता तथा जवाफदेहीताको परीक्षण गरी सालबसाली रूपमा त्यसको नतिजाको जानकारी गराउने कार्यमा केन्द्र क्रियाशील छ ।

शिक्षा ऐनको आठौँ संशोधनमा यस केन्द्रका लागि स्वतन्त्र प्रकृतिको शैक्षिक परीक्षण तथा अनुसन्धानसम्बन्धी कार्य गर्ने संस्थाको रूपमा स्थापना गर्ने व्यवस्था गरेको छ (कानून किताब व्यवस्था समिति, २०७५) यस केन्द्रले विद्यार्थीहरूको उपलब्धि मापन, शैक्षिक संस्थाहरूको कार्यसम्पादन परीक्षण र सिकाइ उपलब्धि तथा शैक्षिक संस्थाको क्षमताको मापनसम्बन्धी, अनुसन्धानसम्बन्धी कार्यसमेत सम्पादन गर्दै आएको छ । यस केन्द्रले नेपालमा सञ्चालित शैक्षिक सङ्घ संस्था तथा विद्यालयहरूले गर्ने सेवा प्रवाहको गुणस्तरीयताको विषयमा परीक्षण गर्ने कार्य गर्दै आएको छ र परीक्षणमा देखिएका सुधारका पक्षसहित समेटेर सुझाव दिने गरेको छ । यस केन्द्रले सम्पादन गरेका मुख्य मुख्य कामहरू यस प्रकार रहेका छन् :

- शिक्षा क्षेत्रका अनुसन्धाता, शिक्षाविद्, विशेषज्ञहरूको रोस्टर निर्माण गर्ने र रोस्टरबाट विभिन्न मापदण्डहरू तयार गर्ने, शैक्षिक गुणस्तर अभिवृद्धिका लागि अनुसन्धान तथा पुनरवलोकन कार्यमा संलग्न गराउने र यिनै दक्ष तथा विज्ञ समूहको सहयोगमा परीक्षणका काम गर्ने पद्धति यस शैक्षिक गुणस्तर परीक्षण केन्द्रले निर्माण गरेको छ ।
- यस केन्द्रले शैक्षिक संस्थाहरूको कार्य प्रगतिको लेखाजोखा गरी नतिजा सार्वजनिक गर्ने गर्दछ । शैक्षिक संस्था सञ्चालनका लागि तयार भएका विद्यमान मापदण्ड, मानक, कार्य निर्देशिका, उद्देश्य एवम् सूचकका आधारमा शिक्षा मन्त्रालयअन्तर्गतका शैक्षिक निकायहरू तथा विद्यालयहरूको समग्र शैक्षिक पद्धति, संस्थागत क्षमता र वैयक्तिक सक्षमता तथा कार्यप्रगतिको लेखाजोखा गर्ने कार्यलाई यस केन्द्रले आफ्नो मुख्य कार्यका रूपमा लिईकाम गरिरहेको छ । यी कार्यसम्पादन गर्दा यस केन्द्रले उच्च शिक्षा प्रदायक विश्वविद्यालय तथा क्याम्पसलाई भने आफ्नो कार्यको दायरामा ल्याएको छैन । यसले पहिलो चरणमा साविक शिक्षा मन्त्रालयअन्तर्गतका जिल्ला शिक्षा कार्यालय तथा क्षेत्रीय शिक्षा निर्देशनालय र दास्रो चरणमा सामुदायिक विद्यालयहरूको कार्यसम्पादनको परीक्षणको कार्यसम्पादन गरिरहेको छ ।
- कार्यसम्पादन परीक्षणको कार्य गर्दा विद्यमान् ऐन, नियम तथा तोकिएका मापदण्डहरू नै मुख्य आधारको रूपमा लिइएको छ । यस केन्द्रले कार्यसम्पादन परीक्षण सञ्चालन गर्दा शिक्षा ऐन तथा नियमावलीमा विद्यालय सञ्चालन गर्न

तयार गरिएको मापदण्डलाई आधार बनाएको छ। समय समयमा शिक्षा मन्त्रालयले तयार गरेका विद्यालय सञ्चालनका आधार, निर्देशन, कार्यक्रम निर्देशिका र विद्यालयले आफूले विद्यालय सञ्चालनका लागि तयार गरेका मानकलाई समेत आधार बनाएर कार्य सञ्चालन गरेका छन्। उल्लेखित विभिन्न आधारमा विद्यालयहरू कसरी सञ्चालन भइरहेका छन्, विद्यालयको कार्य सञ्चालनको प्रक्रिया कस्तो छ भनेर कार्य प्रक्रिया को परीक्षण गर्ने कार्य प्रक्रिया तयार गरेको छ।

- कार्यसम्पादन परीक्षणमा मुख्य रूपले उपलब्धिलाई आधार बनाएको छ। देशको विद्यमान् अवस्थाका आधारमा तयार गरिएको राष्ट्रिय पाठ्यक्रम प्रारूप र तहगत तथा कक्षागत पाठ्यक्रम कार्यान्वयनमा संस्थाले खेलेको मुख्य मुख्य भूमिकाका आधारमा कार्यसम्पादन परीक्षण अघि बढाउने नीति लिएको छ। विद्यालयको मुख्य कार्य शैक्षिक गुणस्तर अभिवृद्धि गर्नु हो। यस कार्यका लागि विभिन्न निकायबाट विकास भएका मानक एवम् मापदण्डहरूको कार्यान्वयन अवस्था कस्तो छ ? त्यसको परीक्षण गर्ने र गुणात्मक सुधारका लागि विद्यार्थीहरूको सिकाइ स्तरको आवधिक रूपमा सिकाइ उपलब्धि कस्तो छ ? भनेर हेर्ने तथा परीक्षण गर्ने कार्यलाई कार्यसम्पादन परीक्षणमा स्थान दिइएको छ।
- सम्बन्धित शैक्षिक निकायहरूले सम्पादन गरेका कार्यको प्रभावकारिता, सेवा प्रवाहको स्तर तथा सेवाग्राही प्राप्त गरेको सन्तुष्टिसमेतका आधारमा तथा निर्धारित शैक्षिक मापदण्ड पूरा गरे नगरेको जाँचबुझ गरी प्रमाणीकरण एवम् श्रेणीकरणका लागि सिफारिस गर्ने कार्य सञ्चालन गर्ने गर्दै आएको छ।
- मन्त्रालय र अन्तर्गतका विभिन्न सेवा प्रवाहमा संलग्न निकायहरू, विद्यालयहरू तथा त्यहाँका पदाधिकारीहरूबाट सम्पादित कार्यहरूको परीक्षण गरी निष्कर्ष निकाल्ने र सार्वजनिक गर्ने कार्य गर्दै आएको छ। यस्ता निष्कर्षलाई शिक्षा मन्त्रालय समक्ष सुधारका लागि सुझाव दिने कार्य गर्दै आएको छ।
- शैक्षिक संस्थाहरू र विद्यालयहरू तथा समग्र विद्यालय शिक्षाका क्षेत्रका समसामयिक शैक्षिक मुद्दाहरू पहिचान गरी सोको अध्ययन गरी गराई सुझावहरू कार्यान्वयन गर्न गराउन सम्बन्धित निकायमा प्रस्तुत गर्ने कार्य गर्दै आएको छ। विद्यार्थी मूल्याङ्कन र स्तर निर्धारण सम्बन्धी परीक्षण तथा अनुसन्धान गरी सिफारिस गर्ने कार्य हुँदै आएको छ।

यस केन्द्रले विक्रम संम्वत् २०६६ देखि विभिन्न शैक्षिक निकायहरूको कार्यसम्पादन परीक्षण सञ्चालन गर्दै आएको छ। विशेष रूपमा कार्यसम्पादन परीक्षण महालेखा परीक्षकका परीक्षणका मुख्य सिद्धान्तलाई आधार बनाएको छ। यस केन्द्रले आर्थिक वर्ष २०७५/७६ मा १३ जिल्लाका सबै ९९६ सामुदायिक माध्यमिक विद्यालयहरूको कार्यसम्पादन परीक्षण सम्पन्न गरेको थियो। यी जिल्लाहरूमा दार्चुला, अछाम, हुम्ला, रोल्पा, रूपन्देही, गोरखा, मुस्ताङ, रामेछाप, ललितपुर, पर्सा, धनुषा, ओखलढुङ्गा र उदयपुर रहेका छन्। परामर्शदातामार्फत् गरिएको यस परीक्षणमा २०७५ सालको एसइइमा समावेश भएका ९९६ सामुदायिक माध्यमिक विद्यालयहरूको कार्यसम्पादनको परीक्षण सम्पन्न गरिएको छ।

## १.२ कार्यसम्पादन परीक्षणको उद्देश्य

कार्यसम्पादन परीक्षणको मुख्य उद्देश्य विद्यालयहरूले सम्पादन गरेका कार्यहरूको परीक्षण गरी राम्रा अभ्यासहरूको पहिचान गर्ने, सेवा प्रवाहमा भएका कार्यहरूको विश्लेषण गर्ने, सम्पादित कार्यबाट प्राप्त भएका सिकाइ उपलब्धिको अवस्थाको जानकारी हासिल गर्ने र कमजोर अवस्थाको पहिचान गरी सुधारका लागि सम्बन्धित निकायमा आवश्यक सुझावहरूको सिफारिस गर्नु रहेको छ। यस परीक्षणमार्फत सबल फक्षहरू र सुधार गर्नुपर्ने पक्षहरूको पहिचान गर्ने गरिन्छ। परीक्षणबाट प्राप्त भएका निष्कर्षहरूको तुलना गरी सुधार गर्नुपर्ने पक्षहरूको पहिचान आवश्यक हुन्छ। यस्ता पक्षहरूको पहिचानपश्चात्

विद्यालयले बढी ध्यान दिनुपर्ने पक्षको खोजी गर्न सहयोग गरेको हुन्छ । परीक्षणपश्चात् नै लगानी, प्रक्रिया र उपलब्धि मध्ये कुनकुन पक्षमा प्राथमिकता दिनुपर्ने हो ? यस पक्षको उजागर गर्न सहयोग गर्ने गर्दछ । विद्यालयबाट प्राप्त भएको सूचनाहरूको विश्लेषण गरी यथार्थ अवस्थाको पहिचान गर्नु परीक्षणको विशिष्ट उद्देश्य हो । कार्यसम्पादन परीक्षणपछि नै सुधारका क्षेत्रहरूको पहिचान हुन सक्छ र सो अवस्थाका आधारमा पृष्ठपोषण दिन सकिन्छ । विद्यालयको कार्यसम्पादन परीक्षणका देहायअनुसारका उद्देश्यहरू रहेका छन् (शैक्षिक गुणस्तर परीक्षण केन्द्र, २०७३) :

- तोकिएका शैक्षिक संस्थाहरूले निर्दिष्ट नीति तथा कार्यक्रमहरू, प्रचलित ऐन तथा नियमबमोजिम कार्यान्वयन गरे नगरेको सम्बन्धमा लेखाजोखा गर्ने ।
- शिक्षाको पहुँच, समता र गुणस्तर अभिवृद्धिका लागि शैक्षिक संस्थाहरूको कार्य प्रणालीको परीक्षण गरी कार्यसम्पादन स्तर प्रस्तुत गर्ने ।
- कार्यसम्पादन सुधारको क्षेत्रहरू पहिचान गर्ने ।
- विद्यालय तथा निकायहरूको कार्यसम्पादन सुधारका निमित्त नीतिगत पृष्ठपोषणका लागि प्रमाणमा आधारित सूचना तथा तथ्यहरू उपलब्ध गराउने ।
- उत्कृष्ट सेवाका लागि संस्थागत जवाफदेहिता सुनिश्चित गर्न सहयोग गर्ने ।

उल्लिखित उद्देश्यहरूमा आधारित यस परीक्षणका निम्नलिखित विशिष्ट उद्देश्यहरू रहेका छन् ।

- विद्यालयहरूको विकासका लागि गरिएको लगानीको अवस्थाको पहिचान गर्ने, विद्यालयको भौतिक अवस्था, उपयोगमा रहेको मानव संसाधन र समुदाय एवम् सरकारी लगानीका अवस्थाको लेखाजोखा गरी विद्यालयको स्तर निर्धारण गर्ने,
- गुणस्तर अभिवृद्धिका लागि विद्यालयले सम्पादन गरेका कार्यहरूको प्रक्रिया, शिक्षण विधि तथा प्रक्रिया, उपलब्धि मापन गर्न उपयोग गरिने विद्यार्थीहरूको मूल्याङ्कन, शिक्षकहरूको अवस्था तथा पेसागत उन्नयनका अवसरहरू, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावका संघ एवम् विद्यालयका शिक्षकहरूको नेतृत्व र सह तथा अतिरिक्त क्रियाकलापको अवस्थाको लेखाजोखा गर्ने,
- विद्यालयमा भएको लगानी र शिक्षण सिकाइ प्रक्रियाका लागि अपनाइएका विधिका आधारमा भएको सिकाइ उपलब्धिको लेखाजोखा गर्ने,
- विद्यालयले प्रवाह गरेको सेवाबाट लाभग्राहीको सन्तुष्टिका आधारमा विद्यालयका कार्यको मूल्याङ्कन गर्ने,
- विद्यालयले सेवा प्रदान गरेका विद्यार्थी सङ्ख्याको आधारमा विद्यालयको कार्यसञ्चालन प्रक्रियामा अपनाइएका कार्य पद्धतिको प्रभावकारिताको लेखाजोखा गर्ने,
- कार्यसम्पादन परीक्षणबाट प्राप्त भएका नतिजाहरूका आधारमा विद्यालयहरूले गर्नुपर्ने सुधारमा प्रत्यक्ष भूमिका निर्वाह गर्ने विद्यालय र यसको व्यवस्थापन समिति, कार्यक्रम र नीतिगत रूपमा गर्नुपर्ने सुधारका लागि गाउँपालिका वा नगरपालिकाहरू, प्रदेश र सङ्घीय सरकारका विभिन्न मन्त्रालय र तहलाई पृष्ठपोषण प्रदान गर्ने ।
- विद्यालय, स्थानीय तह र जिल्लाहरूको कार्यसम्पादनको नतिजाको तुलनात्मक अवस्था प्रस्तुत गरी सुधारका लागि प्रतिस्पर्धात्मक वातावरण तयार गर्ने ।

## १.३ विगतका अभ्यास

नेपालमा विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने कार्यको अभ्यास हेर्दा जबदेखि विद्यालय सञ्चालन गर्न अनुमति दिने कार्यको थालनी भयो सोही समयदेखि कुनै न कुनै रूपमा विद्यालयको अनुगमन गर्ने र मूल्याङ्कन गर्ने अभ्यास रहेको पाइएको छ । शिक्षा ऐन २०२८ कार्यान्वयनपूर्वदेखि नै विद्यालयको विभिन्न प्रकृतिको मूल्याङ्कनका लागि विद्यालयको निरीक्षण गर्ने गरिन्थ्यो । शिक्षा ऐन २०२८ कार्यान्वयनपूर्वका निरीक्षणमा साधारण, आदेशअनुसारको निरीक्षण, छड्के, वार्षिक, अपर्झट, स्थितिको जाँच, विषय जाँच, यथार्थ स्थितिको जाँच गर्ने, विभागीय र औपचारिक प्रकृतिका निरीक्षणमार्फत् विद्यालयको सुधारका लागि अनुगमन गर्ने अभ्यास थियो । राष्ट्रिय शिक्षा पद्धतिपछिका अभ्यास फरक भए पनि विद्यालयको अवस्थाको मूल्याङ्कन गर्ने विभिन्न अभ्यासहरू हुँदै आएका छन् ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले कार्य थालनीपूर्व शिक्षा मन्त्रालय अन्तर्गतका विभिन्न निकायबाट यस प्रकारका कार्य हुँदै गरेका थिए । स्वायत्त प्रकृतिको संस्थामार्फत् स्वतन्त्र रूपमा शैक्षिक निकाय तथा विद्यालयको कार्यसम्पादन परीक्षणको कार्य नौलो जस्तो देखिएको छ । विक्रम संम्वत् २०६६ पछि कार्यसम्पादन परीक्षणको कार्यको थालनी भएको छ । विद्यालय क्षेत्र सुधार योजना सन् २००९ देखि विद्यालयले सम्पादन गरेका कार्यहरूको अवस्थाको लेखा जोखा गर्न आवश्यक ठानी यस प्रकारको स्वतन्त्र प्रकृतिको संस्थामार्फत् कार्यसम्पादन परीक्षण गर्न सुझाएको हो । यस कार्यका लागि विद्यालय क्षेत्र विकास कार्यक्रम २०७३ ले पनि शैक्षिक गुणस्तर परीक्षण केन्द्रको आवश्यकता ठानी यसलाई निरन्तरता दिन प्रस्ताव गर्‍यो ।

प्रचलित शैक्षिक योजना तथा कार्यक्रम, प्रचलित ऐन र कार्यक्रम कार्यान्वयन गर्ने निर्देशिकाका आधारमा विद्यालयहरूको कार्यसम्पादन परीक्षणका लागि मानकहरू तयार गरी परीक्षणको कार्य थालनी भएको छ । कार्यसम्पादन परीक्षण गर्न तयार गरिएका विद्यालय कार्यसम्पादन परीक्षण ढाँचा २०७६ तथा परीक्षण मार्गदर्शन पुस्तिका २०७६ र कार्यसम्पादन परीक्षण साधन २०७६ अनुसार सामुदायिक माध्यमिक विद्यालयहरूको कार्यसम्पादन परीक्षण गर्ने कार्य सञ्चालन गरिएको थियो । आर्थिक वर्ष २०७५/७६ मा १३ जिल्लाका ९९६ विद्यालयहरूमा कार्यसम्पादन परीक्षण सम्पादन भएको छ । हालसम्म कार्यसम्पादन गरिएका निकाय तथा विद्यालयहरूको सङ्ख्या देहायअनुसार रहेका छन् :

***तालिका १.३ क : २०७५/७६ सम्म कार्यसम्पादन परीक्षण सम्पन्न भएका विद्यालय र निकायहरूको सङ्ख्या***

| आर्थिक वर्ष | विद्यालय | स्रोतकेन्द्र | जि शि का | क्षे शि नि | शै ता के | केन्द्रीय निकाय |
|---|---|---|---|---|---|---|
| २०६८/६९ | ३० | ० | ५ | ० | ० | २ |
| २०६९/७० | ४८ | ० | १० | ० | ० | ० |
| २०७०/७१ | ४२ | ८ | ८ | ० | ० | ० |
| २०७१/७२ | ३३ | ११ | १५ | १–९ | ० | ० |
| २०७२/७३ | २६ | ७ | ७ | २ | १ | १ |
| २०७३/७४ | ४१३ | ७९ | ८ | ० | ० | ० |
| २०७४/७५ | १९९९ | ० | ० | ० | ० | ० |
| २०७५/७६ | ९९६ | ० | ० | ० | ० | ० |
| जम्मा | ३५८७ | १०५ | ५३ | ३ | १ | ३ |

उल्लिखित निकायहरूको कार्यसम्पादन परीक्षण सञ्चालन गर्दा केन्द्रले तयार गरेका कार्यसम्पादन परीक्षण साधनको उपयोग गर्ने गरिएको हुन्छ । यहाँ ३,५८७ विद्यालयहरू, १०५ ओटा स्रोत केन्द्रहरू, ५३ जिल्ला शिक्षा कार्यालयहरू, ३ ओटा क्षेत्रीय शिक्षा निर्देशनालय, ३ ओटा केन्द्रीय स्तरका निकायहरू र १ ओटा शैक्षिक तालिम केन्द्र गरी जम्मा ३,७५२ निकायको कार्यसम्पादन परीक्षण सम्पन्न भइसकेको छ । उक्त निकायहरूको कार्यसम्पादन परीक्षण सम्पन्न गर्दा अनुसन्धान पद्धतिका आधारभूत मान्यता, विधि र प्रक्रियालाई उपयोगमा ल्याइन्छ । कार्यसम्पादन परीक्षणमा संलग्न व्यक्तिका हकमा भने विविधता रहेको हुन सक्ने देखिएको छ । कार्यसम्पादन परीक्षणको कार्यसम्पादन गर्न शिक्षा शास्त्रमा स्नातकोत्तरभन्दा माथि योग्यता भएका जनशक्तिको उपयोग गरिन्छ । कार्यसम्पादनमा एकरूपता कायम गर्न सहज होस् भन्ने उद्देश्यले परीक्षकको अभिमुखीकरण कार्यक्रम गरी स्वीकृत परीक्षण साधनलाई उपयोग गरिएका थिए । आर्थिक वर्ष २०७४/०७५ भन्दा पहिलेका सबै निकाय तथा विद्यालयका प्रतिवेदन तयार भई सालबसाली रूपमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा पेश हुँदै आएका छन् ।

***तालिका १.३ ख : २०७५/०७६ मा कार्यसम्पादन परीक्षण गरिएका सामुदायिक माध्यमिक विद्यालयहरूको सङ्ख्यात्मक विवरण***

| सि नं | प्रदेश | जिल्ला | विद्यालय सङ्ख्या | कैफियत |
|---|---|---|---|---|
| १ | सुदूर पश्चिम प्रदेश | अछाम | ९३ | विक्रम संम्वत् २०७५ सालको एसइइमा सहभागी भएका १३ जिल्लाका जम्मा ९९६ विद्यालयहरू |
| २ | | दार्चुला | ६७ | |
| ३ | कर्णाली प्रदेश | हुम्ला | २३ | |
| ४ | ५ नं प्रदेश | रोल्पा | ७१ | |
| ५ | | रूपन्देही | १४३ | |
| ६ | गण्डकी प्रदेश | गोरखा | १११ | |
| ७ | | मुस्ताङ | ७ | |
| ८ | वागमती प्रदेश | रामेछाप | ९० | |
| ९ | | ललितपुर | ७२ | |
| १० | २ नं प्रदेश | पर्सा | ५३ | |
| ११ | | धनुषा | ८४ | |
| १२ | १ नं प्रदेश | उदयपुर | १११ | |
| १३ | | ओखलढुङ्गा | ७१ | |
| | जम्मा | १३ जिल्ला | ९९६ | |

## १.४ कार्यसम्पादन परीक्षण प्रतिवेदनको ढाँचा

यस प्रतिवेदनलाई चार परिच्छेदमा व्यवस्थित गरिएको छ । पहिलो परिच्छेदमा विद्यालयहरूको कार्यसम्पादन परीक्षणका विगतका अभ्यासहरू, नेपालमा यस कार्यको थालनी लगायतका प्रतिवेदनको सैद्धान्तिक विषय समावेश गरिएको छ । त्यस्तै यस परिच्छेदमा कार्यसम्पादनको परिचय, आवश्यकता र समसामयिक अभ्यासलाई समावेश गरिएको छ । यस खण्डमा कार्यसम्पादन परीक्षणको उद्देश्यलाई उल्लेख गरिएको छ ।

प्रतिवेदनको दोस्रो परिच्छेदमा विद्यालयहरूको कार्यसम्पादनको सैद्धान्तिक आधारको परिचय समावेश गरिएको छ । यसैगरी सैद्धान्तिक अवधारणा, कार्यसम्पादन परीक्षणका क्षेत्रहरू र आवश्यकताअनुसारका उपक्षेत्रहरू, कार्यसम्पादन

प्रक्रिया, स्तर निर्धारण, परीक्षणका विधि र प्रक्रियालाई समावेश गरिएको छ।

त्यस्तै गरी प्रतिवेदनको तेस्रो परिच्छेदमा विद्यालय कार्यसम्पादन परीक्षणका नतिजाको तुलनात्मक विश्लेषणलाई समावेश गरिएको छ। यहाँ विद्यालयहरूको स्तर, लगानीतर्फको अवस्था, प्रक्रियातर्फको अवस्था, उपलब्धितर्फको अवस्था तथा स्तरलाई समावेश गरिएको छ। सेवा प्रदान गरिएका विद्यार्थी सङ्ख्याका आधारमा स्तर, समग्र स्तरको तुलना, जिल्लागत रूपमा पालिकाहरूको समग्र कार्यसम्पादन प्राप्ताङ्कको क्रम, सबै प्रदेशका छनोट भएका जिल्लाभित्र रहेका स्थानीय तहको स्तर र उपलब्धिको क्रमलाई समावेश गरिएको छ। परिच्छेद चारमा प्रमुख नतिजाहरू, परीक्षणको उपादेयता, विश्लेषणबाट प्रतिविम्बन र सुझावहरू समावेश गरी प्रतिवेदनलाई व्यवस्थित गरिएको छ।

# खण्ड २ : कार्यसम्पादन परीक्षणको सैद्धान्तिक आधार र प्रक्रिया

## २. कार्यसम्पादन परीक्षणको सैद्धान्तिक आधार

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले शैक्षिक निकायहरूको कार्यसम्पादन परीक्षण गर्दा कार्यसम्पादनका तरिका र निकायले गरेका कार्यका आधारमा प्राप्त भएको उपब्धिलाई मुख्य केन्द्रबिन्दु बनाएर कार्यसम्पादन परीक्षण सञ्चालन गर्दै आएको छ। यसमा मुख्य रूपले मितव्ययिता, कार्यकुशलता र प्रभावकारिता जस्ता पक्षलाई आधार बनाएर परीक्षण हुने गरेको छ।

## २.१ विद्यालय कार्यसम्पादन परीक्षणको सैद्धान्तिक अवधारणा

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले संस्थाहरूको कार्यसम्पादन परीक्षण गर्दा मुख्य रूपले मितव्ययिता, कार्यकुशलता र प्रभावकारितालाई जस्ता पक्षलाई आधार बनाएर परीक्षण हुने गरेको छ (DOENJ, 2018; AOESAI, 2016; INTOSAI, 2016)

### २.१.१ मितव्ययिता

यसको अर्थ कम खर्चमा कार्य सम्पन्न गर्नु हो। यसले स्रोत र साधनको उपयोग गर्दा समय र खर्चको मात्रामा किफायती कायम गर्नु हो। यस खर्चले गुणस्तर कायम गर्न सकेको छ वा छैन ? हेर्ने विषयलाई प्रोत्साहन गरेको छ। यसै सिद्धान्तका आधारमा विद्यालयको कार्यसम्पादन परीक्षणको विभिन्न क्षेत्रका सूचकहरू तयार गरेको छ। यसले लगानीमा समता र समानताको सन्दर्भलाई समेत ध्यान दिन प्रोत्साहन गरेको छ। यसलाई मुख्य आधार बनाएर यस केन्द्रले विद्यालयको कार्यसम्पादन परीक्षण गर्न विद्यालय क्षेत्र सुधार कार्यक्रम र विद्यालय क्षेत्र विकास कार्यक्रमले कार्य योजना प्रस्ताव गरेको छ। यिनै कार्य योजनाका आधारमा यस केन्द्रले शिक्षाको योजना तथा तोकिएको अवधिको कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित संस्था कत्तिको मितव्ययी बनेको थियो ? कार्य सञ्चालनको तरिका तथा सञ्चालनमा प्रभावकारी तरिका अपनाएको छ वा छैन र समग्र रूपमा उपलब्धिको अवस्था कस्तो रहेछ भनेर परीक्षणको मुख्य आधार बनाएको छ।

१. कार्यसम्पादन परीक्षणको पहिलो आधार भनेको आर्थिक परिचालनको अवस्था कस्तो छ ? परीक्षणका दृष्टिले यसलाई मितव्ययिताको आधारमा हेरिन्छ। यसको अभिप्राय कम लगानी वा खर्चमा लक्षित उद्देश्य हासिल भए वा भएनन् भनेर हेर्नु हो।
२. यसमा विशेष हेर्ने भनेको स्रोतको उपयोग, यसको समय र सान्दर्भिकता हो। चाहिएको र आवश्यक भएका स्थानमा लगानी भए नभएको ? हेर्ने अभ्यास रहेको छ। सम्पादित कार्यका लागि भएको खर्चबाट गुणस्तरीय रूपमा काम भए वा नभएको भनेर हेरिन्छ। कार्यसम्पादनका क्रममा संस्थामा कामको थालनी भएको देखिन्छ तर पूरा भएको हुँदैन किन यस्तो भयो भनेरसमेत हेरिन्छ।

### २. १.२ कार्यकुशलता

यस सिद्धान्तको अर्थ उपलव्ध स्रोत साधनबाट अधिकतम उपलब्धि हासिल गर्नु हो। यसकै सहयोगमा कार्यसञ्चालन र उपलब्धिका बीचमा सम्बन्ध हेर्ने गरिन्छ। कार्यसम्पादनलाई प्रभावकारी बनाउन गरिने प्रयासहरूलाई यस खण्डमा हेरिन्छ।

१. विद्यालयको हकमा भने प्रभावकारी सिकाइ उपलब्धि हासिल गर्न विद्यालयले सम्पादन गरेका कार्यको प्रभावकारिता हो। विद्यालयले सम्पादन गरेका सबै कार्यको प्रक्रियाको परीक्षण सम्भव छैन तर मुख्य मुख्य प्रक्रिया हेर्नलाई आवश्यक औजार तयार गरिएको छ।

२. विद्यालयले प्रवाह गर्ने सेवा कस्तो छ ? त्यसलाई मापन गर्ने मानक पनि तयार गरिएका छन्। समय समयमा भएका निर्देशन र त्यसलाई सञ्चालन गर्ने तरिकाको अवस्थासमेत हेर्ने आधार तयार गरी संस्थाहरूको कार्य कुशलता हेर्न मानक तयार गरिएको छ।

३. विद्यालयले प्रवाह गर्ने सेवा भनेको बाल बालिकाहरूको बौद्धिक, शारीरिक, संवेगात्मक र मानसिक विकासका विभिन्न चरणलाई ख्याल गरेर कार्य सञ्चालन भएको छ वा छैन ? भनेर विद्यालयको कार्य कुशलता हेर्ने आधार तयार गरिएको छ।

४. यसको माध्यमबाट उपलब्धि र उपयोगका बीचको सम्बन्ध हेर्ने गरिन्छ। भैतिक रूपमा कुनै विद्यालय राम्रो भएपनि त्यसले दिने नतिजा राम्रो छैन भने त्यसको मापन गर्दा दक्षताका आधारमा हेर्ने गरिएको हुन्छ। यसको लगानीसँग पनि सम्बन्ध हुन्छ। लगानी भएन भने कार्यको दक्षताको खोजी सम्भव छैन।

५. लागत दक्षता भनेको लगानीको प्रभावकारी कार्यान्वयन हो। लागत दक्षताको परीक्षण गर्नका लागि विभिन्न सूचकहरू तयार गरिएका छन्। यसमा कुल लागत र त्यसबाट सम्पादित कामको अवस्थाको परीक्षण गर्ने गरिन्छ। लागत दक्षताको अतिरिक्त श्रम दक्षतासमेत हेर्ने गरिन्छ। यसमा व्यवस्थापनले मुख्य क्षेत्रमा गरेको कुल खर्चको श्रमसँग सम्बन्ध हेरी प्राप्त उपलब्धिको परीक्षण गर्ने गरिन्छ।

६. कार्यक्षमता यसको अर्को आधार हो। लागतसँग कार्यशैलीको अवस्था हेर्ने गरिन्छ। उपलव्ध स्रोत, साधन र मानव संसाधनको सम्बन्धसमेत यसैमा हेर्ने गरिएको हुन्छ। यस परीक्षणका कार्यका लागि विभिन्न सूचकहरूमार्फत् यहाँका मानव स्रोतको उपयोगको अवस्थासमेतको परीक्षण गर्न आधार तयार गरिएको छ।

७. सम्पादित कार्यको असल अभ्याससमेतको खोजी गर्ने कार्य यसैमा हुने गर्दछ। कार्यसम्पादनमा भएको खर्च, कार्यसम्पादनका लागि लागेको समय र कामको गुणस्तर यसको आधार हो। यी तीन ओटै सन्दर्भबाट कुनै पनि सम्पादित कामको मूल्याङ्कन वा परीक्षण गर्ने गरिन्छ। सम्पादित कामको गुणस्तर हेर्ने काम पनि यसैमा हुने गर्दछ। प्राप्त उपलब्धि र प्रभाव हेर्न पनि यसैको सहयोग आवश्यक छ।

### २.१.३ प्रभावकारिता

अर्को सिद्धान्त हो कार्यसम्पादनमा प्रभावकारिता कायम गर्नु। लक्षित उद्देश्य पूरा गर्न सम्पादित कार्य वा क्रियाकलापको छाप अरूलाई पार्नु प्रभावकारिता हो। संस्था तथा कार्यक्रमहरूले लक्षित उद्देश्य पूरा गरेका छन् वा छैनन् भनेर हेर्ने काम प्रभावकारिता हो। निकाय वा विद्यालयमा काम गर्ने जनशक्तिले आफ्ना स्वभाव वा क्रियाकलापको छाप अर्कामा तत्काल पार्न सक्ने गुण वा शक्तिलाई प्रभावकारिताका रूपमा लिइन्छ। विद्यालयले आफूले गरेका कामले अरूलाई प्रभाव पार्न सकेको खण्डमा मात्र अभिभावकले विश्वास गर्ने अवस्था रहन्छ।

१. विद्यार्थी तथा अभिभावकको विश्वास जित्नका लागि विद्यालयले आफूले गर्ने कामलाई समन्वयात्मक रूपमा सञ्चालन गर्ने वातावरण तयार गर्न सक्नुपर्दछ।

२. संस्थाले लक्षित उद्देश्य पूरा गरे वा नगरेको विषय हेर्न प्रभावकारिताको सिद्धान्तको सहयोग लिने गरिन्छ। कार्यसम्पादनका लागि बनाइएका आधार, नीति वा काम गर्ने आधार,कति काम समयमा सम्पादन हुँदैनन् र कति काम समयमै सम्पन्न हुन्छन्। किन समयमा सम्पादन भए र किन भएनन् भनेर हेर्ने आधार प्रभावकारिता हो। यसको मापनका लागि

नतिजासम्म पुग्नुपर्ने हुन्छ ।

३. यसको अर्को आधार भनेको कार्यसम्पादनमा पारदर्शिता हो । व्यवस्थापकले आफूले सम्पादन गर्ने कामलाई जतिजति व्यापक र पारदर्शी बनाउछन् त्यति नै ती सम्पादित कामले अनुमोदित हुने अवसर निर्माण हुन पुग्छ । प्रभावकारिता कायम गर्न कार्यसञ्चालनमा पारदर्शिता, समन्वय तथा परिचालनमा ध्यान दिनुपर्दछ ।

४. सिकाइको उपयुक्त वातावरण निर्माण गर्न सेवा प्रवाहमा सन्तुष्टिका अवसर निर्माण गर्नु आवश्यक छ । यस आधारमा सिकाइ उपलब्धि बढेको छ वा छैन भनेर परीक्षण सम्भव छ । कार्यसम्पादनको प्रभावकारिताले विद्यालयले हासिल गरेका उपलब्धिको मापन गर्न सकिन्छ । यिनै सिद्धान्तका आधारमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रले विद्यालयहरूको कार्यसम्पादन परीक्षणका कार्य सालबसाली रूपमा गर्दै आएको छ ।

५. प्रभावकारिता हेर्न सम्पादित कामका लागि पहिले बनेका मानक र यसको कार्यान्वयनको अवस्थासमेत हेरिन्छ । विद्यालयहरूको सिकाइ उपलब्धि बढ्न तयार भएका मानकका आधारमा राम्ररी कार्यसम्पादन गर्नु हो । कार्यसम्पादनमा विचार पुगेको अवस्थामा कार्यको नतिजा उत्कृष्ट बन्न पुग्दछन् ।

६. उल्लिखित प्रकृतिका परीक्षणसम्बन्धी कार्यसम्पादन गर्न यस केन्द्रले परामर्श दातृ निकायसँग सहकार्य गर्दै आएको छ ।

७. काम गर्ने जनशक्तिको मानवीय व्यावहारका पक्षको पनि परीक्षण गर्ने गरिन्छ । प्रभावकारिता कार्य गर्ने व्यक्तिमा निर्भर रहन्छ । व्यक्तिको प्रयास, निरन्तरता, इमान्दारिता, सहयोग तथा समन्वयका आधारमा कुनै कामको प्रभावकारिता देखिन्छ । शैक्षिक निकायहरूको कार्यसम्पादन परीक्षका सूचकहरू तयार गर्दा यी सन्दर्भ ख्याल गरिएको छ ।

***बृक्षरेखा नं. २. १.३ : विद्यालय कार्यसम्पादन परीक्षणको सैद्धान्तिक आधार***



### २.१.४ विद्यालय कार्यसम्पादन परीक्षणका क्षेत्र तथा उपक्षेत्र तथा प्रक्रिया

माथि उल्लेख गरिएका तीन क्षेत्रलाई मुख्य आधार बनाएर शैक्षिक निकाय तथा विद्यालयहरूको कार्यसम्पादन परीक्षणका साधन तयार गरी कार्यान्वयनमा ल्याइएको छ । माथिका १२ उपक्षेत्र र यी उपक्षेत्र भित्रका विभिन्न सूचकका आधारमा कार्यसम्पादन परीक्षण गर्ने कार्य हुँदै आएको छ। उल्लिखित १२ उपक्षेत्रको अतिरिक्त शिक्षा नियमावलीमा उल्लेख भएको विद्यार्थी सङ्ख्याको मानकका आधारमा एउटा सूचक थप गरी १०० अङ्कमा मूल्याङ्कन गर्ने आधार बनाइएको छ (शैक्षिक गुणस्तर परीक्षण केन्द्र, २०७३ शैक्षिक गुणस्तर परीक्षण केन्द्र, २०७४ शैक्षिक गुणस्तर परीक्षण केन्द्र, २०७२) । विद्यालयको कार्यसम्पादन परीक्षण गर्दा कतिपय सूचक तथ्यमा र कतिपय सूचक जाँचकी अनुभूतिका आधारमा अङ्कन गर्ने आधार तयार गरिएको छ।

माथि उल्लेख गरिए अनुसारका सैद्धान्तिक आधार र कार्यसम्पादन परीक्षणका उद्देश्यका आधारमा विद्यालयहरूको कार्यसम्पादन परीक्षणका लागि देहाय अनुसारका क्षेत्र, उपक्षेत्र र सोसँग सम्बन्धित विभिन्न सूचकहरू तयार गरिएका छन्। बाह्य परीक्षण तथा स्वःमूल्याङ्कन प्रयोजनका लागि तयार गरिएको विद्यालय कार्यसम्पादन परीक्षणका साधन २०७४ (संशोधित) का आधारमा २०७५ सालमा एसइइमा संलग्न भएका सामुदायिक माध्यमिक विद्यालयहरूको कार्यसम्पादन परीक्षण सम्पन्न भएको छ । आर्थिक वर्ष २०७५/०७६ मा उल्लिखित १३ जिल्लाका ९९६ विद्यालयको कार्यसम्पादन परीक्षण यिनै आधारमा सम्पन्न भएको छ। परीक्षणका क्षेत्र, उपक्षेत्र र सूचकहरूको विवरण देहाय अनुसारको तालिकामा उल्लेख गरिएको छ M

***तालिका नं. २.१.४ : विद्यालय कार्यसम्पादन परीक्षणका क्षेत्र, उपक्षेत्र र प्रक्रिया***

| क्षेत्र | उपक्षेत्र | सूचकहरू | सूचक सङ्ख्या |
|---|---|---|---|
| लगानी | भौतिक संरचना | विद्यालय हाताको क्षेत्रफल, खेल मैदान, कक्षाकोठाको उपलव्धता, कक्षाकोठाको गुणस्तर, फर्निचर, विद्युतको उपलव्धता, कम्प्युटरको उपलव्धता, सिकाइमा कम्प्युटरको प्रयोग, चमेनागृहको उपलव्धता र सेवा प्रवाह, विद्यालय हातामा पानी र साबुनको उपलव्धता, खेलकुद सामग्री, शौचालय, पुस्तकालय/बुक कर्नरको उपलव्धता र प्रयोग, प्रयोगशालाको उपलव्धता र प्रयोग, घेराबारा र कक्षाकोठामा प्रयोग हुने पाटी। | १६ |
| | शिक्षक | कक्षा र विषयगत अनुपातमा शिक्षकको उपलव्धता, शिक्षकको योग्यता, लैङ्गिक अनुपात, शिक्षकको नियुक्तिको प्रकार, शिक्षकमा सूचना प्रविधिसम्बन्धी क्षमता, शिक्षकको उपस्थिति र प्र.अ.को मूल्याङ्कनमा शिक्षकको कार्यसम्पादन स्तर। | ७ |
| | समुदायको सहभागिता र लगानी | जग्गा, भवन, आर्थिक सहयोग र समुदायको सहभागिता | ४ |

| क्षेत्र | उपक्षेत्र | सूचकहरू | सूचक सङ्ख्या |
|---|---|---|---|
| प्रक्रिया | कक्षा शिक्षण | योजना निर्माण, शैक्षिक सामग्रीको प्रयोग, छलफल र अन्तरक्रियात्मक शिक्षण, शिक्षणमा प्रविधिको प्रयोग, वैयक्तिक भिन्नतामा आधारित सहयोगात्मक शिक्षण, गृहकार्य, शिक्षणमा सकारात्मक पुनर्बल, शिक्षण सुधार योजना, कार्यमूलक अनुसन्धान र कक्षाकोठा व्यवस्थापन | १० |
| | विद्यार्थी मूल्याङ्कन | निरन्तर विद्यार्थी मूल्याङ्कन, निर्माणात्मक मूल्याङ्कनको प्रयोग, प्रश्न निर्माण, उत्तर पुस्तिका परीक्षण, परीक्षाको नतिजा प्रकाशन, परीक्षाफलको विश्लेषण र पृष्ठपोषण | ६ |
| | शिक्षक पेसागत विकास | पेसागत विकासका लागि विद्यालयमा अवलम्बन गरिएका उपाय, रचनात्मक कार्य, विद्यालयको आयोजनामा विद्यालयमा तालिम/स्रोत कक्षा सञ्चालन, स्मारिका बुलेटिन पत्रपत्रिका वा भित्ते पत्रिका प्रकाशन, अवलोकन भ्रमण, पेसागत विकासका लागि नियमित अध्ययन सामग्रीको व्यवस्था र प्रोत्साहन/सुविधा | ७ |
| | नेतृत्व र व्यवस्थापन | विद्यालय व्यवस्थापन समितिको गठन, विद्यालय व्यवस्थापन समितिको बैठक र निर्णय, विद्यालय व्यवस्थापन समितिको निर्णय कार्यान्वयन, शिक्षक अभिभावक संघको गठन, शिक्षक अभिभावक संघको बैठक, शिक्षक अभिभावक संघको बैठकका निर्णय, अभिभावक भेला र निर्णय, सामाजिक परीक्षण, शिक्षक स्टाफ बैठक र शैक्षिक निर्णय, महत्त्वपूर्ण विषयमा प्र.अ.को निर्णय, विद्यालय व्यवस्थापन समितिको निर्णय प्रक्रिया, विद्यालय सुधार योजना, वार्षिक कार्य योजना, कार्यक्रम र कार्यान्वयन, स्थानीय पाठ्यक्रमको निर्माण र प्रयोग, सुशासन र पारदर्शिता, अभिलेख व्यवस्थापन र बिदा लगायतको आर्थिक लेखा परीक्षणसमेत। | १७ |
| | सह /अतिरिक्त क्रियाकलाप | सह/अतिरिक्त क्रियाकलापको योजना, सह/अतिरिक्त क्रियाकलापको योजनाको कार्यान्वयन, सह/अतिरिक्त क्रियाकलाप सञचालन, प्रतियोगितामा विद्यालयको सहभागिता, सह/अतिरिक्त क्रियाकलापमा विद्यार्थीको सहभागिता र बालक्लव, स्काउट र सदनको गठन | ६ |
| उपलब्धि | नियमितता, विद्यालय छाड्ने र कक्षा दोहर्‍याउने दर | नियमितता कक्षा ५, नियमितता कक्षा ८, कक्षा छाड्ने दर कक्षा ५, कक्षा छाड्ने दर कक्षा ८, कक्षा दोहोर्‍याउने दर कक्षा ५ र कक्षा दोहोर्‍याउने दर कक्षा ८ | ६ |

| क्षेत्र | उपक्षेत्र | सूचकहरू | सूचक सङ्ख्या |
|---|---|---|---|
| | सिकाइ उपलब्धि | कक्षा ५ को नेपाली विषयमा गत दुई वर्षको औसत सिकाइ उपलब्धिमा परिवर्तन, कक्षा ५ को गणित विषयमा गत दुई वर्षको औसत सिकाइ उपलब्धिमा परिवर्तन, कक्षा ८ को नेपाली विषयमा गत दुई वर्षको औसत सिकाइ उपलब्धिमा परिवर्तन, कक्षा ८ को गणित विषयमा गत दुई वर्षको औसत सिकाइ उपलब्धिमा परिवर्तन र एसइइको औसत GPA | ५ |
| | सेवाग्राही सन्तुष्टी | अभिभावक र विद्यार्थी | २ |
| | शिक्षकको पेसागत सन्तुष्टि | विद्यालयको कार्यप्रगति सम्बन्धमा सन्तुष्टि | २ |
| विद्यार्थी सङ्ख्या | सेवा प्रदान गरेका विद्यार्थीको सङ्ख्या | | ५ (अङ्कको सूचक) |

### २. १.५ विद्यालय कार्यसम्पादन परीक्षणका क्षेत्र तथा उपक्षेत्रका आधारमा स्तर निर्धारण

माथिका विभिन्न सूचकका आधारमा कार्यसम्पादन परीक्षण सम्पादनका क्रममा कसरी अङ्कन गर्ने, यसलाई परीक्षण साधनमा के कस्तो अवस्थामा कति अङ्क प्रदान गर्ने भन्ने उल्लेख छ। लगानी, प्रक्रिया र उपलब्धितर्फका प्रत्येक सूचकका लागि ३ अङ्क प्रदान गर्न सक्ने व्यवस्था गरेको छ। विद्यालयबाट प्राप्त सूचना र प्रमाणका आधारमा पूरै ३ वा २ वा १ वा ० कति अङ्कन गर्ने भन्ने स्पष्ट व्यवस्था गरिएको छ। सूचकले माग गरेअनुसारको अवस्था भएमा ३ अङ्क र त्यससँग सम्बन्धित केही पनि नभएमा ० अङ्क दिने गरी व्यवस्थापन भएको छ।

लगानीतर्फ (सूचक सङ्ख्या पहिला राखी पूर्णाङ्क पछि राख्दा राम्रो जस्तै लगानीतर्फ २७ ओटा सूचकका प्रति सूचक ३ अङ्कले पूर्णाङ्क ८१ रहेको छ।) ८१ पूर्णाङ्कका २७ ओटा सूचक छन्। यस्तै प्रक्रियातर्फ १३८ पूर्णाङ्कका ४६ ओटा सूचक र उपलब्धितर्फका ४५ पूर्णाङ्कका १५ ओटा गरी कुल २६४ पूर्णाङ्कका ८८ ओटा सूचक समावेश छन्। प्रस्तुत २६४ पूर्णाङ्कलाई ९५ % अङ्क र विद्यार्थी सङ्ख्याको एउटा सूचक कायम गरी ५ % अङ्क गरेर १०० प्रतिशतमा विद्यालयको कार्यसम्पादन परीक्षणको अङ्कन गर्ने व्यवस्था गरिएको छ। भारका दृष्टिले हेर्दा लगानी २५%, प्रक्रिया ३०% र उपलब्धिका लागि ४०% भार कायम गरिएको छ। (लगानी + प्रक्रिया+उपलब्धि+विद्यार्थी सङ्ख्या = कुल प्राप्ताङ्क) यही अङ्कनका आधारमा विद्यालयको स्तर तोक्ने व्यवस्था गरिएको छ।

**तालिका नं. २.१.५ क : विद्यालय कार्यसम्पादन परीक्षणका क्षेत्र तथा उपक्षेत्रका आधारमा स्तर निर्धारण**

| क्र सं | क्षेत्र | उपक्षेत्र | सूचकहरू | पूर्णाङ्क | स्तर |
|---|---|---|---|---|---|
| १ | लगानी | भौतिक संरचना | १६ | ४८ | ०–१६ कमजोर<br>१७–३२ सामान्य<br>३३–४१ मध्यम<br>४२–४८ उत्तम |
| २ | | शिक्षक | ७ | २१ | ०–७ कमजोर<br>८–१४ सामान्य<br>१५–१८ मध्यम<br>१९–२१ उत्तम |
| ३ | | समुदायको सहभागिता र लगानी | ४ | १२ | ०–४ कमजोर<br>५–८ सामान्य<br>९–१० मध्यम<br>१९–१२ उत्तम |
| जम्मा | | लगानी (I) | २७ | ८१ | ०–२७ कमजोर<br>२८–५४ सामान्य<br>५५–६९ मध्यम<br>७०–८१ उत्तम |
| ४ | प्रक्रिया | कक्षा शिक्षण | १० | ३० | ०–१० कमजोर<br>११–२१ सामान्य<br>२२–२६ मध्यम<br>२७–३० उत्तम |
| ५ | | विद्यार्थी मूल्याङ्कन | ६ | १८ | ०–६ कमजोर<br>७–१२ सामान्य<br>१३–१६ मध्यम<br>१७–१८ उत्तम |
| ६ | | शिक्षकको पेसागत विकास | ७ | २१ | ०–७ कमजोर<br>८–१४ सामान्य<br>१५–१८ मध्यम<br>१९–२१ उत्तम |
| ७ | | नेतृत्व र व्यवस्थापन | १७ | ५१ | ०–१७ कमजोर<br>१८–३४ सामान्य<br>३५–४५ मध्यम<br>४६–५१ उत्तम |

| क्र सं | क्षेत्र | उपक्षेत्र | सूचकहरू | पूर्णाङ्क | स्तर |
|---|---|---|---|---|---|
| ८ | प्रक्रिया | सहअतिरिक्त क्रियाकलाप | ६ | १८ | ०–६ कमजोर<br>७–१२ सामान्य<br>१३–१६ मध्यम<br>१७–१८ उत्तम |
| जम्मा | | प्रक्रिया (II) | ४६ | १३८ | ०–४६ कमजोर<br>४७–९३ सामान्य<br>९४–१२१ मध्यम<br>१२२–१३८ उत्तम |
| ९ | उपलब्धि | विद्यार्थीको नियमितता, कक्षा छोड्ने र कक्षा दोहोर्‍याउने दर | ६ | १८ | ०–६ कमजोर<br>७–१२ सामान्य<br>१३–१६ मध्यम<br>१७–१८ उत्तम |
| १० | | सिकाइ उपलब्धि | ५ | १५ | ०–५ कमजोर<br>६–१० सामान्य<br>११–१३ मध्यम<br>१४–१५ उत्तम |
| ११ | | सेवाग्राही सन्तुष्टि | २ | ६ | ०–२ कमजोर<br>३–४ सामान्य<br>५–५ मध्यम<br>६–६ उत्तम |
| १२ | | शिक्षकको पेसागत सन्तुष्टि | २ | ६ | ०–२ कमजोर<br>३–४ सामान्य<br>५–५ मध्यम<br>६–६ उत्तम |
| जम्मा | | उपलब्धि (III) | १५ | ४५ | ०–१५ कमजोर<br>१६–३० सामान्य<br>३१–३९ मध्यम<br>४०–४५ उत्तम |
| कुल जम्मा | | (I±II±III) | ८८ | २६४ | |

माथि उल्लेख गरिएको कार्यसमपादन परीक्षणका लागि निर्धारण गरिएको ९५ अङ्कका विभिन्न सूचक र विद्यार्थी सङ्ख्याका आधारमा अङ्क प्रदान गर्ने आधार समावेश छन् । शिक्षा ऐन तथा नियमावलीअनुसार हिमाल, पहाड र तराई तथा उपत्यकामा क्रमशः ३०,४० र ५० प्रति कक्षा हुनुपर्ने मानक तयार गरिएको छ । यसै मानकका आधारमा विद्यालयले सेवा प्रदान गरिरहेका विद्यार्थी सङ्ख्याका आधारमा ५ अङ्क प्रदान गर्न सक्ने व्यवस्था परीक्षण साधनमा उल्लेख छ ।

***तालिका नं. २.१.५ ख : सेवा प्रदान गरिएका विद्यार्थी सङ्ख्याका आधारमा विद्यालयको स्तर निर्धारण गर्ने आधार***

| आधार | अङ्क |
|---|---|
| तोकिएको न्यूनतम सङ्ख्याको २५% भन्दा कम विद्यार्थी भए | ० |
| तोकिएको न्यूनतम सङ्ख्याको २५–५०% विद्यार्थी भए | १ |
| तोकिएको न्यूनतम सङ्ख्याको ५०–७५% विद्यार्थी भए | २ |
| तोकिएको न्यूनतम सङ्ख्याको ७५–९०% विद्यार्थी भए | ३ |
| तोकिएको न्यूनतम सङ्ख्याको ९०–१००% विद्यार्थी भए | ४ |
| तोकिएको न्यूनतम सङ्ख्याको शतप्रतिशत वा सोभन्दा बढी विद्यार्थी भए | ५ |

***तालिका नं. २.१.५ ग : कार्यसम्पादन परीक्षणमा समावेश भएका विद्यालयको अङ्क गणना गर्ने तरिका***

| क्षेत्र | मूल्याङ्कनका लागि छुट्याइएको भार | सूचक अनुसार विद्यालयले प्राप्त गरेको वास्तविक अङ्क |
|---|---|---|
| लगानी | २५% | $\left(\frac{X}{81}\right)\times 25=$ .............. जहाँ x प्राप्ताङ्क हो। |
| प्रक्रिया | ३०% | $\left(\frac{Y}{138}\right)\times 30=$ .............. जहाँ Y प्राप्ताङ्क हो। |
| उपलब्धि | ४०% | $\left(\frac{Z}{45}\right)\times 40=$ .............. जहाँ Z प्राप्ताङ्क हो। |
| सेवा प्रदान गरिएका विद्यार्थी | ५% | दिइएको अङ्क प्राप्ताङ्क हो। यो N हो |
| जम्मा | १०० % | X +Y+ Z+N = जम्मा प्राप्ताङ्क |

***तालिका नं. २.१.५ घ : विद्यालयको स्तर निर्धारणको आधार***

| स्तर | प्राप्ताङ्कका आधारमा स्तर निर्धारणको आधार |
|---|---|
| कमजोर (Poor) | ४० प्रतिशतभन्दा कम प्राप्ताङ्क |
| सामान्य (Average) | ४०–७० प्रतिशत भन्दाकम प्राप्ताङ्क |
| मध्यम (Fair) | ७०–९० प्रतिशत भन्दाकम प्राप्ताङ्क |
| उत्तम (Good) | ९० प्रतिशत वा सोभन्दा बढी प्राप्ताङ्क |

## २.१.६ विद्यालय कार्यसम्पादन परीक्षणका विधि र प्रक्रिया

कार्यसम्पादन परीक्षण एक स्तरीय, प्राज्ञिक र संवेदनशील प्रक्रिया हो। यसलाई अधिकतम रूपमा गुणस्तरीय र एकरूपता कायम हुने गरी सञ्चालन गरिन्छ। परीक्षण प्रक्रिया र नतिजालाई वस्तुगत र विश्वसनीय बनाउन उचित र सान्दर्भिक परीक्षण ढाँचा, उपयुक्त र सरल परीक्षण साधन र स्पष्ट मार्गनिर्देशन बनाई लागू गरिएको छ। यस सन्दर्भमा स्तरीय परीक्षणका लागि देहाय वृक्षरेखबमोजिमको परीक्षणका चरण र प्रक्रिया अवलम्बन गरिएको छ।

**वृक्षरेखा नं. २.१.६ : कार्यसम्पादन विधि र प्रक्रिया**




## २. १.७ परीक्षण पूर्वको चरण (Pre- Audit Phase)

१. परीक्षण सामग्री/साधन विकासः यो कार्यसम्पादन परीक्षणको सुरूवातको चरण हो । यसमा परीक्षणका लागि परीक्षण ढाँचा निर्माण, परीक्षण साधन विकास तथा अद्यावधिकीकरण र परीक्षण साधन अन्तिमीकरण गर्ने प्रक्रिया हुन्छ । कार्यसम्पादन परीक्षणसँग सम्बन्धित विज्ञ, परामर्शदाता तथा अनुसन्धानकर्ताहरूको सहभागितामा परीक्षणको सैद्धान्तिक अवधारणा, परीक्षणका आधार, क्षेत्र र उपक्षेत्र, परीक्षणका सूचकहरू र परीक्षणमा अङ्कनको आधार के हुने ? जस्ता पक्षहरू समेटेर विस्तृत सिद्धान्त, परीक्षण र प्रयोगसम्बन्धी विषयवस्तु निर्धारण गरी परीक्षण ढाँचा निर्माण गरिन्छ । परीक्षण ढाँचा विकास तथा अद्यावधिक भएपछि सोहीबमोजिम विज्ञ र सबै सरोकारवाला पक्षहरू सम्मिलित कार्यशालाबाट परीक्षण साधन र परीक्षण मार्गदर्शन निर्माण गरिन्छ । केन्द्रमा भएको परीक्षण समितिको सुझाव तथा पृष्ठपोषणको आधारमा परिमार्जनसहित अन्तिमीकरण गरिन्छ ।

२. परामर्शदाता संस्था र परीक्षकको छनौटः कार्यसम्पादन परीक्षण बाह्य र प्रमाणिक परीक्षण भएको हुँदा तेस्रो पक्षबाट हुने मूल्याङ्कनको अवधारणाबमोजिम परामर्श सेवामार्फत् स्वतन्त्र संस्था/व्यक्तिहरूबाट परीक्षण ढाँचा, परीक्षण साधन र मार्गदर्शनको आधारमा परीक्षण गर्न सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम परामर्शदाता संस्थाको छनौट गरिन्छ । निर्धारित योग्यता र अनुभव भएका व्यक्तिहरूलाई परीक्षकको रूपमा छनौट गरिन्छ । यसका लागि शिक्षा सेवाबाट निवृत्त वा विश्वविद्यालयका विज्ञ जनशक्तिहरूलाई स्वतन्त्र अनुसन्धानकर्ताको मान्यतामा छनौट र नियुक्ति गरिन्छ ।

३. क्षमता विकासः शैक्षिक गुणस्तर परीक्षण केन्द्रले तयार गरेको ढाँचा र प्रक्रियामा स्थानीय तहका पदाधिकारी र शिक्षा अधिकृतहरूलाई जिल्लास्तरमा एक दिवसीय अभिमुखीकरण तालिम कार्यशालाको माध्यमबाट कार्यसम्पादन

परीक्षणको अवधारणा र कार्यक्रम तथा प्रक्रिया र जिम्मेवारीको विषयवस्तुमा जानकारी र छलफल गराई क्षमता विकास गरिन्छ । यसै गरी अभिमुखीकरण तालिम कार्यशालाको माध्यमबाट परीक्षक तथा परामर्शदाता संस्थाका जनशक्तिको क्षमता विकास गरिन्छ । साथै परीक्षकले स्थानीय तहको संयोजन र समन्वयमा परीक्षण गरिने विद्यालयका प्रधानाध्यापकहरूका लागि स्थानीय स्तरमा अभिमुखीकरण बैठक आयोजना गरी परीक्षणको कार्ययोजना निर्माण गरिन्छ ।

### २.१.८ परीक्षण चरण (Auditing Phase)

१. विद्यालय स्तरमा स्थानीयसरोकारवालाहरूसहितको सहभागितामा परीक्षण सुरू गर्नुपूर्व कार्यसम्पादन परीक्षणका लागि परिचयात्मक बैठक राखी परीक्षणको महत्त्व, संवेदनशीलता, विधि र प्रक्रिया तथा सम्बद्ध पक्षको जिम्मेवारीका विषयमा छलफल गरिन्छ । यसले गर्दा सहयोगात्मक र उद्देश्यमूलक रूपमा परीक्षण गर्न सजिलो हुन्छ । यसपछि परीक्षण कार्यमा पुष्ट्याइँका लागि आवश्यक पर्ने प्रमाण अभिलेखहरू सङ्कलन गर्ने प्रक्रिया र विद्यालयको समग्र पक्षहरूको सूक्ष्म रूपमा स्थलगत अवलोकन गरिन्छ ।

२. तथ्याङ्क र सूचना सङ्कलन : यस प्रक्रियामा परीक्षणको प्रक्रियामा साधनमा भएका क्षेत्र र सूचकको आधारमा सूचना सङ्कलन गरिन्छ । ती सूचनाहरूको अन्य स्रोतबाट जानकारी जाँच गरी प्रमाणीकरण गरिन्छ र साधनको प्रयोग गरी अङ्कन विश्लेषण र प्रतिवेदन कार्य गरिन्छ ।

३. परीक्षण र प्रतिवेदनसँगै सो परीक्षणको अनुगमन र सम्परीक्षण गरी प्रमाणीकरण गरिन्छ अनि तत्काल पृष्ठपोषणको माध्यमबाट अन्तिमीकरण गरिन्छ । यसपछि सो परीक्षणका प्रतिवेदन तीन प्रति तयार गरी प्रमाणित गरी गराई एक प्रति विद्यालयमा, एक प्रति स्थानीय तहमा र एक प्रति सम्बन्धित संस्थामार्फत् शैक्षिक गुणस्तर परीक्षण केन्द्रमा बुझाउने प्रक्रिया हुन्छ ।

### २.१.९ परीक्षण पश्चात्को चरण (Post Auditing Phase):

१. परीक्षण तथा सम्परीक्षण कार्यपछि शैक्षिक गुणस्तर परीक्षण केन्द्रले देशभरिका परीक्षण प्रतिवेदन सङ्कलन गरी सोको आधारमा (Performance Audit Software) मा तथ्याङ्क प्रविष्टि गरिन्छ । देशभरिका सबै विद्यालयहरूको तथ्याङ्क एकीकृत गरी विस्तृत तथ्याङ्क विश्लेषण गरिन्छ ।

२. तथ्याङ्क एकीकरण, शुद्धीकरण र विश्लेषणपछि स्थानीय तहगत, प्रदेशगत र राष्ट्रिय प्रतिवेदन तयारी र लेखन गरिन्छ । यस कार्यमा शैगुपकेको परामर्श र सहजीकरणमा परामर्शदाता संस्थाबाट स्वतन्त्र रूपमा प्रतिवेदन लेखन गरिन्छ ।

३. तयार भएका प्रतिवेदनहरूको प्रमाणीकरणपछि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय मातहतको शिक्षा नीति निर्धारण समितिमा पेश गरी सार्वजनिकीकरण गरिन्छ । साथै विद्यालय, स्थानीय तह, प्रदेश र केन्द्रीय निकायहरूले गर्नुपर्ने, गर्न सकिने नीतिगत र व्यावहारिक सुधारका उपायहरू विशिष्ट रूपमा प्रस्तुत गरी सुझाव आदानप्रदान गरिन्छ । उक्त विधि तथा प्रक्रियामा रही स्वतन्त्र रूपमा विद्यालयको कार्यसम्पादन परीक्षण गरी नेपालको शिक्षा प्रणालीमा ठोस सुधारका लागि पहल गरिन्छ ।

# खण्ड ३ : विद्यालय कार्यसम्पादन परीक्षण नतिजाको विश्लेषण

## ३.१ परिचय

कुनै पनि संस्थाको कार्यसम्पादन परीक्षण त्यस संस्थाको सरोकारवालाको जानकारी र सो जानकारीका आधारमा आवश्यक विषयक्षेत्रमा सुधार गर्नका लागि गरिएको हुन्छ। सम्बन्धित संस्थाले आफ्नो अवस्थाका बारेमा जानकारी प्राप्त गर्दछ। त्यस संस्थासँग सम्बद्ध सूचकहरूका आधारमा गरिएको मूल्याङ्कनले कुन कुन विषयक्षेत्रमा सबलता छ र कुन कुन विषय क्षेत्रमा कमजोरी छ सोको जानकारी प्राप्त गरी सुधार गरिन्छ। स्वःमूल्याङ्कनका लागि आधार मिल्छ। त्यसैगरी यसले संस्थासँग सम्बन्धित पद्धतिका अन्य संस्थाहरू र नीतिगत तहमा समेत जानकारी र सुधारका लागि आधार दिइन्छ। कार्यसम्पादन परीक्षणका यस खण्डमा प्रस्तुत भएका विश्लेषित तथ्य, तथ्याङ्क, पद्धतिगत र नीतिगत पक्षका लागि बढी महत्त्व हुने अपेक्षा गरिएको छ।

अ.व. २०७५/७६ मा शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट कार्यसम्पादन परीक्षण गरिएका ९९६ विद्यालयहरूको अवस्था यस खण्डमा प्रस्तुत गरिएको छ। १३ जिल्लाका सबै सामुदायिक माध्यमिक विद्यालयको परीक्षणको नतिजा यहाँ प्रस्तुत गरिएको छ। समग्र रूपमा १३ जिल्लाका सामुदायिक माध्यमिक विद्यालयहरूको कार्यसम्पादन परीक्षणको समग्र नतिजालाई लगानीका आधारमा, प्रक्रियाका आधारमा, उपलब्धिका आधारमा र विद्यार्थी सङ्ख्याको आधारमा प्रस्तुत गरिएको छ। परीक्षण गरिएका जिल्लाको जिल्लागत तुलनात्मक अवस्था र जिल्लाभित्रका स्थानीय तहको तुलनात्मक अवस्थासमेत प्रस्तुत गरिएको छ। स्थानीय तहभित्रका विद्यालयहरूको तुलनात्मक नतिजा अनुसूचीमा दिइएको छ। यसरी प्रस्तुत भएको नतिजाबाट सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारलाई नीतिगत निर्णय लिन सहयोग हुने अपेक्षा गर्न सकिन्छ। त्यसै गरी सम्बन्धित सबै सरोकारवालाले प्रस्तुत विषयवस्तुबाट थप सूचना र जानकारी प्राप्त गर्नेछन्।

उल्लिखित जिल्लाका विद्यालयको कार्यसम्पादन परीक्षणका लागि लगानी अन्तर्गत २७ ओटा, प्रक्रियामा ४६ ओटा र उपलब्धिमा १५ ओटा सूचकहरू गरी जम्मा ८८ ओटा सूचकहरू प्रयोग भएका थिए। परीक्षण साधनमा ती तीन विषय क्षेत्रमा क्रमशः ८१, १३८ र ४५ पूर्णाङ्क कायम गरी परीक्षण गरिएको थियो। ती तिनै पक्षका समग्र परिणामलाई क्रमशः २५, ३० र ४० प्रतिशत हुने गरी भार कायम भएको थियो। ५% भार विद्यार्थी सङ्ख्यालाई दिइएको थियो।

## ३.२ कार्यसम्पादन परीक्षणको समग्र औसत नतिजा

तालिकामा नं. ३.२. परीक्षण गरिएका ९९६ विद्यालहरूको क्षेत्रगत र उपक्षेत्रगत कार्यसम्पादन परीक्षणको औसत नतिजा प्रतिशत प्रस्तुत गरिएको छ। जसअनुसार क्षेत्र र क्षेत्र अन्तर्गतका उपक्षेत्रगत पूर्णाङ्कअनुसारको औसत र औसत प्रतिशत प्रस्तुत छ।

***तालिका नं ३.२ : कार्यसम्पादन परीक्षणको क्षेत्र र उपक्षेत्रगत नतिजा विवरण***

| क्षेत्र | उपक्षेत्र | औसत प्राप्ताङ्क | पूर्णाङ्क | प्राप्ताङंक औसत % | कुल औसत |
|---|---|---|---|---|---|
| लगानी | भौतिक पूर्वाधार | २४.८ | ४८.० | ५१.७ | लगानी औसत ५६ प्रतिशत |
| | शिक्षक | १४.५ | २१.० | ६९.० | |
| | समुदायिक सहभागिता | ६.१ | १२.० | ५०.६ | |
| प्रक्रिया | कक्षा शिक्षण | १४.९ | ३०.० | ४९.८ | प्रक्रिया औसत ५६.३ प्रतिशत |
| | विद्यार्थी मूल्याङ्कन | १०.८ | १८.० | ६०.२ | |
| | शिक्षकको पेशागत विकास | ८.१ | २१.० | ३८.६ | |
| | नेतृत्व र मूल्याङ्कन | ३२.५ | ५१.० | ६३.७ | |
| | सह र अतिरक्त क्रियाकलाप | ११.४ | १८.० | ६३.२ | |
| उपलब्धि | आन्तरिक सक्षमता* | ९.७ | १८.० | ५४.० | उपलब्धिऔसत ६०.४ प्रतिशत |
| | सिकाइ उपलब्धि | ९.३ | १५.० | ६२.२ | |
| | सेवाग्राही सन्तुष्टि | ४.० | ६.० | ६७.४ | |
| | शिक्षकको पेशागत सन्तुष्टि | ४.१ | ६.० | ६८.१ | |

**विद्यार्थी नियमितता, दोहोर्‍याउने र छाडने दरः*

माथिको तालिकाअनुसार लगानी र प्रक्रियामा झण्डै उस्तै क्रमशः ५६ प्रतिशत र ५६.३ प्रतिशत नतिजा देखिन्छ। तर उपलब्धिमा तुलनात्मकरूपमा राम्रो अर्थात् ६०.४ प्रतिशत देखिएको छ। यसको मतलब हाम्रो लगानीको अवस्था कमजोर र प्रक्रियामा पर्याप्त ध्यान नपुग्दानपुग्दै पनि उपलब्धि तुलनात्मक रूपमा राम्रो छ। यदि यसै कुरालाई मात्र आधार मान्ने हो भने लगानी र प्रक्रिया कमजोर हुँदाहुँदै पनि उपलब्धि राम्रो हुनु राम्रो पक्ष हो। सामन्यतया यसमा विद्यालय पद्धतिभन्दा बाहिरका तत्त्वको प्रभाव महत्त्वपूर्ण हुन आउँछ। विद्यार्थीको व्यक्तिगत र घरपरिवारको प्रभाव एउटा महत्त्वपूर्ण कारण हुन सक्छ।

जब हामी समग्र रूपमा उपक्षेत्रगत रूपमा विश्लेषण गर्न पुग्छौँ तब शिक्षकसम्बन्धी उपक्षेत्रमा सबैभन्दा बढी औसत प्रतिशत (६९%) अङ्क देखिन्छ, जसअनुसार शिक्षकको योग्यता, शिक्षक विद्यार्थी अनुपात, लैङ्गिक पक्ष, ICT क्षमता, उपस्थिति आदि पर्दछन्। यी पक्षमा हाम्रो लगानी राम्रो भएको देखियो। क्षेत्रगत उपक्षेत्रको अवस्था तुलना गर्दा लगानीअन्तर्गत शिक्षकमा गरिएको लागानी उत्कृष्ट देखिन्छ भने भौतिक व्यवस्थापन र समुदायिक सहभागिताको अवस्था झण्डैझण्डै उस्तै छ। त्यसैगरी प्रकियाअनर्तरगत नेतृत्व र मूल्याङ्कनको अवस्था राम्रो देखिन्छ। शिक्षक पेशागत विकास सबैभन्दा कमजोर देखिन्छ जसअन्तर्गत क्षमता विकासको अवसर, रचनात्मक कार्य, प्रोत्साहन, भ्रमण, अध्यान सामग्री, प्रकाशन आदि पर्दछन्। तथ्याङ्कका आधारमा विश्लेषण गरिएको विद्यार्थीको उपलब्धि (विभिन्न कक्षा र विषयको औसत अङ्क) निकै कम हुँदाहुँदै पनि सेवाग्राही र शिक्षकको पेशागत सन्तुष्टि निकै राम्रो देखिएको छ।

## ३.३ विद्यालयको समग्र स्तर

तालिका नं. ३.३. नं. र ३.३. क चित्रमा परीक्षण गरीएका ९९६ विद्यालयको समग्र स्तर (उत्तम, मध्यम, सामान्य र न्यूनको ) स्थिति प्रस्तुत छ। प्रस्तुत तालिका र चित्रबाट नेपालका विद्यालयहरूको समग्र अवस्थाको परिदृष्य अवगत गर्न सकिन्छ।

***तालिका ३.३ : सङ्ख्याको आधारमा विद्यालयहरूको समग्र अवस्था***

| क्रम सङ्ख्या | स्तर | सङ्ख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | उत्तम | २ | ०.२ | ०–४० – भन्दाकम कमजोर (प्रतिशत)<br>४०–७० – भन्दाकम कमजोर सामान्य -प्रतिशत_<br>७०–९०, भन्दाकम कमजोर मध्यम -प्रतिशत_<br>९०–१००, उत्तम -प्रतिशत_ |
| २ | मध्यम | १४१ | १४.२ | |
| ४ | सामान्य | ८२९ | ८३.२ | |
| ३ | न्यून | २४ | २.४ | |
| | जम्मा | ९९६ | १०० | |

तालिकामा नं. ३.३. मा प्रस्तुत भएका विषयवस्तुलाई सरलीकृत रूपमा तलको पाई चार्ट (रेखाचित्रमा) समेत प्रस्तुत गरिएको छ।

***चित्र ३.३ क : कार्यसम्पादन स्तरको तुलनात्मक प्रस्तुति (९९६ विद्यालय)***



***चित्र ३ .३ ख : लगानी, प्रक्रिया र उपलब्धिका आधारमा तुलनात्मक अवस्था***




माथिको तालिका र रेखाचित्रअनुसार परीक्षणबाट प्राप्त नतिजा विश्लेषण गर्न ग्राह्य ९९६ विद्यालय उत्तम, मध्यम, सामान्य र न्यून श्रेणीमा के कति परे भन्ने जानकारी प्रस्तुत छ। परीक्षण ढाँचा र साधनमा दिइएअनुसार ४० प्रतिशतभन्दा कम नतिजा प्राप्त गर्ने विद्यालय कमजोर विद्यालय हो। सोही अनुसार ४० देखि ७० भन्दाकम सामान्य, ७० देखि ९० भन्दाकम मध्यम र ९०–१०० प्रतिशत प्राप्त गर्ने विद्यालय उत्तम हो।

माथि तालिकामा प्रस्तुत तथ्य तथ्याङ्क उत्साहजनक छैन। ९९६ विद्यालयमध्ये जम्मा २ ओटा अर्थात् ०.२% विद्यालय मात्र उत्तम श्रेणीमा देखिएका छन्। सबैभन्दा बढी ८२९ (८३.२%) विद्यालय सामान्य, १४१ (१४.२%) विद्यालय मध्यम र २४ (२.४%) विद्यालय न्यून श्रेणीमा परेका छन्। यसले नेपालका अधिकांश सामुदायिक माध्यमिक विद्यालयहरू

सामान्य गतिले चलेका छन् भन्ने जानकारी दिन्छ। एउटै नीति, विद्यालयमा सरकारको लगानीको आधार तथा मानक एकै, एकै प्रकारका शिक्षक, एउटै मापदण्डका आधारमा सञ्चालित विद्यालयहरूबीचमा यस प्रकारको भिन्नता देखिनुलाई स्वाभाविक मान्न सकिँदैन। यसको नीतिगत तहमा महत्त्वपूर्ण उपादेयता देखिन्छ। यसले उल्लिखित विषयतर्फ तीनै तहका सरकारले थप ध्यान दिन, सोच्न र नीतिगत आधार परिर्वतन आवश्यक भएको सङ्केत गरेको छ।

## ३.४ विद्यालयको लगानी क्षेत्र समग्र स्तर

तालिका ३.४ मा विद्यालयमा गरिएको लगानीका आधारमा विद्यालयहरूको स्तरगत नतिजा प्रस्तुत गरिएको छ। लगानी क्षेत्रका सूचकमा भौत्तिक संरचना, शिक्षक र समुदायको सहभागिता र लगानी गरी तीन उपक्षेत्रअन्तर्गत २७ सूचक र ८१ पूर्णाङ्कको आधारमा कार्सम्पादन परीक्षण भएको थियो।

***तालिका ३.४ : विद्यालयहरूको कार्यसम्पादन परीक्षणमा लगानी क्षेत्रको समग्र नतिजा***

| क्रम सङ्ख्या | स्तर | सङ्ख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | उत्तम | ३ | ०.३ | ०–४० भन्दाकम कमजोर<br>४०–७० भन्दाकम सामान्य<br>७०–९० भन्दाकम मध्यम<br>९०–१०० उत्तम |
| २ | मध्यम | १६३ | १६ | |
| ४ | सामान्य | ७५० | ७५ | |
| ३ | न्यून | ८० | ८ | |
| | जम्मा | ९९६ | १०० | |

चित्र नं. ३.३ को क अनुसार विद्यालयको लगानी क्षेत्रमा समग्र नतिजाको श्रेणी स्तरगत अवस्थाभन्दा केही फरक देखिएको छ तापनि सामान्य प्रकृति वा भनौ प्रवृति भने उस्तै छ। यहाँ सबैभन्दा बढी सामान्यमा ७५० (७५%) विद्यालय, त्यसपछि मध्यममा १६३ (१६%) विद्यालय, न्यूनमा ८० (८%) विद्यालय र उत्तममा जम्मा ३ (०.३%) विद्यालय रहेको पाइएको छ।

उल्लेखित अवस्थाबाट दुई प्रमुख विषयको सिकाइ हुन्छ। पहिलो लगानी राम्रो र पर्याप्त भए नै उपलब्धि राम्रो हुने हो भन्ने सामान्य सिद्धान्त र बुझाइलाई यसले सावित गर्छ। तालिका ३.३.क पनि समग्र कार्यसम्पादनको नतिजाको प्रकृति उस्तै भएकोले लगानी क्षेत्र, कार्यसम्पादनको प्रक्रिया क्षेत्र र विद्यालयले हासिल गरेको उपलब्धि क्षेत्रको नतिजाको बीचमा तादात्म्यता हुनुपर्छ भन्ने कुराको सङ्केत गर्छ। दोस्रो कुरा राम्रो लगानी हुँदाहुँदै पनि केही विद्यालयले उपलब्धि (कार्यसम्पादन परीक्षणको नतिजा) राम्रो दिन सकेनन् भन्ने बुझिन्छ। यसले पद्धतिको आन्तरिक सक्षमतामा प्रश्न उठाउँछ। तसर्थ हाम्रा सामुदायिक विद्यालयहरूमा लगानीमा विशेष ख्याल गर्दै तिनको आन्तरिक सक्षमता बढाउन प्रयास नपुगेको कुरालाई ध्यान दिनुपर्ने नीतिगत उपादेयता देखिएको छ।

## ३.५ विद्यालयहरूको प्रक्रिया क्षेत्रमा समग्र स्तर

तालिका नं. ३.५ मा प्रक्रियाका आधारमा कार्यसम्पादनको नतिजा प्रस्तुत गरिएको छ। प्रक्रिया क्षेत्रअन्तर्गत कक्षा शिक्षण, विद्यार्थी मूल्याङ्कन, शिक्षकको पेसागत विकास, नेतृत्व, सह तथा अतिरिक्त क्रियाकलापका क्रमशः १०, ६, ७, १७ र ६ गरी जम्मा ४६ ओटा गरी कुल ४६ सूचकका लागि १३८ पूर्णाङ्क कायम गरिएको थियो।

***तालिका ३.५ : विद्यालय कार्यसम्पादन परीक्षणमा प्रक्रिया क्षेत्रको समग्र अवस्थाः***

| क्रम सङ्ख्या | स्तर | सङ्ख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | उत्तम | १३ | १.३ | ०-४० भन्दाकम कमजोर<br>४०-७० भन्दाकम सामान्य<br>७०-९० भन्दाकम मध्यम<br>९०-१०० उत्तम |
| २ | मध्यम | २०५ | २०.६ | |
| ४ | सामान्य | ६४२ | ६४.५ | |
| ३ | न्यून | १३६ | १३.७ | |
| | जम्मा | ९९६ | १०० | |

तालिका नं. ३.५. अनुसार अधिकांश विद्यालयहरू ६४२ (६४.५%) सामान्य श्रेणीमा परेका छन् । यसो भन्नाले कार्यसम्पादनमा संलग्न गरिएका अधिकांश विद्यालय सामान्य प्रक्रियाका आधारमा सञ्चालित छन् । कुल ९९६ विद्यालयमध्ये जम्मा १३ ओटा विद्यालय (१.३%) मात्र उत्तम प्रक्रिया अवलम्बन गर्ने भेटिएका छन् । त्यसैगरी प्रक्रियाका आधारमा मध्यमखालले सञ्चालित जम्मा २०५ (२०.६%) प्रतिशत छन् भने प्रक्रियाका आधारमा हेर्दा न्यून वा कमजोर अवस्थामा सञ्चालित जम्मा १३६ (१३.७%) विद्यालय रहेका छन् ।

कार्यसम्पादन परीक्षणका साधनमा प्रक्रिया सम्बद्ध सूचकमा शिक्षण योजना निर्माण, शैक्षिक सामग्रीको प्रयोग, शिक्षण सिकाइ प्रक्रियामा अन्तरक्रिया, विषयवस्तुअनुसारको शिक्षण–सिकाइ प्रक्रिया, व्यक्तिगत भिन्नताका आधारमा शिक्षण, गृहकार्य दिने, गृहकार्य जाँच्ने र पृष्ठपोषण दिने जस्ता पक्ष छन् । त्यसैगरी विद्यार्थी मूल्याङ्कनका चरणगत पक्ष, शिक्षकको पेसागत विकासका विभिन्न पक्ष, विद्यालयमा प्रधानाध्यापकको भूमिका, सह तथा अतिरिक्त क्रियाकलाप सम्बद्ध सूचकहरू समावेश गरिएका छन् । यी सूचकहरू शिक्षा ऐन, नियम तथा पाठ्यक्रम र नीतिगत व्यवस्थामै आधारित छन् ।

माथि तालिकामा प्रस्तुत नतिजा र ती नतिजा प्राप्त गर्न प्रयोग गरिएका प्रक्रियामा आधारित सूचकका बीचको अन्तरसम्बन्ध कमजोर देखियो । सरकारको नीतिगत व्यवस्था कार्यान्वयनमा समस्या देखियो । परीक्षण साधनका सूचकलाई नीति र कार्यान्वयन पक्ष दुवैको सापेक्षतामा विश्लेषण गरी त्यसका आधारमा प्रक्रियागत पक्ष सबल बनाउन पर्ने कुरा परीक्षणको नतिजाले सङ्केत गरेको छ ।

## ३.६ विद्यालयहरूको उपलब्धि क्षेत्रमा समग्र स्तर

तालिका ३.६ मा शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट कार्यसम्पादन परीक्षण गरिएका एक हजार विद्यालयहरूमध्ये विश्लेषणमा संलग्न ९९६ विद्यालयको उपलब्धिसँगको नतिजा प्रस्तुत गएिको छ ।

***तालिका ३.६ : विद्यालयहरूको कार्यसम्पादन परीक्षणमा उपलब्धि क्षेत्रको समग्र अवस्थाः***

| क्रम सङ्ख्या | स्तर | सङ्ख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | उत्तम | ७ | ०.७ | ०-४० भन्दाकम कमजोर<br>४०-७० भन्दाकम सामान्य<br>७०-९० भन्दाकम मध्यम<br>९०-१०० उत्तम |
| २ | मध्यम | २४० | २४.१ | |
| ३ | सामान्य | ६९४ | ६९.७ | |
| ४ | न्यून | ५५ | ५.५ | |
| | जम्मा | ९९६ | १०० | |

परीक्षणको नतिजामा उपलब्धि उत्तम भएका जम्मा ७ (०.७%), मध्यम भएका जम्मा २४० (२४.१%), सामान्य भएका ६९४ (६९.७) र न्यून भएका जम्मा ५५ (५.५%) विद्यालयहरू भएको तालिका नं. ३.६ बाट अवगत हुन्छ। शैक्षिक पद्धतिको मूल उद्देश्य राम्रो उपलब्धि प्राप्तगर्नु हो। तर माथि प्रस्तुत तथ्यले करिब ७०% विद्यालयहरूले सामान्य स्तरको मात्र उपलब्धि प्राप्त गरेको देखिन्छ। एक प्रतिशतभन्दा कम मात्र उत्तम श्रेणीमा देखिएका छन्। यो विषय नीतिगत तह, कार्यान्वयन पक्ष र सबै सरोकारवालाका लागि चिन्ताको विषय हुनुपर्ने देखिन्छ।

उपलब्धि सम्बद्ध सूचकहरूमा विद्यार्थीको विद्यालयमा नियमितता, विद्यालय छाड्ने र कक्षा दोहोर्‍याउने दर, विद्यार्थीको औसत सिकाइ उपलब्धि, सेवा ग्राही सन्तुष्टि र शिक्षक पेशागत सन्तुष्टि जस्ता पक्ष छन्। माथि लगानी र प्रक्रिया क्षेत्रको कार्यसम्पादन नतिजा अधिकांश विद्यालयको सामान्य नै थियो। लगानी सामान्य गर्ने, प्रक्रिया पनि उस्तै भएपछि उपलब्धि सामान्य देखिनु अस्वाभाविक होइन। लगानी सामान्य भएका विद्यालय करिब ७५% छन्। त्यस्तै प्रक्रिया सामान्य भएका विद्यालय ६४.५% छन् भने उपलब्धि सामान्य भएका विद्यालय करिब ७०% छन्।

यी तालिकाहरूले लगानीको पक्ष नै कमजोर देखाएको छ। सामान्य लगानी, प्रक्रिया र उपलब्धिको पद्धतिगत सिद्धान्त हेर्दा लगानी राम्रो छ र प्रक्रिया सक्षम देखिएको छ। यस अवस्थामा उपलब्धि भने राम्रो प्राप्त हुन्छ। त्यसैले शिक्षाको उत्तम लक्ष उपलब्धि राम्रो हुनुपर्ने हो। अपेक्षित रूपमा हुन नसक्नुमा लगानी र प्रक्रियाको पक्षमा जोड दिनुपर्छ भन्ने आधार कार्यसम्पादन परीक्षणको नतिजाले देखाउँछ।

## ३.७ विद्यालयहरूको सेवा प्रदान गरिएका विद्यार्थी सङ्ख्याका आधारमा स्तर

सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्याका आधारमा पनि मापनको आधार तय भएको छ। यसमा मुख्य रूपले अघिल्लो वर्षको जम्मा कक्षा सङ्ख्या, हुनुपर्ने न्यूनतम विद्यार्थी सङ्ख्या, यस प्रयोजनका लागि शिक्षा नियमावलीमा प्रति कक्षामा हिमाल, पहाड र तराई तथा उपत्यकामा हुनुपर्ने विद्यार्थी सङ्ख्यालाई लिन निर्देशन गरिएको छ। यस्तै गरी हालका जम्मा विद्यार्थीका आधारमा सूचकहरू बनेका छन्। यी सूचकहरूमा न्यूनतम सङ्ख्याको आधारमा हालको विद्यार्थी सङ्ख्या प्रतिशत, परीक्षणका लागि तोकिएको न्यूनतम सङ्ख्याको २५% भन्दा कम विद्यार्थी भए, तोकिएको न्यूनतम सङ्ख्याको २५ देखि ५०% भन्दा कम विद्यार्थी भए, तोकिएको न्यूनतम सङ्ख्याको ५०देखि ७५% भन्दा कम विद्यार्थी भए, तोकिएको न्यूनतम सङ्ख्याको ७५ देखि ९०% भन्दा कम विद्यार्थी भए, तोकिएको न्यूनतम सङ्ख्याको ९० देखि १००% भन्दा कम विद्यार्थी भए र तोकिएको न्यूनतम सङ्ख्याको शतप्रतिशत र सोभन्दा बढी विद्यार्थी भए पूरै अङ्क प्रदान गर्न सक्ने गरी मापनको आधार बनेको थियो। यसैका आधारमा ५ अङ्कको मूल्याङ्कन भएको छ। यसको नतिजा तालिका नं. ३.७ उल्लेख गरिएको छ।

***तालिका ३.७: विद्यालयले सेवा प्रदान गरेको विद्यार्थी सङ्ख्याको आधारमा कार्यसम्पादन परीक्षणको अवस्था:***

| क्र. सङ्ख्या | स्तर | सङ्ख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | उत्तम | ४०८ | ४१ | 0-25% भन्दाकम ज्यादै न्यून<br>25-50 भन्दाकम न्यून<br>50-75 भन्दाकम सामान्य<br>75-90 भन्दाकम मध्यम<br>90-100 अति |
| २ | मध्यम | १७५ | १७.६ | |
| ३ | सामान्य | ३०७ | ३०.८ | |
| ४ | न्यून | १०६ | १०.६ | |
| | जम्मा | ९९६ | १०० | |

तालिका नं. ३.७ मा विद्यार्थी सङ्ख्याका आधारमा विद्यालयको अवस्था हेरिएको छ। प्रचलित कानुनले विद्यालयले सेवा प्रदान गर्नुपर्ने भनी तोकिएको न्यूनतम सङ्ख्याको आधारमा हेर्दा तोकिएभन्दा बढी विद्यार्थी भएका विद्यालय ४१% रहेको देखिएको छ। त्यसैगरी तोकिएको न्यूनतम सङ्ख्याको २५% भन्दाकम विद्यार्थीलाई सेवा प्रदान गरिरहेका विद्यालय झन्डै ११% देखिएको छ। यस्ता विद्यालयहरूको स्तर सुधार गर्ने वा अर्को निकटस्थ विद्यालयसँग समायोजन गर्ने भन्ने प्रश्न उठ्न सक्छ। यस्तै तोकिएको न्यूनतम सङ्ख्याभन्दा कम तर तोकिए सङ्ख्याको ५०% भन्दा बढी विद्यार्थीलाई सेवा प्रदान गरिरहेका विद्यालयहरूको सङ्ख्या लगभग ४८% रहेको छ। यसरी हेर्दा ५९% विद्यालयहरू शिक्षाको नीति, कार्यक्रम र विद्यालय सञ्चालनका लागि तोकिएको मानकअनुसारका न्यूनतम विद्यार्थीहरू नभएको पाइएको छ। यस नतिजाबाट विद्यालयका लागि लगानी, प्रक्रिया र सिकाइ उपलब्धि बढाउनुपर्ने दृष्टिले थप अध्ययन आवश्यक देखिएको छ। यसलाई मात्र आधार बनाएर पनि लगानी तथा प्रक्रियाका विषयमा नीतिगत परिमार्जन गर्नुपर्ने देखिएको छ।

## ३.८ जिल्लागत विद्यालयहरूको समग्रको तुलना

तालिका नं. ३.८. कार्यसम्पादन परीक्षण गरिएका सबै प्रदेश अन्तर्गतका १३ जिल्लाका कुल ९९६ सामुदायिक माध्यमिक विद्यालयहरूको समग्र परीक्षण नतिजा प्रस्तुत गरिएको छ।

***तालिका ३.८ : जिल्लागत कार्यसम्पादन परीक्षण नतिजा***

| जिल्ला | उत्तम | | मध्यम | | सामान्य | | न्यून | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यालय सङ्ख्या | प्रतिशत | विद्यालय सङ्ख्या | प्रतिशत | विद्यालय सङ्ख्या | प्रतिशत | विद्यालय सङ्ख्या | प्रतिशत | विद्यालय सङ्ख्या |
| अछाम | | | ९ | ९.७ | ८२ | ८८.२ | २ | २.२ | ९३ |
| उदयपुर | | | ८ | ७.२ | १०० | ९०.१ | ३ | २.७ | १११ |
| ओखलढुङ्गा | | | ६ | ८.५ | ६४ | ९०.१ | १ | १.४ | ७१ |
| गोरखा | | | ८ | ७.२ | १०० | ९०.१ | ३ | २.७ | १११ |
| दार्चुला | १ | १.५ | १० | १४.९ | ५६ | ८३.६ | - | - | ६७ |
| धनुषा | | | ९ | १०.७ | ६३ | ७५.० | १२ | १४.३ | ८४ |
| पर्सा | | | ६ | ११.३ | ४६ | ८६.८ | १ | १.९ | ५३ |
| मुस्ताङ | | | १ | १४.३ | ६ | ८५.७ | - | - | ७ |
| रामेछाप | | | ११ | १२.२ | ७९ | ८७.८ | - | - | ९० |
| रूपन्देही | १ | ०.७ | २९ | २०.३ | ११३ | ७९.० | - | - | १४३ |
| रोल्पा | | | ५ | ७.० | ६४ | ९०.१ | २ | २.८ | ७१ |
| ललितपुर | | | ३६ | ५०.० | ३६ | ५०.० | - | - | ७२ |
| हुम्ला | | | ३ | १३.० | २० | ८७.० | - | - | २३ |
| जम्मा | २ | ०.०२ | १४१ | १४.२ | ८२९ | ८३.२ | २४ | २.४ | ९९६ |

कार्यसम्पादन परीक्षण गरिएका १३ जिल्लाका ९९६ विद्यालय मध्ये ८३.२ % विद्यालयहरूको कार्यसम्पादनको अवस्था सामान्य देखियो। उत्तम कार्यसम्पादन भएका विद्यालय ९९६ मध्ये जम्मा दुई ओटा देखिएको छ। ती दुईओटामा एउटा विद्यालय रूपन्देहीमा र अर्को विद्यालय दार्चुलामा देखिन्छ। कार्यसम्पादन परीक्षणमा न्यून नतिजा भएका विद्यालय सबैभन्दा बढी प्रतिशत (१४.३) धनुषा जिल्लामा देखिएको छ भने कम प्रतिशत (१.४) ओखलढुङ्गामा रहेको देखिएको छ। मध्यम खालका विद्यालयको प्रतिशत सबैभन्दा बदी रूपनदेहीमा (२०.३) छन् र कम प्रतिशत (७) रोल्पामा देखिएको छ। १३ जिल्लामध्ये ६ जिल्ला (दार्चुला, मुस्ताङ, रामेछाप, रूपन्देही, ललितपुर र हुम्ला) मा न्यून स्तरको कार्यसम्पादन परीक्षणको नतिजा भएका विद्यालय देखिएनन्। ललितपुर जिल्लामा उत्तम र न्यून कार्यसम्पादन स्तर भएका विद्यालय देखिएन। मध्यम र सामान्य दुवै ५०%, ५०% प्रतिशत भएको पाइएको छ। तुलनात्मक रूपमा विद्यालयहरूबीचको कार्यसम्पादन परीक्षणको नतिजामा अरू जिल्लाको तुलनामा ललितपुरको नतिजा भिन्न देखिन्छ।

### ३.९ जिल्लागत रूपमा पालिकाहरूको समग्र कार्यसम्पादन प्राप्ताङ्कको क्रम

कार्यसम्पादन परीक्षण गरिएका १३ जिल्ला अन्तर्गतका स्थानीय तहअन्तर्गतका सामुदायिक माध्यमिक विद्यालयहरूको औसत कार्यसम्पादन नतिजा यहाँ प्रस्तुत गरिएको छ। नतिजा प्रदेशगत रूपमा प्रस्तुत भएको छ तर पनि सबै प्रदेशका सबै जिल्लाहरू भने परीक्षणमा समावेश थिएनन्।

तालिका ३.९ मा सुदूरपश्चिम प्रदेश अन्तर्गतका दुई जिल्लाका स्थानीय तहको कार्यसम्पादन परीक्षणको नतिजाका आधारमा बढीदेखि कम नतिजा हुनेको क्रमगत रूपका प्रस्तुत गरिएको छ।

***तालिका ३.९ : सुदूर पश्चिम प्रदेशको छनोट भएका जिल्लाभित्र रहेका स्थानीय तहको विद्यालयको स्तर र उपलब्धिको क्रम***

| जिल्ला | स्थानीय तहको नाम | औसत प्राप्ताङ्क | परीक्षण भएका विद्यालयको सङ्ख्या | उपलब्धिको क्रम | विद्यालयको औसत स्तर |
|---|---|---|---|---|---|
| अछाम | साँफे बगर नगरपालिका | ६४.६ | १३ | १ | सामान्य |
| | चौरपाटी गाउँपालिका | ६१.६ | ७ | २ | सामान्य |
| | बान्नीगढी जयग गाउँपालिका | ६०.८ | ५ | ३ | सामान्य |
| | रामारोशन गाउँपालिका | ६०.४ | ९ | ४ | सामान्य |
| | मङ्गलसेन नगरपालिका | ५८.२ | ११ | ५ | सामान्य |
| | मेल्लेख गाउँपालिका | ५२.९ | ७ | ६ | सामान्य |
| | तुर्माखाँद गाउँपालिका | ५२.२ | १३ | ७ | सामान्य |
| | पंचदेवल विनाय नगरपालिका | ५२.१ | ११ | ८ | सामान्य |
| | कमलबजार नगरपालिका | ५२.० | १२ | ९ | सामान्य |
| | ढकारी गाउँपालिका | ४७.६ | ५ | १० | सामान्य |

| जिल्ला | स्थानीय तहको नाम | औसत प्राप्ताङ्क | परीक्षण भएका विद्यालयको सङ्ख्या | उपलब्धिको क्रम | विद्यालयको औसत स्तर |
|---|---|---|---|---|---|
| दार्चुला | महाकाली नगरपालिका | ६८.९ | १० | १ | सामान्य |
| | मालिकार्जुन गाउँपालिका | ६३.९ | ११ | २ | सामान्य |
| | मार्मा गाउँपालिका | ६२.७ | ६ | ३ | सामान्य |
| | शैल्य शिखर नगरपालिका | ६२.५ | ११ | ४ | सामान्य |
| | ब्याँस गाउँपालिका | ६१.४ | ५ | ५ | सामान्य |
| | दुहुँ गाउँपालिका | ६०.६ | ५ | ६ | सामान्य |
| | लेकम गाउँपालिका | ५९.३ | १० | ७ | सामान्य |
| | नौगाड गाउँपालिका | ५७.७ | ६ | ८ | सामान्य |
| | अपिहिमाल गाउँपालिका | ५४.० | ३ | ९ | सामान्य |

तालिका अनुसार नं. ३.९ सुदूरपश्चिम प्रदेशका अछाम र दार्चुला दुवै जिल्लाका स्थानीय तह अन्तर्गतका सामुदायिक माध्यमिक विद्यालयहरुको कार्यसम्पादन परीक्षणको औसत अवस्था सामान्य देखियो। अर्थात् कार्यसम्पादनको नतिजा ४०–७० प्रतिशतको बीचमा छ। अछाम जिल्लाअन्तर्गत साँफेबगर नगरपालिका विद्यालयको सबै भन्दा बढी (औसत ६४.६%) पाइयो भने ढकारी गाउँपालिका विद्यालयहरुको सबै भन्दाकम ( ४७.६% ) पाइएको छ। यसरी औसत अङ्कमा १७% ले भिन्नता देखिएको छ। त्यसैगरी दार्चुला जिल्लामा महाकाली नगरपालिकाका विद्यालयहरूको सबैभन्दा बढी (६८.९%) र अपिहिमाल गाउँपालिका विद्यालयहरूको सबैभन्दा कम (औसत ५४%) छ। यस जिल्लामा रहेका स्थानीय तहको पालिकागत भिन्नता १५ प्रतिशत अङ्क छ।

माथिको तालिकामा प्रस्तुत कार्यसम्पादन परीक्षणको नतिजाबाट जिल्लाअन्तर्गतका स्थानीय तहका विद्यालयको सामान्य श्रेणी क्रम अवगत हुन्छ। स्थानीय तहहरूलाई आफ्नो तहअन्तर्गतका विद्यालयको परीक्षण नतिजा अरूभन्दा फरक किन भयो, कम वा बढी हुनुको कारण के भयो भन्ने जिज्ञासा उत्पन्न गराउन मद्दत गर्छ। यसबाट सुधारका लागि आधार प्राप्त हुन्छ।

### ३.१० : कर्णाली प्रदेशका छनोट भएका जिल्लाभित्र रहेका स्थानीय तहको विद्यालयको स्तर र उपलब्धिको क्रम

आ.व. २०७५/७६ मा कर्णाली प्रदेशको हुम्ला जिल्लामात्र शैक्षिक गुणस्तर परीक्षण केन्द्रको कार्यसम्पादन परीक्षणमा परेको थियो। यस जिल्लाका स्थानीय तहका विद्यालयहरूको औसत प्राप्ताङ्क प्रतिशत र तिनको क्रमस्तर तालिका १५ मा प्रस्तुत गरिएको छ।

***तालिका ३.१० : हुम्ला जिल्लाका स्थानीय तहहरूको विद्यालयको कार्यसम्पादन स्तरको क्रम***

| स्थानीय तहको नाम | औसत प्राप्ताङ्क | परीक्षण भएका विद्यालयको सङ्ख्या | उपलब्धिको क्रम | विद्यालयको औसत स्तर |
|---|---|---|---|---|
| सिमकोट गाउँपालिका | ६७ | ७ | १ | सामान्य |
| खार्पुनाथ गाउँपालिका | ६७ | ४ | २ | सामान्य |
| नाम्खा गाउँपालिका | ६६ | १ | ३ | सामान्य |
| ताँजाकोट गाउँपालिका | ५६ | ३ | ४ | सामान्य |
| चंखेली गाउँपालिका | ५३ | २ | ५ | सामान्य |
| अदान चुली गाउँपालिका | ५२ | २ | ६ | सामान्य |
| सर्केगाड गाउँपालिका | ५२ | ४ | ७ | सामान्य |

तालिका नं ३.१० अनुसार हुम्ला जिल्लाका ७ ओटा स्थानीय तहमध्ये सिमीकोट गाउँपालिका अन्तर्गतका विद्यालयको औसत कार्यसम्पादन परीक्षणको नतिजा प्रतिशत सबैभन्दा राम्रो (६७% ) देखिन्छ भने सबैभन्दा कमजोर सर्केगाड गाउँपालिकाअन्तरगतको विद्यालयको (५२%) देखिन्छ । सबै स्थानीय तहको विद्यालयहरूको कार्यसम्पादन परीक्षणको नतिजाको औसत सामान्य स्तरको देखिएको छ ।

समग्र जिल्लाका सामुदायिक विद्यालय सामान्य गतिमा चलेका छन् । यिनीहरूको मध्यम, त्यसपछि उत्तम स्तरमा पुग्न निकै धेरै प्रयास गर्नुपर्ने देखिन्छ । यस कार्यसम्पादन परीक्षणको उपादेयता यहींनिर छ । ती स्थानीय तहका सरकारले आ–आफ्ना तहमा किन यस्तो अवस्था आयो विमर्श हुनु आवश्यक छ । यस प्रतिवेदनको अनुसूची २ मा प्रस्तुत भएको विद्यालयगत अवस्था र ती विद्यालयका कार्यसम्पादनका क्रममा उपलब्ध गराइएको विस्तृत विवरण सुधारका लागि अध्ययनका अब्बल सामग्री हुन सक्छन् ।

## ३.११ प्रदेश ५ का छनोट भएका जिल्लाभित्र रहेका स्थानीय तहको स्तर र उपलब्धिको क्रम

तालिका ३.११ मा प्रदेश ५ अन्तर्गत आ.व. २०७५/७६ मा शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट परीक्षण गरिएका रूपन्देही र रोल्पा जिल्लाका सबै सामुदायिक विद्यालयको औसत प्राप्ताङ्क, सङ्ख्या, उपलब्धिको स्तर क्रम र स्तर प्रस्तुत गरिएको छ ।

***तालिका ३.११ : रूपन्देही र रोल्पा जिल्लाका स्थानीय तहहरूअन्तर्गतको विद्यालयको कार्यसम्पादन परीक्षण नतिजाको स्तर र क्रम:***

| जिल्ला | स्थानीय तहको नाम | औसतप्राप्ताङ्क | परीक्षण भएका विद्यालयको सङ्ख्या | उपलब्धिको क्रम | स्थानीय तहको स्तर |
|---|---|---|---|---|---|
| रूपन्देही | बुटवल उपमहानगरपालिका | ७१.१ | २० | १ | मध्यम |
| | मर्चवारी गाउँपालिका | ६८.२ | ४ | २ | सामान्य |
| | देवदह नगरपालिका | ६५.१ | १३ | ३ | सामान्य |

| जिल्ला | स्थानीय तहको नाम | औसतप्राप्ताङ्क | परीक्षण भएका विद्यालयको सङ्ख्या | उपलब्धिको क्रम | स्थानीय तहको स्तर |
|---|---|---|---|---|---|
| रूपन्देही | लुम्बिनी सांस्कृतिक नगरपालिका | ६४.९ | ७ | ४ | सामान्य |
| | सुद्धोधन गाउँपालिका | ६४.८ | ६ | ५ | सामान्य |
| | तिलोत्तमा नगरपालिका | ६२.३ | २० | ६ | सामान्य |
| | कन्चन गाउँपालिका | ६१.८ | ९ | ७ | सामान्य |
| | रोहिणी गाउँपालिका | ६१.६ | ७ | ८ | सामान्य |
| | मायादेवी गाउँपालिका | ६०.८ | ८ | ९ | सामान्य |
| | सैनामैना नगरपालिका | ६०.५ | १३ | १० | सामान्य |
| | कोटहीमाई गाउँपालिका | ५८.२ | ५ | ११ | सामान्य |
| | गैडहवा गाउँपालिका | ५६.३ | ९ | १२ | सामान्य |
| | सम्मरीमाई गाउँपालिका | ५५.७ | ३ | १३ | सामान्य |
| | सियारी गाउँपालिका | ५५.४ | ७ | १४ | सामान्य |
| | ओमसतिया गाउँपालिका | ५५.० | ३ | १५ | सामान्य |
| | सिद्धार्थनगर नगरपालिका | ५४.८९ | ९ | १६ | सामान्य |
| रोल्पा | सुवर्णावती गाउँपालिका | ६५.० | १ | १ | सामान्य |
| | परिवर्तन गाउँपालिका | ६४.३ | ७ | २ | सामान्य |
| | रोल्पा नगरपालिका | ५८.३ | ८ | ३ | सामान्य |
| | सुनिल स्मृति गाउँपालिका | ५७.१ | ७ | ४ | सामान्य |
| | सुनछहरी गाउँपालिका | ५५.५ | ८ | ५ | सामान्य |
| | लुङ्ग्री गाउँपालिका | ५४.६ | ७ | ६ | सामान्य |
| | माडी गाउँपालिका | ५४.० | ४ | ७ | सामान्य |
| | त्रिवेणी गाउँपालिका | ४७.८ | १२ | ८ | सामान्य |
| | रून्टीगढी गाउँपालिका | ४७.१ | ९ | ९ | सामान्य |
| | गङ्गादेव गाउँपालिका | ४६.८ | ८ | १० | सामान्य |

तालिकामा प्रस्तुत तथ्यअनुसार रूपन्देही जिल्लाका १६ ओटा स्थानीय सरकारमध्ये बुटवल उप महानगरपालिकाका विद्यालयहरूको कार्यसम्पादन स्तर सबैभन्दा राम्रो देखिएको छ। सो उप महानगरपालिकाको एउटा मात्र विद्यालय उत्तम कार्यसम्पादन स्तर भएको पाइएको छ। रूपन्देही जिल्लामा सबैभन्दा कमजोर स्थानीय तहमा सिद्धार्थनगर नगरपालिका देखिन्छ (औसत ५४.९%)। त्यसैगरी रोल्पाका १० स्थानीय तहमा सुवर्णावती स्थानीय तहको विद्यालयकको सबैभन्दा राम्रो (औसत उपलब्धि नतिजा ६५%) छ भने गंगादेव गाउँपालिकाको विद्यालयको सबैभन्दा कम (४६.८%) देखिन्छ। रूपन्देही जिल्लामा औसत उपलब्धिको भिन्नता १५ अङ्कको छ भने रोल्पामा १८ अङ्कको भिन्नता देखिन्छ।

### ३.१२ गण्डकी प्रदेशका छनोट भएका जिल्लाभित्र रहेका स्थानीय तहको स्तर र उपलब्धिको क्रम

तालिका २.१० मा गण्डकी प्रदेशका गोरखा जिल्लाका ११ र मुस्ताङका जिल्लाका ४ स्थानीय तहका सबै माध्यमिक विद्यालयहरूको औसत कार्यसम्पादन स्तरको क्रमगत अवस्था प्रस्तुत गरिएको छ ।

***तालिका ३.१२ : गोरखा र मुस्ताङ जिल्लाका स्थानीय तहहरूअन्तर्गतका विद्यालयको कार्यसम्पादन स्तर***

| जिल्ला | स्थानीय तहको नाम | औसत प्राप्ताङ्क | परीक्षणभएका विद्यालयको सङ्ख्या | उपलब्धिको क्रम | स्थानीय तहको स्तर |
|---|---|---|---|---|---|
| गोरखा | अजिरकोट गाउँपालिका | ६४.१ | ७ | १ | सामान्य |
| | शहीद लखन गाउँपालिका | ६१.७ | ११ | २ | सामान्य |
| | भीमसेनथापा गाउँपालिका | ६०.५ | १२ | ३ | सामान्य |
| | गोरखा नगरपालिका | ५९.३ | १६ | ४ | सामान्य |
| | बारपाक सुलीकोट गाउँपालिका | ५८.५ | १० | ५ | सामान्य |
| | गण्डकी गाउँपालिका | ५७.९ | ९ | ६ | सामान्य |
| | पालुङ्गटार नगरपालिका | ५६.१ | १३ | ७ | सामान्य |
| | सिरान चोक गाउँपालिका | ५४.९ | १५ | ८ | सामान्य |
| | आरुघाट गाउँपालिका | ४९.६ | १० | ९ | सामान्य |
| | धार्चे गाउँपालिका | ४८.४२ | ७ | १० | सामान्य |
| | चुमनुब्री गाउँपालिका | ४८.० | १ | ११ | सामान्य |
| मुस्ताङ | बाह्रागुङ मुक्तिक्षेत्र गाउँपालिका | ६६.० | १ | १ | सामान्य |
| | लोमन्थान गाउँपालिका | ६६.० | १ | २ | सामान्य |
| | थासाङ गाउँपालिका | ६३.७ | ३ | ३ | सामान्य |
| | घरपझोङ गाउँपालिका | ६३.० | २ | ४ | सामान्य |
| | लो-घेकर दामोदरकुण्ड गाउँपालिका | | | | |

तालिका नं. ३.१२. अनुसार गोरखामा अजिरकोट गाउँपालिकाका विद्यालयको औसत प्राप्ताङ्क प्रतिशत सबैभन्दा राम्रो (६४.१%) देखियो भने सबैभन्दा कमजोर चुमनुब्री गाउँपालिकाको (४८%) देखियो । त्यसै गरी मुस्ताङका स्थानीय तहका विद्यालयमध्ये बाह्रागुङ गाउँपालिका सबैभन्दा बढी (६६%) र सबैभन्दा कम घरपझोङ गाउँपालिकाको (६३%) पाइएको छ । पालिकागत भिन्नता क्रमशः १६ र ४ अङ्कको छ । मुस्ताङका पालिकाको भिन्नता स्वाभाविक प्रकृतिको देखिन्छ ।

कार्यसम्पादन परीक्षण नतिजाले गोरखा र मुस्ताङका सबै स्थानीय तहको स्तर सामान्य देखाएको छ । उत्तम, मध्यम र न्यून कुनैमा पनि देखिएन । ती जिल्लाका सामुदायिक माध्यमिक विद्यालय सामान्य गतिमा चलिरहेका छन् भन्ने देखिएको छ । ती विद्यालयलाई मध्यम र उत्तमको श्रेणीमा उकास्न स्थानीय तहहरूले अझ धेरै प्रयास गर्नुपर्नेछ भन्ने अर्थ लाग्छ ।

यस्तैगरी स्थानीय निकायले किन आफ्ना तहको विद्यालयहरूको औसत अवस्था सामान्यबाट माथि उठ्न सकेन भन्ने विषयमा खोज र विमर्श गर्नुपर्ने हुन्छ।

## ३.१३ वागमती प्रदेशका छनोट भएका जिल्लाभित्र रहेका स्थानीय तहका विद्यालयको स्तर र उपलब्धिको क्रम

शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट आ.व. २०७५/७६ मा कार्यसम्पादन परीक्षण गरिएका वागमती प्रदेशका ललितपुर र रामेछाप दुई जिल्लाका स्थानीय तहका विद्यालयहरुको औसत नतिजा, उपलब्धि क्रम र स्तरको तालिकामा प्रस्तुत गरिएको छ।

***तालिका ३.१३ : वागमती प्रदेशका दुई जिल्लाका स्थानीय तहका विद्यालयको कार्यसम्पादन नतिजा***

| जिल्ला | स्थानीय तहको नाम | औसत प्राप्ताङ्क | परीक्षण भएका विद्यालयको सङ्ख्या | उपलब्धिको क्रम | स्थानीय तहको स्तर |
|---|---|---|---|---|---|
| ललितपुर | ललितपुर महानगरपालिका | ७२.२ | २५ | १ | मध्यम |
| | महालक्ष्मी नगरपालिका | ६९.१ | १० | २ | सामान्य |
| | गोदावरी नगरपालिका | ६८.८ | १६ | ३ | सामान्य |
| | महाङ्काल गाउँपालिका | ६४.० | ६ | ४ | सामान्य |
| | कोन्ज्यो सोम गाउँपालिका | ६२.८ | ६ | ५ | सामान्य |
| | वागमती गाउँपालिका | ६२.८ | ९ | ६ | सामान्य |
| रामेछाप | रामेछाप नगरपालिका | ६६.४ | १२ | १ | सामान्य |
| | सुनापती गाउँपालिका | ६५.२ | १२ | २ | सामान्य |
| | मन्थली नगरपालिका | ६१.८ | १९ | ३ | सामान्य |
| | लिखु तामाकोशी गाउँपालिका | ५८.६ | १२ | ४ | सामान्य |
| | दोरम्बा गाउँपालिका | ५८.३ | ९ | ५ | सामान्य |
| | खाँडादेवी गाउँपालिका | ५८.० | १२ | ६ | सामान्य |
| | गोकुलगङ्गा गाउँपालिका | ५५.४ | ७ | ७ | सामान्य |
| | उमाकुण्ड गाउँपालिका | ५२.३ | ७ | ८ | सामान्य |

तालिका नं. ३.१३. अनुसार ललितपुर जिल्लाका स्थानीय तहमा ७२.२% देखि ६२.८% सम्म औसत उपलब्धिको स्तर देखिन्छ। यस जिल्लामा ललितपुर महानगरपालिकाको सबैभन्दा राम्रो नतिजा छ र यो मध्यम स्तरको नतिजा छ। रामेछाप जिल्लामा भने कुनै पनि पालिकाको नतिजा मध्यम देखिएको छैन। त्यस जिल्लाका सबै पालिकाका विद्यालयहरूको नतिजा सामान्य छ। औसत प्राप्ताङ्क ५२.३ देखि ६६.४ सम्म देखिन्छ। करिब १४ प्रतिशतको औसत अङ्कमा भिन्नता देखिएको छ। प्रदेशगत रूपमा हेर्दा वागमती प्रदेशमा औसत प्राप्ताङ्क प्रतिशतमा २० अङ्कको भिन्नता देखिन्छ।

## ३.१४ प्रदेश २ का छनोट भएका जिल्लाभित्र रहेका स्थानीय तहको स्तर र उपलब्धिको क्रम

शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट आ.व. २०७५/७६ मा कार्यसम्पादन परीक्षण गरिएका प्रदेश २ अन्तर्गत दुई जिल्लाका स्थानीय तहभित्रका सामुदायिक माध्यमिक विद्यालयहरूको औसत नतिजालाई स्थानीय तहगत रूपमा तालिका ३.१४ मा प्रस्तुत गरिएको छ।

***तालिका ३.१४ : प्रदेश २ का दुई जिल्लाअन्तर्गत स्थानीय तहका विद्यालयको कार्यसम्पादन स्तर***

| जिल्ला | स्थानीय तहको नाम | औसत प्राप्ताङ्क | परीक्षण भएका विद्यालयको सङ्ख्या | उपलब्धिको क्रम | स्थानीय तहको स्तर |
|---|---|---|---|---|---|
| धनुषा | मुखियापट्टी मुसहरमिया गाउँपालिका | ६७.० | १ | १ | सामान्य |
| | क्षिरेश्वरनाथ नगरपालिका | ६३.६ | ५ | २ | सामान्य |
| | मिथिला नगरपालिका | ६२.६ | ७ | ३ | सामान्य |
| | धनुषाधाम नगरपालिका | ६१.८ | ५ | ४ | सामान्य |
| | गणेशमान चारनाथ नगरपालिका | ६१.४ | ५ | ५ | सामान्य |
| | बटेश्वर गाउँपालिका | ६०.३ | ३ | ६ | सामान्य |
| | सबैला नगरपालिका | ५७.२ | ५ | ७ | सामान्य |
| | लक्ष्मीनिया गाउँपालिका | ५७.० | ३ | ८ | सामान्य |
| | जनकपुर उपमहानगरपालिका | ५६.८ | १७ | ९ | सामान्य |
| | नगराइन नगरपालिका | ५५.० | २ | १० | सामान्य |
| | औरही गाउँपालिका | ५०.४ | ५ | ११ | सामान्य |
| | मिथिला बिहारी नगरपालिका | ४८.८ | ५ | १२ | सामान्य |
| | धनौजी गाउँपालिका | ४८.५ | २ | १३ | सामान्य |
| | शहीदनगर नगरपालिका | ४७.७ | ३ | १४ | सामान्य |
| | विदेह नगरपालिका | ४६.० | ४ | १५ | सामान्य |
| | हंसपुर नगरपालिका | ४२.० | ६ | १६ | सामान्य |
| | जनक नन्दिनी गाउँपालिका | ३६.० | २ | १७ | न्यून |
| | कमला नगरपालिका | ३३.८ | ४ | १८ | न्यून |
| पर्सा | पोखरिया नगरपालिका | ६७.० | १ | १ | सामान्य |
| | सखुवा प्रसौनी गाउँपालिका | ६४.० | ४ | २ | सामान्य |
| | छिपहरमाई गाउँपालिका | ६३.० | २ | ३ | सामान्य |
| | पकाहा मैनपुर गाउँपालिका | ६२.० | १ | ४ | सामान्य |

| जिल्ला | स्थानीय तहको नाम | औसत प्राप्ताङ्क | परीक्षण भएका विद्यालयको सङ्ख्या | उपलब्धिको क्रम | स्थानीय तहको स्तर |
|---|---|---|---|---|---|
| पर्सा | ठोरी गाउँपालिका | ६१.८ | ५ | ५ | सामान्य |
| | बहादुरमाई नगरपालिका | ६०.० | ५ | ६ | सामान्य |
| | पटेर्वा सुगौली गाउँपालिका | ५९.७ | ३ | ७ | सामान्य |
| | पर्सागढी नगरपालिका | ५७.७ | ३ | ८ | सामान्य |
| | जिराभवानी गाउँपालिका | ५७.५ | २ | ९ | सामान्य |
| | कालिकामाई गाउँपालिका | ५६.३ | ३ | १० | सामान्य |
| | विरगन्ज महानगरपालिका | ५५.७ | १८ | ११ | सामान्य |
| | धोबीनी गाउँपालिका | ५३.० | २ | १२ | सामान्य |
| | विन्दबासिनी गाउँपालिका | ५१.० | २ | १३ | सामान्य |
| | जगरनाथपुर गाउँपालिका | ५०.० | २ | १४ | सामान्य |

तालिका नं. ३.१४ अनुसार धनुषा जिल्लामा जम्मा १८ ओटा स्थानीय तह छन्। ती १८ ओटामा १६ ओटा स्थानीय तहको औसत नतिजा सामान्य छ। दुई ओटाको नतिजा भने न्यून देखिएको छ। सो जिल्लाका स्थानीय तहमा ६७ देखि ३३.८ सम्म औसत प्राप्ताङ्क प्रतिशत देखिएको छ। करिब ३३ अङ्कले औसत उपलब्धि प्रतिशतमा भिन्नता हुनुलाई सामान्य अवस्था भन्न सकिँदैन। यस प्रकारको ठूलो अन्तर अरू जिल्लामा देखिएको छैन। पर्सा जिल्लाका १४ स्थानीय तहमा ६७ देखि ५० सम्म औसत प्राप्ताङ्क प्रतिशत देखिएको छ। औसत प्राप्ताङ्क १७ अङ्कले भिन्नता छ। धनुषाको तुलनामा यो निकै कम हो।

विद्यालयको कार्यसम्पादन परीक्षणको नतिजाको उपयोग र यसको वास्तविक अर्थ -meaning_ सम्बन्धित विद्यालयको लागि हुन्छ। त्यस विद्यालयका सरोकारवालाको प्रमुख चासोको विषय हो। यी प्रदेशगत, जिल्लागत र स्थानीयतह गत अवस्था उजागर गर्दा ती एकाइहरूबिचको समानता र भिन्नताको अवस्थाको जानकारीले सुधारका थप प्रयासका लागि आधार सिर्जना गर्दछ। धनुषा जिल्लाअन्तर्गतका पालिकामा देखिएको अस्वाभाविक भिन्नता सबैका लागि विचारणीय छ।

### ३.१५ प्रदेश १ का छनोट भएका जिल्लाभित्र रहेका स्थानीय तहविद्यालयको स्तर र उपलब्धिको क्रम

प्रदेश १ का उदयपुर र ओखलढुङ्गाका दुई जिल्लाअन्तर्गत स्थानीयतहहरूको कार्यसम्पादनको औसत, नतिजा प्राप्ताङ्क र उपलब्धिको क्रम तालिकामा प्रस्तुत गरिएको छ।

***तालिका ३.१५ : प्रदेश १ का दुई जिल्लाको स्थानीय तहका विद्यालयको कार्यसम्पादन स्तर***

| जिल्ला | स्थानीय तहको नाम | औसत प्राप्ताङ्क | परीक्षण भएका विद्यालयको सङ्ख्या | उपलब्धिको क्रम |
|---|---|---|---|---|
| उदयपुर | रौतामाई गाउँपालिका | ६२.३ | १४ | १ |
| | बेलका नगरपालिका | ६१.२ | १३ | २ |
| | चौदण्डीगढी नगरपालिका | ५७.४ | १९ | ३ |
| | सुनकोशी (लिम्चुङ्बुङ) गाउँपालिका | ५७.४ | ५ | ४ |
| | ताप्ली गाउँपालिका | ५५.८ | ६ | ५ |
| | त्रियुगा नगरपालिका | ५३.९ | २३ | ६ |
| | कटारी नगरपालिका | ५२.३ | १९ | ७ |
| | उदयपुरगढी गाउँपालिका | ५१.० | १२ | ८ |
| ओखलढुङ्गा | मोलुङ् गाउँपालिका | ६५.२ | १० | १ |
| | खिजीदेम्बा गाउँपालिका | ५८.६ | ७ | २ |
| | सुनकोशी गाउँपालिका | ५८.१ | ९ | ३ |
| | चम्पादेवी गाउँपालिका | ५७.६ | ७ | ४ |
| | चिशंखुगढी गाउँपालिका | ५३.४ | ७ | ५ |
| | मानेभन्ज्याङ गाउँपालिका | ५२.६ | ८ | ६ |
| | सिद्धिचरण नगरपालिका | ५१.८ | १५ | ७ |
| | लिखु गाउँपालिका | ५१.४ | ८ | ८ |

माथिको तालिकामा शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट आ.व. २०७५/७६ मा कार्यसम्पादन परीक्षण गरिएका प्रदेश १ का दुई जिल्लाका सामुदायिक माध्यमिक विद्यालयहरूको कार्यसम्पादन परीक्षणका नतिजाका आधारमा उदयपुरमा ५१ देखि ६२.३ र ओखलढुङ्गामा ५१.४ देखि ६२.२ को औसत प्राप्ताङ्क प्रतिशतको भिन्नता देखिएको छ । एउटै प्रकारको राज्यको लगानी र प्रक्रिया हुँदा यस प्रकारको असमानता देखिनुले पद्धतिको सक्षमतामा प्रश्न उठाउँछ तथापि अन्य प्रदेशका जिल्लाहरूको तुलनामा यस प्रदेशअन्तर्गतका जिल्लामा स्थानीय तहको नतिजामा धेरै ठूलो भिन्नता देखिएको छैन ।

# खण्ड ४ : विद्यालय कार्यसम्पादन परीक्षण नतिजा, उपादेयता, प्रतिविम्बन र सुझावहरू

## ४.१ नतिजा, उपादेयता, प्रतिविम्बन र सुझावहरू

अघिल्लो खण्डमा कार्यसम्पादन परीक्षण गरिएका विद्यायको परिक्षणका सूचनाहरू आधारमा प्राप्त तथ्य तथ्याङ्क र जानकारीका आधारमा विश्लेषण गरियो । यस खण्डमा तिनै विश्लेषित विषयवस्तुका आधारमा प्रमुख नतिजा (Findings), उपादेयता (Implications) र प्रतिविम्बन (Reflection) प्रस्तुत गरिएको छ ।

## ४.२ प्रमुख नतिजाहरू (Findings)

१. **कार्यसम्पादन परीक्षणको औसत प्राप्ताङ्क:** कार्यसम्पादन परीक्षणको औसत प्राप्ताङ्कका आधारमा विश्लेषण गर्दा लगानी र प्रक्रियामा क्रमशः ५६ प्रतिशत र ५६.३ प्रतिशत पाइयो भने उपलब्धिमा ६०.४ प्रतिशत पाइएको छ । उपक्षेत्रगत रूपमा हेर्दा शिक्षकसम्बन्धी उपक्षेत्रमा सबभन्दा बढी औसत प्रतिशत (६९%) अङ्क देखिन्छ, जसअनुसार शिक्षकको योग्यता, शिक्षक विद्यार्थी अनुपात, लैङ्गिक पक्ष आदि पर्दछ । सबैभन्दा कमजोर उपक्षेत्रमा शिक्षकको पेशागत विकास देखिन्छ (३८.६%) । क्षेत्रगत उपक्षेत्रको अवस्था तुलना गर्दा लगानी क्षेत्रअन्तर्गत शिक्षकमा गरिएको लगानी उत्कृष्ट देखिन्छ भने भौतिक व्यवस्थापन र समुदायिक सहभागिताको अवस्था झण्डै उस्तै छ (क्रमशः: ५१.७ र ५०.६) । त्यसैगरी प्रक्रिया क्षेत्रअन्तर्गत नेतृत्व र मूल्याङ्कनको अवस्था राम्रो देखिन्छ (६३.७) । तथ्य-तथ्याङ्कका आधारमा विश्लेषण गरिएको विद्यार्थीको उपलब्धि क्षेत्रमा (विभिन्न कक्षा र विषयको औसत अङ्क) निकै कम (५४.४) हुँदाहुँदै सेवाग्राही र शिक्षकको पेशागत सन्तुष्टि निकै राम्रो देखिएको छ (क्रमशः ६७.४ र ६८.१) ।

२. **विद्यालयहरूको समग्र नतिजा :** परीक्षण गरिएका ९९६ विद्यालयहरूको परीक्षणबाट प्राप्त समग्र नतिजाअनुसार ४० प्रतिशतभन्दा कम नतिजा प्राप्त गर्ने विद्यालय कमजोर विद्यालय हो । सोही अनुसार ४० देखी ७० भन्दाकम सामान्य, ७० देखी ९० भन्दा कम मध्यम र ९०–१०० प्रतिशत प्राप्त गर्ने विद्यालय उत्तम हो । जसअनुसार जम्मा २ ओटा अर्थात् ०.२% विद्यालयमात्र उत्तम श्रेणीमा देखिएका छन् । सबैभन्दा बढी ८२९ (८३.२%) विद्यालय सामान्य, १४१ (१४.२%) विद्यालय मध्यम र २४(२.४%)विद्यालय न्यून श्रेणीमा भएको पाइएको छ ।

३. **लगानी क्षेत्रको आधारमा नतिजा :** विद्यालयमा गरिएको लगानीका आधारमा कार्यसम्पादनको नतिजा सबैभन्दा बढी सामान्य ७५० (७५%)विद्यालय, त्यसपछि मध्यम १६६ विद्यालय (१६%)विद्यालय, न्यून ८० (८%) विद्यालय र उत्तममा जम्मा ३ (०.३%) विद्यालय रहेको पाइयो ।

४. **प्रक्रिया क्षत्रको आधारमा नतिजा:** समग्र प्रक्रियाका आधारमा कार्यसम्पादनको नतिजाअनुसार अधिकांश विद्यालयहरू (६४.५%) सामान्य श्रेणीमा परेका छन् । ९९६ विद्यालयमध्ये जम्मा १३ ओटा विद्यालय (१.३ %) मात्र उत्तम पाइएको छ । मध्यम २०५ ओटा (२०.६%) र न्यून १३६ (१३.७%) रहेका पाइएको छ ।

५. **उपलब्धि क्षेत्रको आधारमा नतिजा :** कार्यसम्पादन परीक्षणका जानकारी विश्लेषण गरिएका ९९६ विद्यालयको उपलब्धि क्षेत्रको नतिजाअनुसार उपलब्धि उत्तम भएका जम्मा ७ (०.७%), मध्यम भएका जम्मा २४० (२४.१%), सामान्य भएका ६९४ (६९.७% ) र न्यून भएका जम्मा ५५ (५.५%) विद्यालयहरू भएको पाइयो ।

६. **विद्यालयहरूले सेवा प्रदान गरेका विद्यार्थी सङ्ख्याको आधारमा नतिजा :** सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्याका आधारमा तोकिएको न्यूनतम सङ्ख्याको २५ % भन्दा कम, २५ देखि ५०% भन्दा कम, ५० देखि ७५ % भन्दा कम, ७५ देखि ९०% भन्दा कम र ९० देखि १००% भन्दा कम विद्यार्थी विद्यालयहरू क्रमशः १०.६, ३०.८, १७.६ र ४१ प्रतिशत देखिएको छ। ५९% विद्यालयहरू शिक्षाको नीति, कार्यक्रम र विद्यालय सञ्चालनका लागि तोकिएको मानकअनुसारका विद्यार्थीहरू नभएको पाइएको छ।

७. **जिल्लागत तुलनाको प्राप्ति:** कार्यसम्पादन परीक्षण गरिएका १३ जिल्लाका ९९६ मध्ये सामुदायिक माध्यमिक विद्यालयहरूको परीक्षण नतिजाअनुसार ८३% विद्यालयहरूको कार्यसम्पादनको अवस्था सामान्य पाइयो। उत्तम विद्यालय जम्मा दुई ओटा पाइयो। कार्यसम्पादनमा न्यून नतिजा भएका विद्यालय सबैभन्दा बढी प्रतिशत (१४.३) धनुषा जिल्लामा देखिएको छ भने कम प्रतिशत (१.४) ओखलढुङ्गामा रहेको पाइयो। रूपन्देहीमा मध्यम खालका विद्यालयहरू २०.३ प्रतिशत पाइयो। कम प्रतिशत (७) रोल्पामा देखिएको छ। १३ जिल्लामध्ये ६ जिल्ला (दार्चुला, मुस्ताङ, रामेछाप, रूपन्देही, ललितपुर र हुम्ला) मा न्यून कार्यसम्पादनको नतिजा भएका विद्यालय देखिएन। ललितपुर जिल्लामा उत्तम र न्यून कार्यसम्पादन भएका विद्यालय देखिएन। मध्यम र सामान्य दुवै ५०%, ५०% प्रतिशत भएको पाइएको छ।

८. **जिल्लाअन्तर्गतका स्थानीय तहको तुलना (सुदूरपश्चिम):** कार्यसम्पादन परीक्षणमा संलग्न सुदूरपश्चिम प्रदेशअन्तर्गतका दुई जिल्लाका स्थानीय तहको कार्यसम्पादन परीक्षणको नतिजाअनुसार अछाम र दार्चुला दुवै जिल्लाका स्थानीय तहको कार्यसम्पादन परीक्षण सामान्य पाइयो (दुवैको नतिजा ४०–७० प्रतिशत)। अछाम जिल्ला अन्तर्गत साँफेबगर नगरपालिकाको सबैभन्दा बढी ( औसत ६४.६%) पाइयो भने ढकारी गाउँपालिकाको सबैभन्दा कम ( ४७.६% ) पाइएको छ। यसरी औसत अङ्कमा १७% ले भिन्नता देखिएको छ। त्यसैगरी दार्चुला जिल्लामा महाकाली नगरपालिकाको सबैभन्दा बढी (६८.९%) र अपिहिमाल गाउँपालिकाको सबैभन्दा कम (औसत ५४%) छ। यस जिल्लामा रहेका स्थानीय तहको पालिकागत भिन्नता १५ प्रतिशत अङ्क छ।

९. **कर्णाली प्रदेशअन्तर्गतका जिल्लाभित्र रहेका स्थानीय तहहरूको तुलनात्मक अवस्था :** कर्णाली प्रदेशको हुम्ला जिल्लको मात्र कार्यसम्पादन परीक्षण गरिएको थियो। त्यस जिल्लाका ७ वटा स्थानीय तहका विद्यालयहरूको औसत प्राप्ताङ्क प्रतिशतअनुसार सिमीकोट गाउँपालिकाको औसत कार्यसम्पादन प्रतिशत सबैभन्दा राम्रो (६७% ) देखिन्छ भने सबैभन्दा कमजोर सर्केगाड गाउँपालिका (५२%) देखिन्छ। सबै स्थानीय तहको विद्यालयहरूको कार्यसम्पादन परीक्षणको नतिजाको औसत सामान्य देखिएको छ।

१०. **प्रदेश ५ का जिल्लाअन्तर्गतका स्थानीय तहको तुलनात्मक अवस्था :** यस प्रदेश रूपन्देही र रोल्पा जिल्लाको कार्यसम्पादन परीक्षण गरिएको थियो। जसअनुसार रूपन्देही जिल्लाका १६ ओटा स्थानीय सरकारमध्ये बुटवल उप महानगरपालिकाको कार्यसम्पादन स्तर सबैभन्दा राम्रो देखिएको छ। रूपन्देही जिल्लामा सबैभन्दा कमजोर स्थानीय तहमा सिद्धार्थनगर नगरपालिका देखिन्छ (औसत ५४.९%)। त्यसैगरी रोल्पाका १० स्थानीय तहमा सुवर्णावतीमा स्थानीय तहको सबैभन्दा राम्रो (औसत उपलब्धि नतिजा ६५%) छ भने गंगादेव गाउँपालिकाको सबैभन्दा कम (४६.८%) देखिन्छ। रूपन्देही जिल्लामा औसत उपलब्धिको भिन्नता १५ अङ्क को छ भने रोल्पामा १८ अङ्कको भिन्नता देखिन्छ।

११. **गण्डकी प्रदेशका जिल्लाभित्रका स्थानीय तहको स्तरको तुलना :** गण्डकी प्रदेशका गोरखा जिल्लाका ११ र मुस्ताङका ४ जिल्लाका सबै माध्यमिक विद्यालयहरूको कार्यसम्पादन परीक्षण गरिएकोमा गोरखाको अजिरकोट

गाउँपालिकाको औसत प्राप्ताङ्क प्रतिशत सबैभन्दा राम्रो (६४.१%) देखियो भने सबैभन्दा कमजोर चुमनुब्री गाउँपालिकाको (४८%) देखियो । त्यसै गरी मुस्ताङका थप स्थानीय तहमा बाह्रागुङ गाउँपालिका सबैभन्दा बढी (६६%) र सबैभन्दा कम घरपझोङ गाउँपालिकाको (६३%) पाइएको छ । पालिकागत भिन्नता क्रमशः १६ र ४ अङ्कको छ । मुस्ताङका पालिकाको भिन्नता स्वाभाविक प्रकृतिको देखिन्छ ।

१२. **वागमती प्रदेश :** वागमती प्रदेशका ललितपुर र रामेछाप दुई जिल्लाका स्थानीय तहको परीक्षण गरिएकोमा ललितपुर जिल्लाका स्थानीय तहमा ७२.२% देखी ६२.८% सम्म औसत उपलब्धिको स्तर देखिन्छ । यस जिल्लामा ललितपुर महानगरपालिकाको सबैभन्दा राम्रो नतिजा छ र मध्यम स्तरको नतिजा छ । रामेछाप जिल्लामा भने कुनै पालिकाको पनि मध्यम नतिजा देखिएको छैन । त्यस जिल्लाका सबै विद्यालयको नतिजा सामान्य छ । औसत प्राप्ताङ्क ५२.३ देखी ६६.४ सम्म देखिन्छ । करिब १४ प्रतिशतको औसत अङ्कमा भिन्नता देखिएको छ । प्रदेशगत रूपमा हेर्दा वागमती प्रदेशमा औसत प्राप्ताङ्क प्रतिशतमा २० अङ्कको भिन्नता देखिन्छ ।

१३. **प्रदेश २ जिल्लाभित्रका स्थानीय तहको अवस्था :** यस प्रदेशअन्तर्गत कार्यसम्पादन परीक्षण गरिएका दुई जिल्लाका स्थानीय तहभित्रका सामुदायिक माध्यमिक विद्यालयहरूको औसत नतिजाअनुसार धनुषा जिल्लामा जम्मा १८ ओटा स्थानीय तह छन् । ती १८ ओटामा १६ ओटा स्थानीय तहको औसत नतिजा सामान्य छ । दुई ओटाको नतिजा भने न्यून देखिएको छ । सो जिल्लाका स्थानीय तहमा ६७ देखि ३३.८ प्रतिशतसम्म औसत प्राप्ताङ्क प्रतिशत छ । करिब ३३ अङ्कले औसत उपलब्धि प्रतिशतमा भिन्नता हुनुलाई सामान्य अवस्था भन्न सकिँदैन । यस प्रकारको ठूलो अन्तर अरू जिल्लामा देखिएको छैन । पर्सा जिल्लाका १४ स्थानीय तहमा ६७ देखि ५० सम्म औसत प्राप्ताङ्क प्रतिशत देखिएको छ । औसत प्राप्ताङ्क १७ अङ्कले भिन्नता छ । धनुषाको तुलनामा यो निकै कम हो ।

१४. **प्रदेश १ का जिल्लाभित्रका स्थानीय तहको स्तरको तुलना :** यस प्रदेशमा उदयपुर र ओखलढुङ्गाका दुई जिल्लाको अन्तर्गत स्थानीय तहहरूको कार्यसम्पादन परीक्षण गरिएको थियो । जसअनुसार उदयपुरमा ५१ देखि ६२.३ र ओखलढुङ्गामा ५१.४ देखि ६२.२ को औसत प्राप्ताङ्क प्रतिशतको भिन्नता देखिएको छ ।

## ४.३ विद्यालय कार्यसम्पादन परीक्षणको उपादेयता (Implications)

शैक्षिक गुणास्तर परीक्षण केन्द्रबाट कार्यसम्पादन परीक्षण गरिएका विद्यालयहरूको कार्यसम्पादनको नतिजाका आधारमा यहाँ उपादेयताहरू पहिचान गरिएको छ । ती उपदेयाताहरूलाई सम्बन्धित पक्षले अन्तरभूत गरी कार्यान्वयनमा लग्नुपर्ने हुन्छ । कसको के जिम्मेवारी हुन्छ भनी आफैले पहिचान गर्दा कार्यन्वयन पक्ष अर्थपूर्ण हुन्छ । आफैले आन्तरीकरण गरी आ-आफ्नो विषयक्षेत्रमा स्वप्रयास हुने मनसायले यी उपादेयताहरू प्रस्तुत गरिएको छ ।

१. **कार्यसम्पादनको औसत प्राप्ताङ्कका आधारमा:** कार्यसम्पादन परीक्षणको समग्र औसत नतिजाले मुलुकको समग्र सामुदाइक माध्यमिक विद्यालयहरूको कार्यसम्पादनको अवस्थाको अवगत गर्न सकिन्छ । लगानीको क्षेत्र र प्रक्रियाका क्षेत्रमा कार्यसम्पादन स्तर लगभग उस्तै भए पनि उपलब्धि क्षेत्रमा तुलनात्मक रूपमा राम्रो हुनु शैक्षिक सुधारका लागि सकरात्मक पक्ष हो । तर लगानी र प्रक्रियामा करिब ५६% र उपलब्धिमा ७०% हुनुलाई कार्यसम्पादनको अवस्था राम्रो भन्न सकिँदैन । यसले हाम्रा विद्यालयहरूले औसतमा ७०% पनि कार्यसम्पादन गरेका रहेनछन् । त्यसैगरी लगानी, प्रक्रिया र उपलब्धिभित्रका विषयवस्तुमा सूक्ष्म रूपमा विश्लेषण गर्दा सुधारका लागि महत्त्वपूर्ण विषयवस्तुहरू उजागर भएका छन् । शिक्षकको कक्षा शिक्षण, पेशागत विकास जस्ता प्रक्रियागत पक्षमा अत्यन्तै कमजोर देखिएको छ । त्यसैगरी विद्यालयहरूको आन्तरिक सक्षमता (नियमितता, विद्यालय छाड्ने र दोहोर्‍याउने दर आदि) मा पनि अवस्था कमजोर छ । यी विषय क्षेत्रमा सम्बन्धित नियकाय र पदाधिकारीहरूले आ-आफ्नो पक्षबाट समस्यालाई

अन्तर्भूत गरी परिवेश सापेक्ष सुधारका उपाय अबलम्बन गर्नु यसको उपादेयता रहेको देखिन्छ ।

२. **विद्यालयहरूको समग्र नतिजा आधारमा उपादेयता:** परीक्षण गरीएका ९९६ विद्यालयहरूको परीक्षणबाट प्राप्त समग्र नतिजाअनुसार ४० प्रतिशतभन्दा कम नतिजा प्राप्त गर्ने विद्यालय कमजोर विद्यालय मानिन्छ । सोहीअनुसार ४० देखि ७०भन्दाकम सामान्य, ७० देखि ९०भन्दा कम मध्यम र ९०–१०० प्रतिशत प्राप्त गर्ने विद्यालय उत्तम मानिन्छ । जसअनुसार जम्मा २ ओटा अर्थात् ०.२% मात्र उत्तम श्रेणीमा देखिएका छन् । सबैभन्दा बढी ८२९ (८३.२%) सामान्य, १४१ (१४.२%) मध्यम र २४(२.४%) न्यून श्रेणीमा परेका छन् । यसले नेपालका अधिकांश सामुदायिक माध्यमिक विद्यालयहरू सामान्य गतिले चलेका छन् भन्ने जानकारी दिन्छ । एउटै नीति, विद्यालयमा सरकारको लगानीको आधार तथा मानक एकै, एकै प्रकारका शिक्षक, एउटै मापदण्डका आधारमा सञ्चालित विद्यालयहरूबीचमा यस प्रकारको भिन्नता देखिनुलाई स्वभाविक मान्न सकिँदैन । यसको नीतिगत तहमा महत्त्वपूर्ण उपादेयता देखिन्छ । यसले उल्लिखित विषयतर्फ तीनै तहका सरकारले थप ध्यान दिन, सोच्न र नीतिगत आधार परिर्वतन गर्न आवश्यक भएको सङ्केत गरेको छ ।

३. **लगानी क्षेत्रको नतिजा :** विद्यालयमा गरिएको लगानीका आधारमा कार्यसम्पादनको नतिजा सबैभन्दा बढी सामान्य ७५० (७५%), त्यसपछि मध्यम १६६ विद्यालय (१६%), न्यून ८० (८%) र उत्तममा जम्मा ३ (०.३%) विद्यालय रहेको पाइयो । यस दुई कुराको सिकाइ हुन्छ । पहिलो लगानी राम्रो र पर्याप्त भए उपलब्धि राम्रो हुने हो भन्ने सामान्य सिद्धान्त र बुझाइलाई यसले सावित गर्छ । दोस्रो कुरा राम्रो लगानी हुँदाहुँदै पनि केही विद्यालयले उपलब्धि (कार्यसम्पादन परीक्षणको नतिजा) राम्रो दिन सकेनन् भन्ने बुझिन्छ । यसले पद्धतिको आन्तरिक सक्षमतामा प्रश्न उठाउँछ । त्यसैले हाम्रा सामुदायिक विद्यालयहरूमा लगानीमा विशेष ख्याल गर्दै तिनको आन्तरिक सक्षमता बढाउन प्रयास नपुगेको कुरालाई ध्यान दिनुपर्ने नीतिगत उपादेयता देखिएको छ ।

४. **प्रक्रिया क्षेत्रको नतिजा:** समग्र प्रक्रियाका आधारमा कार्यसम्पादनको नतिजाअनुसार अधिकांश विद्यालयहरू (६४.५%) सामान्य श्रेणीमा परेका छन् । ९९६ विद्यालयमध्ये जम्मा १३ ओटा विद्यालय (१.३%) मात्र उत्तम पाइएको छ । मध्यम २०५ ओटा (२०.६%), सामान्य ६४२ (६४.५%) र न्यून १३६ (१३.७%) रहेका पाइएको छ । कार्यसम्पादन परीक्षणका साधनमा प्रक्रिया सम्बद्ध सूचकमा शिक्षण योजना निर्माण, शैक्षिक सामग्रीको प्रयोग, शिक्षण सिकाइ प्रक्रियामा अन्तरक्रिया, विषयवस्तुअनुसारको शिक्षण–सिकाइ प्रक्रिया, व्यक्तिगत भिन्नताका आधारमा शिक्षणमा गृहकार्य दिने, गृहकार्य जाँच्ने र पृष्ठपोषण दिने जस्ता पक्ष थिए । त्यसैगरी विद्यार्थी मूल्याङ्कनका चरणगत पक्ष, शिक्षकको पेसागत विकासका विभिन्न पक्ष, विद्यालयमा प्रधानाध्यापकको भूमिका, सह तथा अतिरिक्त क्रियाकलाप सम्बद्ध सूचक थिए । ती सूचकहरू शिक्षा ऐन, नियम तथा पाठ्यक्रम र नीतिगत व्यवस्थामा आधारित थिए । नतिजा र ती नतिजा प्राप्त गर्न प्रयोग गरिएका प्रक्रियामा आधारित सूचकका बीचको अन्तरसम्बन्ध कमजोर देखियो । सरकारको नीतिगत व्यवस्था कार्यान्वयनमा समस्या देखियो । परीक्षण साधनका सूचकलाई नीति र कार्यान्वयन पक्ष दुवैको सापेक्षतामा विश्लेषण गरी त्यसका आधारमा प्रक्रियागत पक्ष सबल बनाउन पर्ने कुरा परीक्षणको नतिजाले सङ्केत गरेको छ ।

५. **उपलब्धि क्षेत्रको नतिजा :** कार्यसम्पादन परीक्षण गरिएका ९९६ विद्यालयको उपलब्धिको नतिजाअनुसार उपलब्धि उत्तम भएका जम्मा ७ (०.७%), मध्यम भएका जम्मा २४० (२४.१%), सामान्य भएका ६९४ (६९.७%) र न्यून भएका जम्मा ५५ (५.५%) विद्यालयहरू भएको पाइएबाट शैक्षिक पद्धतिको मूल उद्देश्य राम्रो उपलब्धि प्राप्त हुन नसकेको सङ्केत गर्दछ । अर्को पक्षबाट हेर्दा उपलब्धि सम्बद्ध सूचकहरूमा विद्यार्थीको विद्यालयमा नियमितता, विद्यालय

छाड्ने र कक्षा दोहोर्‍याउने दर विद्यार्थीको औसत सिकाइ उपलब्धि जस्ता छन् । लगानी र प्रक्रिया कार्यसम्पादन परीक्षण नतिजा अधिकांश विद्यालयको सामान्य नै थियो । लगानी सामान्य गर्ने, प्रक्रिया पनि उस्तै भएपछि उपलब्धि सामान्य देखिनु अस्वाभाविक होइन । लगानी सामान्य भएका विद्यालय करिब ७५% छन् । त्यस्तै प्रक्रिया सामान्य भएका विद्यालय ६४.५% छन् भने उपलब्धि सामान्य भएका विद्यालय करिब ७०% छन् ।

६. करिब ७०% विद्यालयहरूले मात्र सामान्य उपलब्धि प्राप्त गर्नु र एक प्रतिशतभन्दा कम मात्र उत्तम श्रेणीमा देखिनुले शैक्षिक लक्ष्य प्राप्त गर्न नसकेको प्रमाणित गर्छ । यो विषय नीतिगत तह, कार्यान्वयन पक्ष र सबै सरोकारवालाका लागि चिन्ताको विषय हुनुपर्ने देखिन्छ । सामान्य लगानी, प्रक्रिया र उपलब्धिको पद्धतिगत सिद्धान्त हेर्दा लगानी राम्रो छ र प्रक्रिया सक्षम छ । यस अवस्थामा उपलब्धि भने राम्रो प्राप्त हुन्छ । त्यसैले शिक्षाको उत्तम लक्ष उपलब्धि राम्रो हुनुपर्ने हो । अपेक्षित रूपमा हुन नसक्नुमा लगानी र प्रक्रियाको पक्षमा जोड दिनुपर्छ भन्ने आधार कार्यसम्पादन परीक्षणको नतिजाले देखाउँछ ।

७. **विद्यालयहरूले सेवा प्रदान गरेका विद्यार्थी सङ्ख्याको आधारमा नतिजा :** सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्याका आधारमा तोकिएको न्यूनतम सङ्ख्याको २५% भन्दा कम, २५ देखि ५०% भन्दा कम, ५० देखि ७५% भन्दा कम, ७५ देखि ९०% भन्दा कम र ९० देखि १००% भन्दा कम विद्यार्थी भएका विद्यालयहरू क्रमशः १०.६, ३०.८, १७.६ र ४१ प्रतिशत देखिएको छ । ५९% विद्यालयहरूमा शिक्षाको नीति, कार्यक्रम र विद्यालय सञ्चालनका लागि तोकिएको मानकअनुसारका विद्यार्थीहरू नभएको पाइएको छ । यस नतिजाबाट विद्यालयका लागि लगानी, प्रक्रिया र सिकाइ उपलब्धि बढाउनुपर्ने दृष्टिले थप अध्ययन आवश्यक देखिएको छ । यसलाई मात्र आधार बनाएर पनि लगानी तथा प्रक्रियाका विषयमा नीतिगत परिमार्जन गर्नुपर्ने देखिएको छ ।

८. **जिल्लागत तुलनाको प्राप्ति :** कार्यसम्पादनमा न्यून नतिजा भएका विद्यालय सबैभन्दा बढी प्रतिशत (१४.३) धनुषा जिल्लामा देखिएको छ भने कम प्रतिशत (१.४) ओखलढुङ्गामा रहेको पाइयो । मध्यम खालका विद्यालयहरू २०.३ प्रतिशत पाइयो । जसमा सबैभन्दा बढी रूपन्देहीमा र कम प्रतिशत (७) रोल्पामा देखिएको छ । १३ जिल्लामध्ये ६ जिल्ला (दार्चुला, मुस्ताङ, रामेछाप, रूपन्देही, ललितपुर र हुम्ला) मा न्यून कार्यसम्पादनको नतिजा भएका विद्यालय देखिएन । ललितपुर जिल्लामा उत्तम र न्यून कार्यसम्पादन भएका विद्यालय देखिएन । मध्यम र सामान्य दुवै ५०%, ५०% प्रतिशत भएको पाइएको छ । तुलनात्मक रूपमा विद्यालयहरूबीचको कार्यसम्पादनको नतिजामा अरू जिल्लाको तुलनामा ललितपुरको भिन्न देखिन्छ । ललितपुर जिल्ला अरू जिल्लाको लागि सिकाइको विषय हुनु नै यस प्राप्तिको उपादेयता छ भन्ने देखिन्छ ।

९. **सुदूर पश्चिम प्रदेशका जिल्लाअन्तर्गतका स्थानीय तहको तुलना :** कार्यसम्पादन परीक्षणमा संलग्न सुदूरपश्चिम प्रदेशअन्तर्गतका अछाम र दार्चुला दुई जिल्लाका स्थानीय तहको कार्यसम्पादन परीक्षणको नतिजा सामान्य रहेको पाइयो । दुवैको नतिजा ४०–७० प्रतिशतको बीचमा देखिएको छ । अछाम जिल्लाअन्तर्गत साँफेबगर नगरपालिकाको सबैभन्दा बढी (औसत ६४.६%) रहेको पाइयो भने ढकारी गाउँपालिकाको सबैभन्दा कम (४७.६%) रहेको पाइएको छ । यसरी औसत अङ्कमा १७ % ले भिन्नता देखिएको छ । त्यसैगरी दार्चुला जिल्लामा महाकाली नगरपालिकाको सबैभन्दा बढी (६८.९%) र अपिहिमाल गाउँपालिकाको सबैभन्दा कम (औसत ५४%) छ । यस जिल्लामा रहेका स्थानीय तहको पालिकागत भिन्नता १५ प्रतिशत अङ्क छ । यस प्रकारको कार्यसम्पादनको नतिजाबाट स्थानीय तहहरूलाई आफ्ना तह अरू भन्दा फरक किन भयो ? कम वा बढी हुनुको कारण के भयो ? भन्ने जिज्ञासा उत्पन्न गराउन मद्दत गर्छ । यसबाट सुधारका लागि आधार प्राप्त हुन्छ ।

१०. **कर्णाली प्रदेशअन्तर्गतका जिल्लाभित्र रहेका स्थानीय तहहरूको तुलनात्मक अवस्था :** कर्णाली प्रदेशको हुम्ला जिल्लकोमात्र कार्यसम्पादन परीक्षण गरिएको थियो । त्यस जिल्लाका ७ वटा स्थानीय तहका विद्यालयहरूको औसत प्राप्ताङ्क प्रतिशतअनुसार सिमीकोट गाउँपालिकाको औसत कार्यसम्पादन प्रतिशत सबैभन्दा राम्रो (६७% ) देखिन्छ भने सबैभन्दा कमजोर सर्केगाड गाउँपालिका (५२%) देखिन्छ । सबै स्थानीय तहको विद्यालयहरूको कार्यसम्पादन परीक्षणको नतिजाको औसत सामान्य देखिएबाट त्यस जिल्लाका सामुदायिक विद्यालय सामान्य गतिमा चलेका छन् भन्ने बुझिन्छ । सामान्यबाट मध्यम र त्यसपछि उत्तम स्तरमा पुग्न निकै धेरै मिहेनेतको खाँचो देखिन्छ । यस कार्यसम्पादन परीक्षणको उपादेयता यहीँनिर छ । ती स्थानीय तहका सरकारले आ–आफ्ना तहमा किन यस्तो अवस्था आयो भनी विमर्श हुनु आवश्यकछ । यस प्रतिवेदनको अनुसूचीमा प्रस्तुत भएको विद्यालयगत अवस्था र ती विद्यालयका कार्यसम्पादनका क्रममा उपलब्ध गराइएको विस्तृत विवरण सुधारका लागि अध्ययनका अब्बल सामग्री हुन सक्छन् ।

११. **प्रदेश ५ का जिल्लाका स्थानीय तहको तुलनात्मक अवस्था :** यस प्रदेश रूपन्देही र रोल्पा जिल्लाको कार्यसम्पादन परीक्षण गरिएकोमा रूपन्देही जिल्लाका १६ ओटा स्थानीय तहमध्ये बुटवल उप महानगरपालिकाको कार्यसम्पादन स्तर सबैभन्दा राम्रो देखिएको छ । रूपन्देही जिल्लामा सबैभन्दा कमजोर स्थानीय तहमा सिद्धार्थनगर नगरपालिका देखिन्छ (औसत ५४.९%) । त्यसैगरी रोल्पाका १० स्थानीय तहमा सुनछहरीमा स्थानीय तहको सबैभन्दा राम्रो (औसत उपलब्धि नतिजा ६५%) छ भने गंगादेव गाउँपालिकाको सबैभन्दा कम (४६.८%) देखिन्छ । रूपन्देही जिल्लामा औसत उपलब्धिको भिन्नता १५ अङ्कको छ भने रोल्पामा १८ अङ्कको भिन्नता देखिन्छ । यिनै विषय स्थानीय तहका लागि एकअर्काको सिकाइका विषय हुनुपर्छ ।

१२. **गण्डकी प्रदेशका जिल्लाभित्रका स्थानीय तहको स्तरको तुलना :** गण्डकी प्रदेशका गोरखा जिल्लाका ११ र मुस्ताङका ४ जिल्लाका सबै माध्यमिक विद्यालयहरूको कार्यसम्पादन परीक्षण गरिएकोमा गोरखाको अजिरकोट गाउँपालिकाको औसत प्राप्ताङ्क प्रतिशत सबैभन्दा राम्रो (६४.१%) देखियो भने सबैभन्दा कमजोर चुमनुब्री गाउँपालिकाको (४८%) देखियो । त्यसैगरी मुस्ताङ जिल्लाका स्थानीय तहमा बाह्रागुङ गाउँपालिका सबैभन्दा बढी (६६%) र सबैभन्दा कम घरपझोङ गाउँपालिकाको (६३%) रहेको पाइएको छ । पालिकागत भिन्नता क्रमशः १६ र ४ अङ्कको छ । मुस्ताङका पालिकाको भिन्नता स्वभाविक प्रकृतिको देखिन्छ । यस प्रदेशको कार्यसम्पादन परीक्षण नतिजाले गोरखा र मुस्ताङका सबै स्थानीय तहको स्तर सामान्य देखाएको छ । उत्तम, मध्यम र न्यून कुनैमा पनि देखिएन । ती जिल्लाका सामुदायिक माध्यमिक विद्यालय सामान्य गतिमा चलिरहेका छन् भन्ने देखिएको छ । ती विद्यालयलाई मध्यम र उत्तमको श्रेणीमा उकास्न स्थानीय तहहरूले अझ धेरै प्रयास गर्नुपर्ने छ भन्ने अर्थ लाग्छ । यस्तैगरी स्थानीय तहले किन आफ्ना तहको विद्यालयहरूको औसत अवस्था सामान्यबाट माथि उठ्न सकेन भन्ने विषयमा खोज र विमर्श गर्नुपर्ने हुन्छ ।

१३. **प्रदेश २ जिल्लाभित्रका स्थानीय तहको अवस्था :** यस प्रदेशअन्तर्गत कार्यसम्पादन परीक्षण गरिएका दुई जिल्लाका स्थानीय तहभित्रका सामुदायिक माध्यमिक विद्यालयहरूको औसत नतिजाअनुसार धनुषा जिल्लामा जम्मा १८ ओटा ओटामा १६ ओटा स्थानीय तहको औसत नतिजा सामान्य छ । दुई ओटाको नतिजा भने न्यून देखिएको छ । सो जिल्लाका स्थानीय तहमा ६७ देखि ३३.८ प्रतिशतसम्म औसत प्राप्ताङ्क प्रतिशत छ । करिब ३३ अङ्कले औसत उपलब्धि प्रतिशतमा भिन्नता हुनुलाई सामान्य अवस्था भन्न सकिँदैन । यस प्रकारको ठूलो अन्तर अरू जिल्लामा देखिएको छैन ।

१४. पर्सा जिल्लाका १४ स्थानीय तहमा ६७ देखि ५० सम्म औसत प्राप्ताङ्क प्रतिशत देखिएको छ । औसत प्राप्ताङ्क १७

अङ्कले भिन्नता छ। धनुषाको तुलनामा यो निकै कम हो। विद्यालयको कार्यसम्पादन परीक्षणको नतिजाको उपयोग र यसको वास्तविक अर्थ ( Meaning) सम्बन्धित विद्यालयको लागि हुन्छ। त्यस विद्यालयका सरोकारवालाको प्रमुख चासोको विषय हुनुपर्छ। यी प्रदेशगत, जिल्लागत र स्थानीयतहगत अवस्था उजागर गर्दा ती एकाइहरूबीचको समानता र भिन्नताको अवस्थाको जानकारीले सुधारका थप प्रयासका लागि आधार सिर्जना गर्दछ। धनुषा जिल्लाअन्तर्गतका पालिकामा देखिएको अस्वाभाविक भिन्नता सबैका लागि विचारणीय छ। यसैलाई मनन गरी सुधारको आधार बनाइनुपर्छ भन्ने यसको मूल उपादेयता हो।

## ४.४ विश्लेषणबाट प्रतिविम्बन (Reflection)

यस खण्डमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट आ.व. २०७५/७६ मा कार्यसम्पादन परीक्षण गरिएका सातवटै प्रदेशका छनौटमा परेका १३ जिल्लाअन्तर्गतका सबै सामुदायिक माध्यमिक विद्यालयको कार्यसम्पादन परीक्षणको नतिजा प्रस्तुत गरिएको छ। अपवादबाहेक नेपालका सामुदायिक माध्यमिक विद्यालयहरू उत्तम नतिजा दिन सफल देखिएनन्। अधिकांश विद्यालयहरू सामान्य किसिमले चलिरहेका छन्। कार्यसम्पादन परीक्षणका साधन लगानी, प्रक्रिया, उपलब्धि र विद्यार्थी सङ्ख्यामा आधारित थिए। समग्र नतिजा गणना गर्दा क्रमशः विद्यार्थी सङ्ख्यालाई ५%, लगानी २५%, प्रक्रिया ३०% र उपलब्धिलाई ४०% भार प्रदान गरिएको थियो।

सामान्यतया आन्तरिक सक्षमताको सिद्धान्तअनुसार लगानी राम्रो नभएर उपलब्धि राम्रोको अपेक्षा गर्न सकिँदैन। प्रक्रिया राम्रो हुँदा उपलब्धि अझ राम्रो हुन्छ। तथापि गुणस्तरीय शिक्षाका लागि आधारभूत पक्ष भनेको लगानी हो। यदि प्रक्रिया राम्रो भएन भने लगानी राम्रो हुँदैमा पनि उपलब्धि राम्रो हुन सक्दैन। तसर्थ लगानी आधारभूत पक्ष भएकाले लगानी राम्रो भएमा र प्रक्रियामा राम्रो भएमा उपलब्धि राम्रोको अपेक्षा गरिन्छ। यदि लगानी राम्रो भएर उपलब्धि राम्रो देखिएन भने प्रक्रियामा गम्भीर समस्या छ भन्ने अर्थ लाग्छ।

परीक्षण सम्पन्न गरिएका उल्लिखित विद्यालयहरूमा क्रमशः लगानीका दृष्टिले ७५ प्रतिशत, प्रक्रियामा ६४.५ प्रतिशत र उपलब्धिका दृष्टिले ६९.७ प्रतिशत विद्यालयहरू सामान्य अवस्थामा छन्। यस तथ्यलाई मात्र आधार लिँदा हाम्रा विद्यालयमा लगानी नै पुगेको छैन। प्रक्रिया सोहीअनुसारले कमजोर नै देखिन्छ। त्यसैले उपलब्धि राम्रो भएन कि भन्ने शङ्का गर्ने ठाँउ दिएको छ। थप विमर्शको विषय हुन सक्छ।

कार्यसम्पादन परीक्षणको नतिजालाई जिल्लागत रूपमा तुलना गर्दा अधिकांश विद्यालयहरू सामान्य किसिमले चलेका छन् र जिल्लागत अन्तर पनि निकै ठूलो छ। त्यसैगरी स्थानीय तहगत भिन्नता पनि उल्लेख्य छ। जिल्ला र स्थानीय तहहरूका निम्ति यो विषय सुधारका लागि थप विमर्श गर्नुपर्ने देखिन्छ। सरकारको एउटै मापदण्ड नीति र प्रयासका बाबजूत किन यसरी भिन्नता भयो ? खोजी गर्नुपर्छ। खोजका लागि विद्यालयगत परीक्षणका नतिजा खोतल्नुपर्छ। परीक्षणको क्रममा हरेक विद्यालयलाई एक प्रति परीक्षणका सबै जानकारी भएका परीक्षण प्रतिवेदनमा उपलब्ध गराइएको जानकारीमूलक विषय आधार हुन्छ। जिल्ला र स्थानीय तहका लागि स्थानीय तहअन्तर्गत कुन विद्यालयको कस्तो नतिजा देखियो (अनुसूचीमा प्रस्तुत) भन्ने जानकारीले अन्तर्गतका विद्यालयको क्रम स्तर पत्ता लाग्छ।

प्रत्येक विद्यालयको लगानी, प्रक्रिया र उपलब्धिका आधारमा सूक्ष्म रूपमा कहाँ के भयो ? सबै क्षेत्र लगानी, प्रक्रिया र उपलब्धिका आधारमा खोतल्नुपर्ने हुन्छ। लगानीका सूचकमा विद्यालयको भौतिक अवस्था–विद्यालय हाताको क्षेत्रफल, खेलमैदान, कक्षा कोठाको उपलब्धता र गुणस्तर, फर्निचर, बिजुली, कम्प्यूटर उपलब्धता र प्रयोग, चमेना गृह, पानी र

साबुनको व्यवस्था, खेलकुद सामग्री, शौचालय, पुस्तकालयबाहेक किताब कुना, प्रयोगशालाको उपलब्धता र प्रयोग, कक्षाकोठामा प्रयोग हुने पाटी), शिक्षक (शिक्षकको पर्याप्तता, योग्यता, लैङ्गिक पक्ष, नियुक्तिको प्रकार, ICT उपयोग गर्ने क्षमता, उपस्थिति र प्र.अ.को शिक्षकप्रतिको मूल्याङ्कन) र सामुदायिक सहभागिता (जग्गा, भवन, आर्थिक सहयोग र समुदायको सहभागिता) जस्ता पक्षको रौँचिरा विश्लेषण गरिएमा, कहाँनिर के समस्या छ भन्ने कुरा पहिचान हुन्छ। मूल रूपमा हरेक स्थानीय तहले यही विद्यालयहरूको श्रेणी (Rank) लाई आधार बनाई शिक्षामा लगानी तथा प्रक्रियामा सुधार लगायतका प्रयासहरू गर्नुपर्छ। विद्यालयको समग्र क्षेत्रको सुधारको लागि यो प्रतिवेदन आधारभूत सामग्री हुनसक्छ। यसलाई स्थानीय सरकार, प्रदेश सरकार र सङ्घीय सरकाले आधार मानेर भावी योजना तथा कार्यक्रम तयार गर्न मद्दत हुने अपेक्षा गर्न सकिन्छ।

## ४.५ सुझावहरू

आर्थिक वर्ष २०७५ । ७६ शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट कार्यसम्पादन परीक्षण सम्पन्न गरिएका ९९६ विद्यालयहरूको बारेमा माथिको उपादेयता शीर्षकमा सुझावसम्बन्धी विषयवस्तु प्रस्तुत भैसकेका छन्। कुन निकाय वा पदाधिकारीले के कसरी सुधार गर्ने आफैले पहिचान गरी सुधारको प्रक्रिया अवलम्बन गर्न माथि उल्लेख गरिएका उपादेयता उपयोगी हुने मानिएको छ। ती उपादेयताहरूलाई अझ विशिष्टीकृत र सरलीकृत गरी सुझावको रूपमा तल प्रस्तुत गरिएको छ।

१. कार्यसम्पादन परीक्षणको समग्र औसत नतिजा ७०% भन्दा कम भएकाले सामुदायिक माध्यमिक विद्यालयको समग्र गुणस्तर अभिवृद्धिका लागि विशेष ध्यान दिने। सार्जनिक शिक्षा सुधार दशक जस्ता नेपाल सरकारका नीति तथा कार्यक्रमलाई कार्यसम्पादन परीक्षणका नतिजासँग आबद्ध गरी कार्यान्वयन गर्ने।
२. विद्यालयहरूको पूर्वाधार र भौतिक संरचना, जस्ता लगानीका क्षेत्र र शिक्षकको कक्षा शिक्षण, पेशागत विकास जस्ता प्रक्रियागत क्षेत्रमा अत्यन्तै कमजोर देखिएको छ। त्यसैगरी विद्यालयहरूको आन्तरिक सक्षमता (नियमितता, विद्यालय छाड्ने र दोहोर्‍याउने दर आदि) मा पनि अवस्था कमजोर छ। शिक्षा क्षेत्रमा तिनै तहका सरकारको लागनी कम्तीमा २०% पुर्‍याउने स्पष्ट कानूनी व्यवस्था गर्ने र यी विषयक्षेत्रमा सङ्घीय सरकारले सुधारका साङ्केतिक निती विकास गरी प्रदेश र स्थानीय सरकारलाई सहजीकरण गर्ने।
३. विद्यालयहरूमा सामुदायिक सहभागिता कमजोर देखिएको छ। समुदायद्वारा नै स्थापना र विकास गरिएका विद्यालयहरूको यस्तो अवस्था आउनाको स्थान विशेषका कारणहरू पहिचान गरी सम्बोधन गर्ने पद्धतिको विकास गर्ने। यस विषयमा स्थानीय सरकारको विशेष निगरानी हुन जरूरी देखिन्छ।
४. कार्यसम्पादन परीक्षणको एउटा निकै महत्त्वपूर्ण नतिजा शिक्षकहरूको पेशागत विकासको अवस्था सर्वाधिक कमजोर देखिनु हो। यसका लागि तिनै तहका सरकारले विशेष योजना विकास गरी शिक्षक क्षमता विकासका कार्यक्रमलाई घनिभूत रूपमा कार्यान्वयनमा लग्नुपर्ने देखिन्छ।
५. विद्यार्थीको आन्तरिक सक्षमता र सिकाइ उपलब्धि कमजोर हुँदा हुँदै सेवाग्राही र शिक्षकको सन्तुष्टिमा राम्रो देखिएको विषयमा द्विविधा देखिन्छ। आगामी शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट हुने विद्यालयहरूको कार्यसम्पादन परीक्षणमा यस विषयमा विशेष ध्यान दिई वास्तविकताको सम्परीक्षण गर्नुपर्ने देखिन्छ।
६. परीक्षण गरिएका विद्यालयहरूमध्ये अधिकांश सामुदायिक माध्यमिक विद्यालयहरू सामान्य गतिले चलेका छन् भन्ने जानकारी दिन्छ। भन्नाले ०.२% मात्र उत्तम श्रेणीमा देखिएका, सबैभन्दा ८३.२% सामान्य, १४.२% मध्यम र २.४%

न्यून श्रेणीमा परेका छन् । एउटै नीति, विद्यालयमा सरकारको लगानीको आधार तथा मानक एकै, एकै प्रकारका शिक्षक, एउटै मापदण्डका आधारमा सञ्चालित विद्यालयहरूबीचमा यस प्रकारको भिन्नता देखिनु शैक्षिक क्षेत्रको प्रयासको अस्वाभाविक नतिजा हो । यस विषयमा थप अध्ययन र विश्लेषण गरी उपयुक्त उपाय अवलम्बन गर्नुपर्ने देखिन्छ ।

७. विद्यालयहरूमा गरिने लगानीका सम्बन्धमा गरिएको विश्लेषणले केही विद्यालयहरूले लगानी राम्रो हुँदा पनि नतिजा राम्रो दिन नसकेको विषयलाई स्थानीय तहले विशेष चनाखो भै अवस्थालाई सम्बोधन गर्नुपर्ने देखिन्छ ।

८. निर्धारित नीति, कार्यक्रम तथा मापदण्डका आधारमा विकास गरिएका प्रक्रिया क्षेत्रका सूचकमा कार्यसम्पादन स्तर कमजोर देखिनुले शिक्षा ऐन, नियम तथा पाठ्यक्रम र नीतिगत व्यवस्थाको कमजोर कार्यान्यन अवस्थाको सङ्केत गर्दछ । यस विषयलाई तिनै तहका सरकारले विशेष ध्यान दिनुपर्ने देखिन्छ । अवस्थाको विश्लेषण गरी सङ्घीय सरकारले परिमार्जन तथा सुधार गर्नुपर्ने देखिन्छ । कार्यन्वयमा भएका समस्यालाई समाधान गर्न स्थानीय तहले र विद्यालयले विशेष जोड दिनुपर्ने देखिन्छ । प्रदेश सरकारले यसको कार्यान्वयनको पक्षको निगरानी गर्न जरूरी देखिन्छ ।

९. जिल्लागत तुलनाको नतिजाले जिल्ला भित्रका विद्यालयहरूको नतिजामा उल्लखनीय भिन्नता देखिन्छ । तथापि ललितपुर जिल्लाका विद्यालयहरूमा त्यसखालको असामान्य भिन्नता देखिएको छैन । प्रदेश सरकारले ललितपुर जिल्लाबाट सिक्न सकिने विषयवस्तुहरू पहिचान गरी स्थानीय तह र विद्यालयहरूलाई सहजीकरण गर्नुपर्ने देखिन्छ ।

१०. एकै जिल्लाका स्थानीय तहबीचको भिन्नता उल्लेख्य छ । त्यस प्रकारको भिन्नत हुनाको कारण पहिचान गरी असमानताको दूरी कम गर्न एक अर्कोबाट सिक्ने वातावरण विकास गर्न प्रदेश तहबाट सहजीकरण गर्नुपर्ने देखिन्छ ।

११. स्थानीय तहहरूअन्तर्गतका विद्यालयहरूको प्राप्ताङ्कको आधारमा श्रेणीकरण गरी अनुसूचीमा प्रस्तुत गरिएको छ । अनुसूचीमा प्रस्तुत नतिजालाई प्रत्येक स्थानीय तहले प्रबोधीकरण गर्नुपर्ने हुन्छ । नतिजाका आधारमा कमजोरी पहिचान गरी कसको भूमिकामा के कस्तो कमजोरी भएको हो । पहिचान गरी सोअनुसार सम्बोधन गर्न कार्य योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने हुन्छ ।

१२. प्रत्येक विद्यालयले कार्यसम्पादन परीक्षणको नतिजालाई विद्यालयका सरोकारवलाबीचमा छलफल गर्ने र सुधारका उपायहरू पहिचान गर्नुपर्ने हुन्छ । कार्यसम्पादन परीक्षणका बेला विद्यालयलाई उपलब्ध गराइएको एक प्रति परीक्षण प्रतिवेदनलाई आधार मानी सुधारका विषय पहिचान गर्न उपयुक्त देखिन्छ ।

१३. प्रत्येक स्थानीय तहले सबै विद्यालयहरूको कार्यसम्पादन परीक्षण गरी विद्यालयहरूको स्तर निर्धारण गरी सार्वजनिक गर्ने । जसले गर्दा सुधारका लागि सार्वजनिक दवावसमेत सिर्जना हुन्छ ।

१४. प्रदेश सरकारले प्रत्येक स्थानीय तहलाई सबै विद्यालयहरूको कार्यसम्पादन परीक्षण गरी विद्यालयहरूको स्तर निर्धारण गरी सार्वजनिक गर्न सहजीकरण गर्ने ।

१५. कार्यसम्पादन परीक्षण सकिएपछि प्रत्येक विद्यालयमा त्यसका नतिजाको सार्वजनिकीकरण गर्नुपूर्व विद्यालयका सरोकारवला र निगरानी गर्ने निकायको समेत अनिवार्य उपस्थितिमा प्रबोधीकरण कार्यशालाको आयोजना गर्ने ।

१६. शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट गरिने यस प्रकारको विद्यालयहरूको कार्यसम्पादन परीक्षण गर्दा जुन स्थानीय तहको परीक्षण गरिएको हो । सो तहमा काम सम्पन्न भएपछि सम्बन्धित स्थानीय तहको शिक्षा शाखाको समन्वयमा जनप्रतिनिधिहरूसमेत संलग्नतामा त्यस तहका विद्यालयहरूको कार्यसम्पादन परीक्षणका आधारमा श्रेणीसमेत निर्धारण गरी परीक्षणका नतिजालाई सार्जनिक गर्ने बाध्यात्मक व्यवस्था गर्नुपर्ने ।

१७. विद्यालयमा शिक्षक स्टाफ, विद्यालय व्यवस्थापन समिति र अन्य सरोकारवलाबीचमा कार्यस्मपादन परीक्षणका नतिजाका आधारमा सुधारका लागि नियमित छलफल र अन्तरक्रिया गर्ने संस्कारको विकास गर्ने ।

१८. शैक्षिक गुणस्तर परीक्षण केन्द्रले प्रदेश र स्थानीय स्तरमा समेत योग्य परीक्षक समूह तयार गर्ने विशेष नीति विकास गरी कार्यान्वयनमा लग्नुपर्छ ।

१९. निजी विद्यालयहरूको समेत कार्यसम्पादन परीक्षण नियमितरूपमा गर्ने गराउने नीतिगत व्यवस्था हुनुपर्ने ।

२०. कार्यसम्पादन परीक्षणका नतिजा विश्लेषण गर्ने क्रममा परीक्षणकर्ताहरूबीचमा परीक्षणका साधन प्रयोगमा भिन्नता अनुभूति भएको छ । त्यसैगरी परीक्षणका साधनमा भएको विवेकीय गुणात्मक पक्षका सूचाङ्कमा अनपेक्षित प्राप्ताङ्क देखिएबाट परीक्षण कर्ताको संवेदनशीलता र ध्यानकेन्द्रीकरणको समस्या देखिएको छ । यसका लागि गुणस्तर परीक्षण केन्द्रबाट परीक्षण पूर्व सञ्चालन गरिने प्रबोधीकरण कार्शालामा परीक्षणका लागि तयार गरिएको खाका । प्रारूपलाई आधार बनाई कार्यशालामा विशेष जोड दिनुपर्ने देखिन्छ ।

# A Summary of the Wholistic Report on Performance Audit of Community Secondary Schools of Nepal, 2020

## Introduction

The basic objective of performance audit (PA) is to evaluate the quality and accountability of secondary community schools based on the existing laws, policies, and standards and practices. As per the provision made in the Education Act, Education Review Office (ERO) has been carrying out performance audit of the schools in Nepal. ERO has also carried out the national assessment of student achievement (NASA). Besides, it has been carrying out small-scale researches and studies in the field of school education. Primarily, ERO has been involved in publicizing the large-scale national assessment and performance audit results including research findings. The ERO also provides recommendations to the policy level. NASA and PA conducted by the ERO are grounded on the principles of efficiency, effectiveness, transparency, participation, objectivity, and satisfaction.

## Objectives

The objectives of the performance audit of the educational institution are as follows:

- To assess whether the educational institutions have been implementing the mandated programs according to the existing acts and regulations.
- To present the performance standard of educational institutions by evaluating their working procedure to increase the access, equity and quality in education.
- To identify the areas of reform for performance improvement.
- To provide evidence, information and statistics required for the policy feedback to improve the performance of the educational institutions.
- To assess for ensuring the institutional accountability required for excellent service delivery.

## Methodology

The framework of the performance audit of educational institutions has been designed based on the aforementioned theoretical aspects and the objectives of the performance audit. Methodology of the performance audit of educational institutions have been defined by the framework. The major contents (areas and sub-areas) of the performance of schools have been identified and the audit tools have been developed as per the framework.

The audit tool has been developed with dual purposes: a self-assessment tool for school and a PA tool for ERO as an external evaluation. Four major areas: educational input, process, output and student number have been included in the tool. Input includes the indicators such as physical infrastructure of the school and the community and teacher participation. Process includes indicators such as classroom teaching, student evaluation, teacher professional development, leadership and extra and co-curricular activities. Likewise, output includes indicators such as students' attendance in school, rate of repetition and drop out, average learning achievement of the students, customer satisfaction, and teacher's professional satisfaction.

Twenty-seven (27) indicators carrying 81 full marks, 46 indicators carrying 138 full marks and 15 indicators carrying 45 full marks have been listed within the areas input, process, and output respectively, which makes a total of 88 indicators carrying the full marks of 264.. Considering this full mark of 264 as 95 % scores and the student number as one of the indicators carrying 5% scores, the performance audit of the schools has been rated in a total score of 100. The weightage assigned for input, process, and output is 25%, 30%, and 40% respectively.

In this performance audit, 13 districts were selected with the representation of all seven provinces. An orientation work-whop was conducted in each district to the auditors before the audit began. After the audit was completed, the auditors were required to submit a copy of the audit report each to the concerned school, municipalities, and the ERO. This technical report has been prepared based on those performance audit reports received after the audit of 996 community secondary schools.

## Major Findings

### *Average Performance Score:*

The Average performance Score of input, process, and output was found 56%, 56.3% and 60.4% respectively. Of all the sub-areas, teacher-related sub-area scored the highest average score (69.5) that includes teacher's qualification, teacher-student ratio, gender and other aspects whereas the lowest score was achieved by the sub-area, teacher professional development (38.6%). While comparing the sub-areas within each area, within input, the investment made in teachers is creditable whereas the score of investment in physical resource management and community participation is somewhat similar (59.7 and 50.6 respectively). Likewise, within the area, process, the score of leadership and assessment seems satisfactory (51.7 and 50.6 respectively). The sub-area wise result under output is surprising. The student achievement analyzed based on the facts and statistics (average score of different grades and subjects) is less (54.4) compared to the score of stakeholder

and teacher professional satisfaction (67.4 and 68.1 respectively) which seems praiseworthy

### *Overall Result of the Schools:*

According to the record available for analysis, 996 schools found to be appropriate for analysis out of 1000 schools. According to ERO norms and standard, a school scoring less than 40% is a low performing school. A school scoring 40-70 is normal, 70-90 is average, and 90-100 excellent school. According to this categorization, only two (0.2%) schools fall into the category of outstanding. The highest number of schools, 829 (83.2%) fall into the category of normal schools while 141 (14.2%) and 24 (2.4%) schools fall into the category of average and low level respectively.

### *Result in the Input in Schools:*

While viewing the result from the investment perspective in the schools, 750 (75%) schools fall into a normal category, 166 (16%) schools fall into a low category while 80 (8%) schools fall intothe category of excellent schools.

### *Result in the Process in the Schools:*

Based on the overall process, the performance score shows that most of the schools (64.5%) fall into the category of normal schools. Out of 996 schools, only 13 (1.3%) were found excellent while 205 schools (20.6%) were found average and 136 (13.7%) were found to be at a low level.

### *Result based on Output of the Schools:*

According to the score based on output, out of 996 schools analyzed for a performance audit, only 7 (0.7%) schools were found excellent while 240 (24.1), 694 (69.7%), and 55 (5.5%) schools were found average, normal, and low respectively.

### *Number of Students Facilitated by the Schools*

Regarding the number of students facilitated by the schools, the percentage of schools facilitating less than 25%, 25% to less than 50%, 50% to less than 75%, 75% to less than 90%, and 90 % to less than 100% of a minimum number of students defined were 10.6%, 30.8%. 17.6%, and 41% respectively. 59% of schools were found to be lacking the students as per the standard defined by policy required for operating the schools.

### *Comparison of District wise Achievement*

According to the audit result of 996 community secondary schools from 13 districts, 83% of schools were found to be performing normally. Only two schools were found to be excellent.

The highest number of schools (14.3%) with low performance score are located in Dhanusha district while the lowest number (1.4%) of such schools are in Okhaldhunga. 20.3% of schools are

average performers. The highest number (20.3%) of such average performing schools are located in Rupendehi while only 7 % of them are located in Rolpa. The schools with low-performance scores were not found in 6 districts:Darchula, Mustang, Ramechhap, Rupendehi, Lalitpur, and Humla. The schools with both excellent performance scores and low-performance scores were not found in Lalitpur where 50% of the schools performed average and the other 50% performed normally.

***Comparison of Local Government within the District in Far-western Province***

The local governments in Achham and Darchula in the Far-western province selected for performance audit performed normally. Both the local government scored 40-70 %. In Achham, Safebagar Municipality scored the highest (average 68.9%) while Apihimal Rural Municipality scored the lowest (average 54%). The difference in the average performance score among the local government of this district is 15%.

***Comparison of Local government within the Districts in Karnali Province***

In Karnali province, only one district, Humla had been selected for performance audit. Among the 7 local units of this district, the average performance score of Simikot Rural Municipality is the highest (67%) while the score of Sarkegaad Rural Municipality is the lowest (52%). The average performance score percentage of the schools from all 7 local units is found to be normal.

***Comparison of Local government within the Districts in Province 5***

Rupendehi and Rolpa East in province 5 had been selected for performance audit. Among the 16 local units in Rupendehi, the performance standard of Butwal Municipality is the best while the performance standard of Siddharthanagar Municipality is the lowest (average 54.9%). Similarly, among the 10 local units in Rolpa East, the performance standard of Subarnawati Rural Municipality is the highest (average performance score percentage 65%) while the performance standard of Gangadev Rural Municipality is the lowest (average 46.8%). The difference in the average performance score among the government of this district is 15%.

***Comparison of Local government within the Districts in Gandaki Province***

Altogether 11 local governments in Gorkha and four in Mustang had been selected from Gandaki province for performance audit. The average performance score of Ajirkot Rural Municipality is the best (64.1%) while the average performance score of Chumanubri Rural Municipality is the lowest (48%) in Gorkha. Likewise, the average performance score of Barhagung Rural Municipality is the best (66%) while the average performance score of Gharpajhong Rural Municipality is the lowest (48%) in Mustang . The difference in the average performance score among the local units

of Mustang district is normal.

### *Comparison of Local government within the Districts in Bagmati Province*

The local governments from Lalitpur and Ramechhap district from Bagmati province had been selected for performance audit. The standard of average achievement in Lalitpur varies from 72.2% to 62.8%. Lalitpur Urban Metropolitan is performing the best with an average score in Lalitpur district. None of the local units from Ramechhap district was able to make an average achievement. All the selected schools from Ramechhap have been found to perform normally with average performance score ranging from 52.3 to 66.4. The difference in the average performance score among the local units of this district is 14%. Province wise analysis shows a difference of 20 % in the average performance score of Bagmati province.

### *Comparison of Local Government within the Districts in Province 2*

The local Governments from Dhanusha and Parsa from Province 2 had been selected for performance audit. Out of 18 local units in Dhanusha, the average score of 16 local units is normal while the average score of two other local units is low. The average achievement percentage among the local units in Dhanusha district ranges from 67 to 33.8. This difference of about 33% in the average achievement cannot be considered normal and such a difference in average achievement has not been noticed in other districts. This is exceptional. The average achievement percentage among 14 local units in Parsa district ranges from 67 to 50. The difference in the average performance score among the local units of this district is 17% that is visibly less as compared to that of Dhanusha district.

### *Comparison of Local Government within the Districts in Province 1*

The local Government from Udayapur and Okhaldhunga district from Province 1 had been selected for performance audit. The percentage of average performance score among the local units from Udayapur and Okhaldhunga ranges from 51 to 62.3 and from 51.4 to 62.2 respectively.

## Recommendations

- An additional effort to improve the quality of secondary schools, in general, is required because the result of the performance audit shows that an overall average score of performance is below 70%. The programs and policies of Nepal Government such as Public Education Reform Decade should be executed by linking them with the result of performance audit.
- Deprived status of infrastructure and physical structures of the schools, classroom teaching, teacher professional development, internal efficiency of schools (attendance, dropouts and repetition rate, etc.) has been revealed. Therefore, a clear legal provision should be ensured

that requires an allocation of at least 20% of the budget in the education sector at all three levels in federalism. The federal government should be responsible for formulating the reform policies and facilitating the sub-national governments.

- Community participation is unsatisfactory at the schools. Area-specific reasons behind the present status of the community established and community-managed schools should be identified and a mechanism should be formed to address this issue. Strong monitoring from local government is essential.
- One of the striking findings of this audit is the deplorable status of teacher professional development. To address this status, all three tiers of government should formulate specific plans for teacher professional development and execute the program extensively.
- Despite the internal competency and learning achievement of students being low, the overall stakeholder and teacher satisfaction seem to be satisfactory. Education Review Office should consider this matter while auditing the performance of schools in the future and review the authenticity of the finding.
- Most of the community schools (83.25%) selected for this performance audit are performing normal, 0.25% are excellent, 14.25% are performing average and 2.45% are performing low. Such a variance in the performance of the schools operated within a common policy, common conditions and criteria for investment, similar teachers, and common standards is an unanticipated finding. This issue deserves further study and analysis for the implementation of appropriate measure ahead.
- Some schools have not been able to achieve satisfactory result despite the adequate investment made in such schools . Local governments should be more focused on this issue to tackle this existing situation.
- The low level of performance observed in the process indicators developed based on well-defined policies, programs, and criteria indicate the weak implementation of education acts, regulations, curriculum and policy provisions. This aspect can be addressed through the collaboration of three levels of government. For this, the federal government needs to analyze the situation and then make the necessary revision and improvements. The local level and the school need to focus on the issues at the implementation level whereas the provincial government is required to monitor the implementation part.
- The findings of district wise comparison of the schools revealed a noticeable difference among the achievement of the schools within the same district. However, such difference has not been observed among the schools in Lalitpur district. The province government is required to recognize the practices that can be learnt from this district to facilitate the local levels and the

schools.

- A disparity has been found in the achievement of the schools even within the same local government level. Reasons behind such a variance need to be identified to reduce this disparity and the provincial government is required to create a learning environment so that the schools can learn from each other through sharing best practices
- The categorization of schools based on the score they achieved within the same local government level has been presented in the annex that follows. Each local government needs to disseminate the result presented in the annex. An improvement plan needs to be formulated after recognizing the areas of improvement and the role of each stakeholder.
- Each school needs to disseminate the result of the performance audit among the concerned stakeholders and identify the areas of improvement. A copy of this audit report that was provided to the schools can be referred to identify such areas of improvement.
- Province government needs to facilitate each local unit within the province to audit the performance of the schools, define the standard of the schools within its boundary and disseminate the audit result.
- Once the audit is done and before publicizing the audit report a dissemination workshop needs to be organized in each school in the presence of the concerned monitoring agency.
- The performance audit carried out by Education Review Office should be followed by a mandatory provision of dissemination of the findings of audit result in coordination with the education section of the concerned local government and the presence of local elected representatives. The schools need to be graded based on the result of the audit.
- A culture of discussion and interaction for reform based on the findings of performance audit regularly among the teachers, school management committee, and other stakeholders should be established.
- The Education Review Office should formulate and implement the policy of developing a cadre of competent auditors at the province and local level as well.
- Policy provision of a regular performance audit of institutional schools as well should be ensured.
- While analyzing the result of the performance audit, a variation regarding the use of audit tools by different auditors has been experienced. Unexpected scores in the indicators of qualitative nature reveal the insensitivity and concentration deficit on the part of the auditors. To resolve this issue, the use of a specific audit format prepared for performance audit should be emphasized in the pre-audit orientation workshop organized by the Education Review Office.

## सन्दर्भ सामग्री

African Organisation of English-Speaking Supreme Audit Institutions (AOESAI) (2016). Performance audit handbook (2nd Ed.) South Africa: Sauth Africa AFROSAI-E . Internet/ www.afrosai-e.org.za

https://afrosai-e.org.za/wp-content/uploads/ 2019/07/AFROSAI-E-Performance-Audit-Han

Department of education New Jersey (DOENJ) (2018). School Performance Reports. retrieved on May 31, 2019, from https://rc.doe.state.nj.us/SearchForSchool.aspx

INTOSAI (2016). G*guideline for performance auditing process. Retrived on June 19, 2020 from http://www.psc-intosai.org/data/files/5B/C5/A6/F5/3ABF6510C0EA0E65CA5818A8/issai_3200_psc.pdf*

Ministry of Education (MOE) (2009). (2009). School sector reform plan 2009-15. Kathmandu: Author.

काफ्ले, वासुदेव (२०६९). नेपालको सन्दर्भमा शैक्षिक निकायहरूको गुणस्तर परीक्षण : सैद्धान्तिक दृष्टिकोण र व्यवहारिक पक्ष, शिक्षा मन्त्रालय, शैक्षिक गुणस्तर परीक्षण केन्द, सानोठिमी, भक्तपुर, नेपाल।

शैक्षिक गुणस्तर परीक्षण केन्द्र (२०७३), कार्यसम्पादन परीक्षण प्रतिवेदन – २०७२, भक्तपुरः शैक्षिक गुणस्तर परीक्षण केन्द्र।

शैक्षिक गुणस्तर परीक्षण केन्द्र (२०७४), शैक्षिक निकायहरुको कार्यसम्पादन २०७३/७४ः समष्टिगत प्रतिवेदन २०७४, भक्तपुरः शैक्षिक गुणस्तर परीक्षण केन्द्र।

शैक्षिक गुणस्तर परीक्षण केन्द्र (२०७४), विद्यालय कार्यसम्पादन परीक्षण साधन २०७४, भक्तपुरः शैक्षिक गुणस्तर परीक्षण केन्द्र।

शैक्षिक गुणस्तर परीक्षण केन्द्र (२०७२), कार्यसम्पादन परीक्षण प्रतिवेदन २०७२, (निकाय तथा विद्यालय), भक्तपुरः शैक्षिक गुणस्तर परीक्षण केन्द्र।

शैक्षिक गुणस्तर परीक्षण केन्द्र (२०७२), जिल्ला शिक्षा कार्यालय कार्यसम्पादन परीक्षण साधन २०७२, स्रोतकेन्द्र कार्यसम्पादन परीक्षण साधन २०७२ र सामुदायिक विद्यालय कार्यसम्पादन परीक्षण साधन २०७२, भक्तपुरः शैक्षिक गुणस्तर परीक्षणकेन्द्र।

शैक्षिक गुणस्तर परीक्षण केन्द्र (२०७६), सामुदायिक माध्यमिक विद्यालयहरुको कार्यसम्पादन परीक्षण २०७४÷७५ समष्टिगत प्रतिवेदन, २०७६, भक्तपुरः शैक्षिक गुणस्तर परीक्षण केन्द्र।

शैक्षिक गुणस्तर परीक्षणकेन्द्र (२०७३), शैक्षिक निकाय कार्यसम्पादन परीक्षणको ढाँचा २०७३, भक्तपुरः शैक्षिक गुणस्तर परीक्षणकेन्द्र।

# अनुसूचीहरू : प्रदेश, जिल्ला, स्थानीय तह र विद्यालयगत कार्यसम्पादन नतिजा विवरण

## अनुसूची एक : सुदूर पश्चिम प्रदेश

### १ दार्चुला जिल्ला

(अ) महाकाली नगरपालिका

| क्र.सं. | विद्यालयको नाम ठेगाना | प्राप्ताङ्क% |
|---|---|---|
| १ | श्री मालिकार्जुन नमुना मा | ९०.०० |
| २ | श्री महेन्द्र नमुना मा वि | ८९.०० |
| ३ | श्री राष्ट्रिय मा वि दत | ७४.०० |
| ४ | श्री मालिकार्जुन मा वि नि | ७०.०० |
| ५ | श्री हुस्कर मा वि काट | ६५.०० |
| ६ | श्री गडीभवन मा वि थाप | ६४.०० |
| ७ | श्री छन्ना तिंकरी कन्या म | ६४.०० |
| ८ | श्री हुनैनाथ मा वि बाँज | ६३.०० |
| ९ | श्री हिमालय मा वि धौकोट | ५६.०० |
| १० | श्री अल्कापुरी मा वि कोट | ५४.०० |
| | | |

(आ) शैलशिखर नगरपालिका

| क्र.सं. | विद्यालयको नाम ठेगाना | प्राप्ताङ्क% |
|---|---|---|
| १ | श्री मालिकाअर्जुन मा वि अ | ७०.०० |
| २ | श्री कृष्ण मा वि बलाँ | ६७.०० |
| ३ | श्री बद्रीनाथ मा वि बाहेर | ६६.०० |
| ४ | श्री पशुपती भवन मा वि ग्वा | ६५.०० |
| ५ | श्री गलैनाथ मा वि झरकाँडा | ६५.०० |
| ६ | श्री हुनैनाथ मा वि दे | ६४.०० |
| ७ | श्री सत्य प्रकाश मा वि देथ | ६२.०० |
| ८ | श्री गोकुलेश्वर मा वि गा | ६०.०० |
| ९ | श्री मालिकर्जुन मा व | ५९.०० |
| १० | श्री लटिनाथ मा वि बस्कोट | ५७.०० |
| ११ | श्री मालिकार्जुन मा | ५२.०० |

(इ) ब्याँस गाउँपलिका

| क्र.सं. | विद्यालयको नाम ठेगाना | प्राप्ताङ्क% |
|---|---|---|
| १ | श्री दुर्गास्थान मा वि स् | ६६.०० |
| २ | श्री बसन्तपुर मा वि | ६५.०० |
| ३ | श्री हिमालय मा वि हुती | ६३.०० |
| ४ | श्री सम्पाल मा वि सुनसेरा | ६०.०० |
| ५ | श्री सिद्ध मा वि सिना | ५३.०० |

(ई) नौगाड गाउँपालिका

| क्र.सं. | विद्यालयको नाम ठेगाना | प्राप्ताङ्क% |
|---|---|---|
| १ | श्री लटिनाथ मा वि खार | ६१.०० |
| २ | श्री गणेश विनायक मा वि सिप | ६०.०० |
| ३ | श्री केदारेश्वरी मा वि सु | ६०.०० |
| ४ | श्री भूमिराज मा वि इयरको | ६०.०० |
| ५ | श्री जनहित मा वि धुलिगडा | ५८.०० |
| ६ | श्री गौरिशंकर मा वि | ४७.०० |

(उ) दुहुँ गाउँपालिका

| क्र.सं. | विद्यालयको नाम ठेगाना | प्राप्ताङ्क% |
|---|---|---|
| १ | श्री जन बिकास मा वि, ब | ७२.०० |
| २ | श्री पिपलचौरी मा वि विण द | ६५.०० |
| ३ | श्री गणेश मा वि सिमली | ६०.०० |
| ४ | श्री गौरिलमाण्डौं मा वि | ५६.०० |
| ५ | श्री धारीपाटा मा वि धारी | ५०.०० |

(ऊ) अपिहिमाल गाउँपालिका

| क्र.सं. | विद्यालयको नाम ठेगाना | प्राप्ताङ्क% |
|---|---|---|
| १ | श्री खण्डेस्वरी मा व | ७०.०० |
| २ | श्री माहादेव मा वि घुसा | ५१.०० |
| ३ | श्री छिपुल केदार मा वि धँक | ४१.०० |

(ए) लेकम गाउँपालिका

| क्र.सं | विद्यालयको नाम ठेगाना | प्राप्ताङ्क% |
|---|---|---|
| १ | श्री लटिनाथ मा वि,चौप | ८९.०० |
| २ | श्री बडिपुर मा वि सर्मोल | ६७.०० |
| ३ | श्री गल्ला केदार मा वि खखु | ६४.०० |
| ४ | श्री केदारनाथ मा वि पिपलक | ५८.०० |
| ५ | श्री कृष्ण मा वि,लालि | ५७.०० |
| ६ | श्री ऐडीवाग मा वि मैखोल | ५५.०० |
| ७ | श्री मालिकार्जुन मा वि ते | ५४.०० |
| ८ | श्री हुनैनाथ मा वि रा | ५३.०० |
| ९ | श्री हनैनाथ मा वि कुणी | ५०.०० |
| १० | श्री गणेश मा वि गाणगाउँ | ४६.०० |

(ऐ) मालिकार्जुन गाउँपालिका

| क्र.सं | विद्यालयको नाम ठेगाना | प्राप्ताङ्क% |
|---|---|---|
| १ | श्री शंकरपुर मा वि पस्ती | ७६.०० |
| २ | श्री सरस्वती मा वि, उक | ७१.०० |
| ३ | श्री राष्ट्रिय मा वि | ७०.०० |
| ४ | श्री नीलपातालेश्वर मा वि | ६९.०० |
| ५ | श्री मालिकार्जुन मा वि मड | ६९.०० |
| ६ | श्री सरस्वती मा वि, से | ६८.०० |
| ७ | श्री हुनैनाथ मा वि,चन | ६२.०० |
| ८ | श्री गरडा मा वि बाकु | ५९.०० |
| ९ | श्री डिन्सी मा वि डिन्सी | ५७.०० |
| १० | श्री कृष्ण मा वि डाँड | ५६.०० |
| ११ | श्री खान मा वि एरिछना | ४६.०० |

(ओ) मार्मा गाउँपालिका

| क्र.सं | विद्यालयको नाम ठेगाना | प्राप्ताङ्क% |
|---|---|---|
| १ | श्री तपोवन मा वि पडपडा | ६७.०० |
| २ | श्री अपिपथ प्रदर्शक मा वि | ६६.०० |
| ३ | श्री लाटिनाथ मा वि रास्कोट | ६४.०० |
| ४ | श्री शिवालिङ्ग मा वि पत्थ | ६२.०० |
| ५ | श्री दुर्गेश्वरी मा वि घा | ६०.०० |
| ६ | श्री सल्लेघार मा वि मुरै | ५७.०० |

## २ अछाम जिल्ला

(अ) साफेबगर नगरपालिका

| क्र.सं | विद्यालयको नाम ठेगाना | प्राप्ताङ्क% |
|---|---|---|
| १ | श्री कालिका मा.वि | ७२.०० |
| २ | श्री प्रभाधम्कोट मा.वि | ७२.०० |
| ३ | श्री हिमालय मा.वि. | ७१.०० |
| ४ | श्री तुका मा.वि | ७०.०० |
| ५ | श्री बेतालमाण्डौ मा.वि, | ६८.०० |
| ६ | श्री सूर्यचन्द्र मा.वि | ६६.०० |
| ७ | श्री राष्ट्रिय मा. वि. | ६५.०० |

(आ) तुर्माखाँद गाउँपालिका

| क्र.सं | विद्यालयको नाम ठेगाना | प्राप्ताङ्क% |
|---|---|---|
| १ | श्री कालिकेश्वरी मा. वि | ६१.०० |
| २ | श्री नन्देश्वरी मा.वि. | ६०.०० |
| ३ | श्री बसुन्धरा मा.वि | ६०.०० |
| ४ | श्री तोषी मा.वि. | ५५.०० |
| ५ | श्री विश्वज्योति मा.वि. | ५४.०० |
| ६ | श्री सिद्धेश्वरी मा.वि. | ५४.०० |
| ७ | श्री विन्द्रासैनी मा.वि | ५०.०० |

| क्र.सं | विद्यालयको नाम ठेगाना | प्राप्ताङ्क% |
|---|---|---|
| ८ | श्री कृष्ण मा.वि., | ६३.०० |
| ९ | श्री बुढाकोट मा.वि | ६३.०० |
| १० | श्री महेन्द्र मा.वि. | ६३.०० |
| ११ | श्री हंश वाहिनी मा.वि. | ५७.०० |
| १२ | श्री धुधुरकोट मा.वि. | ५७.०० |
| १३ | श्री त्रिपुरा सुन्दर | ५४.०० |

| क्र.सं | विद्यालयको नाम ठेगाना | प्राप्ताङ्क% |
|---|---|---|
| ८ | श्री सूर्य मा.वि. | ४९.०० |
| ९ | श्री भैरव मा.वि. | ४९.०० |
| १० | श्री मेनका मा.वि. | ४९.०० |
| ११ | श्री विन्ध्यवासीनि म | ४८.०० |
